मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राम्वी

पूर्णाङ्क ४७, साउन २०६० संचेतना द्वैमासिक
(August 2003)

मूल्य रु. १०।-

बढ़दो बालश्रम

विशेषांक

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष १२, पूर्णाङ्क ४७, साउन २०६०

संस्थापक
बुद्धील-प्रकाश

सल्लाहकार
बुद्धोधटाज प्याकुटेल
कुन्हन अर्याल

सम्पादक
प्रकाश झवाली

आवरण/ले-आउट
गोविन्द त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा, इन्सेक

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन - ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np

मुद्रक
बुबलोही छापाखाना प्रा. लि.
मैतीदेवी, काठमाण्डौ
फोन : ४४२२०९१

बालबालिका बेचबिखन मानव गरिमा विरुद्धको चुनौति

१०

जोखिमपूर्ण श्रम र बालबालिकाका भोगाइहरू

१४

- प्रकाशको अवसानपछिको नेपाली मानवअधिकार आन्दोलन ७
- बालश्रम विरुद्ध अन्तर्राष्ट्रिय प्रतिबद्धता..... २०
- गरीबी र बालश्रम २२
- शिक्षा त पाइयो, तर तलब हरायो २५
- अन्तर्राष्ट्रिय प्रतिबद्धताले छुन नसकेका २८
- कमैया क्षेत्रमा बालश्रम ३१
- ईंटा भट्टामा बालश्रम ३४
- सशस्त्र संघर्ष र बसले जन्माएको बालश्रम ३७

नियमित स्तम्भहरू

- लेन्सबाट २
- कार्टून र मानवअधिकार २
- आफ्नै इतिहास ४
- क्रिया-प्रतिक्रिया ४
- अध्यक्षको कलम ५
- महासचिवको पाती ६
- समय सन्दर्भ ३९
- अधिकार अनुगमन ४२
- कविता ४४
- कथा ४४
- पुस्तक परिचय ४५
- इन्टरनेटमा मानवअधिकार ४६
- प्राची वार्ता ४७

लेन्सघाट

मुक्त कमैयाहरू जमिन्दारको घरबाट रित्तै निकालिएपछि अलपत्र परेका थिए। उनीहरूसँग गास-वासको कुनै व्यवस्था थिएन। एक मुक्त कमैया परिवारका सदस्यहरू मध्ये कोही रोजगारीको खोजीमा थिए भने कोही दाउरा लिन जंगल गएका थिए। कैलालीको चौमाला स्थित सो परिवारका एक बालक बाबुआमा बाहिर गएको अवस्थामा उनीहरूले ल्याउने खानेकुरा पकाउनका लागि चुल्हो खन्दै।

– विमलचन्द्र शर्मा

कार्टून र मानवअधिकार

बालश्रम शोषणका अनेक रुपहरु प्रचलित छन् ।

... तेल्ले तिमर्को खुब शोषण गऱ्यो .. ल...
दौडी फुच्चे, दौडी ...तेल्लाई पकडेर कार्वाही गर्दिन्छु ... ?

३० जेठ ०६० को हिमालय टाइम्स दैनिकमा छापिएको कार्टून

सम्पादकीय

भोलिको राष्ट्र कस्तो बनाउने भन्ने कुरा प्रत्यक्षरुपमा आजका बालबालिकासँग गाँसिएको हुन्छ। शिक्षा, स्वास्थ्य, मनोरञ्जन, हेरचाह जस्ता आधारभूत आवश्यकताको अभावमा हुर्काइएका बालबालिकाले भोलि कस्तो नेतृत्व देलान् वा दिन सक्लान्? प्रश्न उठ्नु स्वभाविक छ। अझ, श्रमको भारीले थिचिएका करिब २६ लाख बालबालिकाहरु रहेको हाम्रोजस्तो विकासोन्मुख राष्ट्रका लागि यस्तो सवालले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत कसको ध्यानाकर्षण नगराउला र?

आमाबाबुले काखमा राखेर सुम्सुमाउनुपर्ने हातहरु गहौं हथौडाले गिट्टी कुट्दा थिच्चिएर रगतपिच्छे भएका छन्। झोलामा कापी-किताब र खाजा बोकेर स्कूल जानुपर्ने काँधहरु फोहरका थुप्रोमा कागज, प्लाष्टिक र धातुका टुक्रा बटुल्दा ठूलो बोराको डामले गहिरिएका छन्। जाडोयाममा सरसफाई पछि तेल लगाएर पारिलो घाममा बस्नुपर्ने कलिला टाउकाहरु इँटाको 'चाङ्ग' ओसार्दा थेप्चिएर आकार गुमाएका छन्। पौष्टिक पदार्थयुक्त खाना खानुपर्ने पेटहरु भोकभोकै टाक्सिएर सडकमा लम्पसार परिरहेका छन्। जाडो, वर्षा र गर्मीबाट जोगाइनुपर्ने ती कलिला शरीरहरु हिलाम्य, धुलाम्य, रक्ताम्य भएर चिसो पेटी वा फोहरको थुप्रोमा पल्टिएका छन्। त्यतिमात्र कहाँ हो र? बाल श्रमिकहरुको व्यथाको अगाडि यी त 'सुविधाजनक' अवस्था हुन्। माटोका भाँडा बनाएर खेल्दै गर्दाका बालिका यौन दुष्चक्रको शिकार बनाइएका छन्, यौन व्यवसायका लागि विदेशका कालकोठरीमा बेचिएका छन्। भोकभोकै सर्कस र सांगीतिक व्यवसायमा अत्यन्त कठोर परिश्रम गर्न विवश तुल्याइएका छन्। खानी र इँटाभट्ठाको कालो धुवाँमा खोक्दै र आँसु चुहाउँदै, सकिनसकी काम गर्न वाध्य पारिएका छन्। बालश्रमका यी व्यथा यथार्थ हुन्, हाम्रो सामाजिक जीवनका तीता सत्य हुन्, मानवीय संवेदनहीनता र गैरजिम्मेवारीपनको निकृष्टता झल्काउने प्रतीक हुन्।

यी केही पक्षहरु हुन्, जहाँ निकृष्ट प्रकारको बालश्रम विद्यमान छ। हाम्रो समाजमा यस्ता अन्धकार पक्षहरु छन्, जहाँ लाखौं बालबालिकाहरु थुनिएका छन्, हामीले भन्ने गरेको 'उज्यालो' बाट बिल्कुलै विमुख पारिएका छन्। बालश्रम साँच्चिकै दर्दनाक स्थितिमा छ। यो राष्ट्रिय/अन्तर्राष्ट्रिय, सबै स्तरमा स्वीकार्य यथार्थ हो। यसको निर्मूलनका लागि कानुनी प्रावधानहरु छन्। सरकारी तथा गैरसरकारी क्षेत्रबाट विश्वभर विभिन्न स्तरका प्रयासहरु भइरहेका छन्। तर बिडम्बना, बालश्रमको डरलाग्दो क्रम बढ्दो छ। नयाँखाले श्रमक्षेत्रहरु पैदा हुँदैछन्- बालबालिकाहरुको अबोधपनको फाइदा लिनका लागि।

यसपटकको **प्राची** बालश्रम विशेषांकका रुपमा प्रस्तुत गरेका छौं। बालश्रमका विविध पक्षहरु समेटेर विद्वतजनहरुले तयार पार्नुभएका सामाग्रीहरुले स्थितिमा सुधार ल्याउन तथा समस्याको क्रमिक सुधार गर्न पक्कै पनि सम्बन्धित क्षेत्रहरुको ध्यानाकर्षण गर्नेछन् भन्ने इन्सेकले विश्वास लिएको छ। सरकारी, गैरसरकारी तथा वैयक्तिक, सम्पूर्ण प्रयासहरुको पहिलो प्राथमिकता र केन्द्रविन्दू बालबालिका हुनु पर्दछ र कुनै पनि वहाना वा अवस्थामा उनीहरुको अधिकार हनन हुनु हुँदैन भन्ने हाम्रो मान्यता रहिआएको छ। यस्तो मान्यता दोहोऱ्याउँदा बालश्रमको सवाल प्रमुख हुने गर्दछ। तसर्थ, हामीले यसपटकको प्राची यही विषयमा केन्द्रित गरेका हौं।

पुनः साउन १६ आएको छ। यही साउन १६ हो, जसले नेपाली मानवअधिकार आन्दोलनका अथक योद्धा, हाम्रा अग्रज तथा इन्सेकका संस्थापक प्रकाश काफ्लेलाई भौतिकरुपमा टाढा लगेको थियो। तर, यही साउन १६ ले हामीमा मानवअधिकार र सामाजिक न्यायका लागि निरन्तर सक्रिय भइरहन र यी सवालका बारेमा संवेदनशील बन्न प्रेरणा दिने गर्दछ। बालबालिकाको कुरा गर्दा, प्रकाश काफ्लेको दूरगामी मान्यतालाई बिर्सनु हुँदैन- जनताको सचेतन जागरण र संगठित प्रयासबाट मात्र मानवअधिकारको वहाली सम्भव छ। तसर्थ, जबसम्म आधारभूत तहका जनतामा बालअधिकारबारे सचेतना र जागरण आउँदैन, तबसम्म सकारात्मक उपलब्धी हासिल गर्न कठिन हुनजान्छ। बालश्रम वाध्यताको उपज भएको छ- कतिपय क्षेत्रमा। जबसम्म हामीले यस्तो वाध्यता सृजना गर्ने कारकतत्वहरु निर्मूलनमा सफलता प्राप्त गर्न सक्दैनौं, समस्या बढ्दो क्रममै रहनेछ।

अन्त्यमा, अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँले देखाउनुभएको बाटोमा निरन्तर लागिरहने प्रतिबद्धता पुनः दोहोऱ्याउँछौं।

आफ्नै इतिहास



..... राजनीति राष्ट्रिय जीवनकै मेरुदण्ड हो। अनि समकालीन नेपालको मेरुदण्डलै नै मानवअधिकारको सवाललाई गम्भीरतापूर्वक लिएको देखिँदैन। र, त्यसैकारण प्रशासकहरु उही पुरानै दुनियाँमा विचरण गरिरहेका छन्। उनीहरुलाई आज पनि मानवअधिकारको चासो छैन। ..... प्रहरी, प्रशासन वा कुनै निकायबाट भएका ज्यादतीहरुलाई सरकारले समयमै देख्न सक्नुपर्ने हो। र, त्यस्ता गलत काम कारवाहीउपर उपयुक्त कदम चाल्नुपर्ने हो। तर, हाम्रो सरकार स्वयम् कतिपय बेला गलत काम-कारवाहीको ढाकछोप गर्दै अघि सर्न खोज्छ। सत्तासीन मानिसहरुलाई यसतर्फ सोच्ने फुर्सद छैन। तर, अब ढिलो भइसकेको छ। आफ्ना प्रशासकहरुलाई वर्तमान सरकारले अझै पनि समय चिनाउने काम गर्न सकेन भने प्रजातन्त्र कुँजो हुन पुग्नेछ, मानवअधिकार भाषणको विषयमात्र बन्न पुग्नेछ।

प्राची, भदौ - असोज, ०४९ बाट

क्रिया-प्रतिक्रिया

*०६० जेठ महिनाको **प्राची**को अंक सदाझैं पढ्ने अवसर पाएँ। यसमा समेटिएका सबै विषयवस्तुहरु अत्यन्तै रोचक र सान्दर्भिक छन्। जसमा अध्यक्ष सुबोधराज प्याकुरेलज्यूको लेख "मानवअधिकार सम्झौताको आवश्यकता" ज्यादै मार्मिक र समय सापेक्ष थियो। नेपाल अधिराज्यको संविधान २०४७ माथि अनेकन् प्रश्नहरु खडा भइरहेको र सरकार-माओवादीबीच शान्ति वार्ताको प्रक्रिया चलिरहेको समयमा यस्तो स्वर सबै तप्का र तहबाट उठ्नु आवश्यक लाग्दछ।*

***प्राची**का नियमित स्तम्भहरु अत्यन्तै ज्ञानबर्धक र मार्मिक छन्। मुलुकका कुनाकाप्चामा छरिएर रहेका मानवअधिकारकर्मीहरुलाई जनताको आधारभूत मानवअधिकार प्राप्तिका लागि जनतालाई सचेत र संगठित गराउन यसले ठूलो टेवा दिइरहेको छ। अझ, वर्तमान समयमा सरकार र माओवादी दुवै पक्षबाट भइरहेका मानवअधिकार उल्लंघनका घटनाहरु उजागर गरी सम्बन्धित पक्षलाई सचेत गराउनमा यसको थप महत्व र खाँचो रहेको महसुस गरेको छु।*

अन्त्यमा, यसको निरन्तर प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्दै यसमा "आबद्ध संस्था परिचय/गतिविधि" नामक छुट्टै नियमित स्तम्भ राख्न सके अझ राम्रो हुनेथियो भन्ने सुझावसमेत पेश गर्न चाहन्छु।

- रमेशकान्त बडु
अध्यक्ष, हुसेक, बैतडी

प्राचीको यो अंक कस्तो लाग्यो ?

हामीलाई सल्लाह, सुझाव र प्रतिक्रिया लेख्न नबिर्सनुहोस् ।

पत्राचारका लागि हाम्रो ठेगाना

प्राची

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक)
पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
email : insec@insec.org.np

सुबोधराज प्याकुरेल

प्रकाशजी- जनताको पत्रकार

प्रकाशजीले जनताले उठाउने सवाललाई जनताकै शैलीमा सोच्ने र त्यसको उत्तर खोज्ने जमर्को गर्नुभयो।

पत्रकारितालाई जनताको सोझो सवालसँग गाँसेर अगाडि बढाउने कुरामा प्रकाश काफ्लेको योगदान अविस्मरणीय छ। हेटौंडाबाट "साप्ताहिक खबर"को प्रकाशन गर्दा होस् चाहे "दैनिक समाज"का लागि सहयोग गर्दा प्रकाशजीले जनताले उठाउने सवाललाई जनताकै शैलीमा सोच्ने र त्यसको उत्तर खोज्ने जमर्को गर्नुभयो।

विक्रम सम्वत्को ०३०-४० को दशकको पत्रकारिता गर्ने धेरैलाई सम्झना हुनुपर्छ- अन्तरवार्तालाई पत्रकारितामा उतार्ने काममा प्रकाशजीले प्रशस्त योगदान गर्नु भएको छ। जनता दलको शासनकालमा दिल्लीमै पुगेर तत्कालिन विदेशमन्त्री श्री अटल विहारी बाजपेयीलाई भेट्ने र कुरा गर्ने काम उहाँले गर्नुभयो। उहाँले जनताको सोझो प्रश्न गर्नुभयो- 'के भारत आफूलाई नेपालको फुन्दाइ हुँ भन्ठान्छ ?'

कलकत्ता बन्दरगाहमा नेपालका लागि आयात गरिने सामानको जाँच पास र थान्कोमान्को आदिमा गरिने भेदभावका विषयमा पनि सोधखोज गर्ने काममा उहाँ र सुशील प्याकुरेलले निकै मिहेनत गर्नु भएको थियो। त्यो खोजी पत्रकारिताको छानबिन लेखमालाके रुपमा तत्कालीन समाज दैनिकमा क्रमश छापिएर निस्कियो।

गोविन्द वियोगी, गोपालदास श्रेष्ठ, नारायणगोपाल र भूपी शेरचन जस्ता त्यसबेलाका चर्चित व्यक्तिहरुसँग ०२७/०२८ सालतिर प्रकाशजीले अन्तरवार्ता लिनु भएको थियो। कहाँ, कसरी प्रकाशित गर्ने भन्ने टुंगो नहुँदै अन्तरवार्ता लिँदै हिंड्ने र गम्भीर विषयहरुमा खोजबिन गरेर छरपस्ट टिपोट गरिरहने उहाँको शैली देखेर मलाई अचम्म पनि लाग्थ्यो।

आफ्ना संस्थापक प्रकाश काफ्लेको स्मृतिमा स्थापित प्रकाश मानवअधिकार पुरस्कारको ९ औं श्रृङ्खलामा आइपुग्दा, पुरस्कार छनौट समितिले गरेको सिफारिसमा श्री नारायणप्रसाद शर्माज्यूको नाम देखेर मलाई साह्रै खुशी लाग्यो। मोफसलमा रहेर, हाम्रो देशको यस्तो जटिल अवस्थामा निरन्तर रुपमा स्वच्छ पत्रकारिताका लागि जुटिरहन सक्नु चानचुने महत्वको कुरा होइन। शर्माजी साँच्चै योद्धा हुनुहुन्छ। हरेस नखाते संकटलाई स्वाभाविक ठान्ने प्रवृत्ति अन्तस्करणबाटै नपलाएसम्म मानिस पत्रकार बन्न र टिक्न सक्दो रहेनछ।

जनताले ग्रहण गरेको भावनालाई प्राथमिकता दिने काम स्थानीय पत्रिकाहरुले गर्छन्। ठूला पनि राष्ट्रिय समाचार पत्रहरुमा घटना भन्दा पात्रलाई बढी महत्व दिने प्रवृत्ति हुन्छ। त्यसकारण स्थानीय पत्रकारिताको महत्व कहिल्यै पनि घट्दैन।

अहिले मुलुक संकटमा छ। सरकार, राजनीतिक दल र माओवादी सबै पक्षसँग खुलस्त कुरा गर्ने र भन्न सक्ने व्यक्तित्वको संकटले यसलाई संवेदनशील बनाएको छ। यस्तो बेलामा शायद प्रकाशजीले सोझो, खस्रो तर प्रेमभावले भरिपूर्ण सवाल तिनै पक्षसँग सोध्नु हुने थियो होला। हिंसात्मक द्वन्द्व र प्रतिरोधको नजिकका साक्षी, राजधानी बाहिर तर समस्याको राजधानी बनेको "जनयुद्ध र दमन" को प्रत्यक्षदर्शी नारायणजीबाट म सम्पूर्ण मानवअधिकारकर्मीका तर्फबाट शान्तिका लागि जनताको सवाल उठाउने पहरेदार पत्रकारको भूमिकाको अपेक्षा गर्दछु। हार्दिक बधाई ज्ञापन गर्दछु। ●

पत्रकारितामा द्वन्द्व संवेदनशीलताको प्रश्न

कुन्दन अर्याल

प्रकाश काफ्लेका निम्ति पत्रकारिता पेशा वा व्यवसाय थिएन। केही वर्ष उहाँ समग्र राजनीतिक परिवर्तनको उद्देश्यलाई सघाउन पत्रकारितामा रहनु भयो। तर मानवअधिकारको अभियानबाट त्यो उद्देश्यका निम्ति अझ प्रभावकारी रुपमा काम गर्न सकिने देखेपछि उहाँ त्यतै लाग्नु भयो। समाजको परिवर्तनका निम्ति पत्रकारितालाई माध्यम बनाउन चाहने त्यसबेलाका अन्य कैयन् सक्रिय युवाहरु झैं उहाँका लागि पनि पत्रकारिता मिसन थियो। आज प्रकाश स्मृति दिवसका अवसरमा निस्कने प्राचीका लागि केही लेख्न बस्दा शुरुवात यहींबाट गर्न आवश्यक देखें। किनकी नेपाली पत्रकारिताले पुन: मिसनका रुपमा शान्ति स्थापनाको जनचाहनालाई जोडतोडका साथ सघाउनु पर्ने बेला आएको छ।

नेपालका कलमजीवीहरु आज भयग्रस्त छन्। प्रजातान्त्रिक हक अधिकारको भविष्य नै अन्यौलमा परेको बेला यसो हुनु स्वभाविकै हो। यस्तो संकटपूर्ण घडिमा पत्रकारिताले प्रजातान्त्रिक हक अधिकार र प्रजातान्त्रिक संस्कारका पक्षधर सबै संस्थाहरुसँग हातेमालो गर्नु पर्छ। त्यस्तो हातेमालोको साझा मिसन स्थायी शान्तिको स्थापना नै हुनु पर्छ। त्यस्तो हुन सक्यो भने नेपाली पत्रकारिताले फेरि एकपटक आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न सक्नेछ। आजको नेपाली पत्रकारितामाथि समाजमा आफ्नो सकारात्मक प्रभावको उल्लेखनीय उदाहरण प्रस्तुत गर्ने चुनौति आइपरेको छ।

आजभोलि हामी पत्रकारहरु नै भन्न थालेका छौं- हामीले धेरै समय फूटबलको रिर्पोटिङ्ग जस्तै गरी द्वन्द्वका बारेमा समाचार बनायौं। अनेकौं सामग्री तयार गर्‍यौं। हामी आफ्नो विगतको समीक्षा गर्दैछौं। अनि कस्ले बढी गोल लगायो भन्ने जस्तो शैलीमा रिर्पोटिङ्ग गरेर आगोमा घ्यू थप्ने काम भएको स्वीकार गर्दैछौं।

अब हामीले नेपाली आमसञ्चारका माध्यमहरुको सीमितता र यिनीहरुले गर्न सक्ने योगदानका विषयमा प्रष्ट भएर आफ्नो भूमिकाको खोजी गर्नु पर्दछ। हाम्रो देशका आमसञ्चार माध्यमहरुको पहुँचको अवस्था कस्तो छ ? आमसञ्चारका माध्यमहरुको समाजमा स्वीकृतिको अवस्था कस्तो छ ? यस्ता प्रश्नहरुको उत्तर खोज्ने क्रममा हामी प्रेसले के-के गर्न सक्थ्यो, के के गर्‍यो र के-के गरेन भन्ने थाहा पाउन सक्छौं ।

हाम्रो प्रेस कतिपय अवस्थामा शक्ति पूजक मात्र भयो कि ? वा प्रेसले कुनै पनि ठाउँमा मारिएको एउटा मानवलाई आगोमा घ्यू थप्ने शैलीमा विशेष नाम र परिचयका साथ मात्र प्रस्तुत गर्‍यो कि ? हिंसाको शिकारलाई हिंसाको शिकार निरिह मानवको रुपमा होइन, कुनै एउटा पक्षका रुपमा मात्र चित्रण गर्‍यो कि ? मानवीय पक्षहरुको चित्रण पर्याप्त परिमाणमा भएनन् कि ? एउटा गोली वा बमको पैसाले कति बालबालिकालाई कति थरिको खोप उपलब्ध गराउन सकिन्छ भन्ने खालका कुरा बारम्बार आएनन् कि ? यस्ता अनेक अपेक्षासहितका प्रश्नहरु छन्। प्रेसलाई प्रजातन्त्रको अभिन्न अंग ठान्ने मानिसहरु माया गरेर नै यस्ता अपेक्षाहरु प्रस्तुत गरिरहेका छन्।

त्यो बेला त भर्खर आएको प्रजातन्त्रप्रति सबैको ठूलो आशा थियो । आजको अवस्था बेग्लै छ । तर उहाँ आजसम्म जीवित रहनु भएको भए पत्रकारिताको शान्तिकामी भूमिकाका निम्ति पत्रकारहरुलाई अवश्य पनि जोडतोडकासाथ हौस्याउनु हुने थियो होला ।

हिंसात्मक द्वन्द्वको निराकरणका निम्ति केही गर्नै पर्दछ। त्यसका निम्ति पत्रकारिता वा आमसञ्चारका माध्यमहरुबाट पनि केही गर्न आवश्यक छ। यही कुरालाई गंभीरतापूर्वक मनन गर्दै व्यवहारमा रुपान्तरण गर्नु नै द्वन्द्व संवेदनशील पत्रकारिता हो।

हिजो हामीकहाँ पत्रपत्रिकाको वितरण संख्या ज्यादै सीमित थियो। विद्युतीय सञ्चार माध्यमका नाममा रेडियो नेपाल मात्र थियो। पछि चालीसको दशकमा सरकारले नै टेलिभिजनको शुरुवात गर्‍यो। तर त्यो समाजको वैकल्पिक स्वरलाई ठाउँ दिन खडा गरिएको संस्था थिएन।

प्रजातन्त्रको स्थापना पश्चात् नेपालमा आमसञ्चार माध्यमहरुका ठूला-ठूला संस्थाहरु नीजि क्षेत्रको लगानीमा खुलेका छन्। आज चार पाँच वटा टेलिभिजन र त्यो भन्दा पाँच गुणा बढी रेडियो स्टेशनहरु सञ्चालित छन्। यस्तो परिवेशमा नेपाली आमसञ्चारले यो देशमा शान्तिको स्थापनाका निम्ति विशेष रुपमा के-के गर्न सक्छ भन्ने विषयमा छलफल हुनै पर्छ।

यतिखेर देशमा हरेक वर्ग र तहका जनता शान्तिका निम्ति आ-आफ्नो ठाउँबाट योगदान गर्न अग्रसर हुनै पर्छ। प्रेसले पनि यही साझा राष्ट्रिय मिसनलाई सघाउन सृजनशीलताको उदाहरण प्रस्तुत गर्न सक्नु पर्छ। आमसञ्चारका माध्यमहरुको समाजटमा केही न केही वा कुनै न कुनै किसिमको असर हुन्छ। यही आधारभूत सिद्धान्तको जगमा उभिएर भन्ने हो भने पनि द्वन्द्व संवेदनशील पत्रकारिताको अभ्यास हाम्रो आवश्यकता हो। यस्तै पत्रकारिता नै मानवअधिकार प्रति सचेत हुन सक्छ। सम्पूर्ण समाज अन्यौलग्रस्त भएको अवस्थामा हिंसा पीडितलाई जीवनप्रति आशा जगाउन प्रेसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ।

हिंसाका पक्षपातीहरुलाई उनीहरुले गरेको असामाजिक क्रियाकलापहरुको जिम्मेवारी ग्रहण गर्ने अवस्थामा पुयाउनै पर्छ। यस्का निम्ति आमसञ्चारका माध्यमहरुले धेरै गर्न सक्छन्।

नेपालको इतिहासमा पत्रकारिताले राजनीतिक परिवर्तनका निम्ति ऐतिहासिक भूमिका निर्वाह गरेको छ। यहाँ अब शान्तिका निम्ति पनि पत्रकारिताले अहम भूमिका खेल्न सक्दछ।

प्रकाश काफ्लेको निधन देशमा द्वन्द्वहरुले अहिलेकोजस्तो हिंसात्मक रुप नलिइसकेको बेला भएको थियो। त्यो बेला त भर्खर आएको प्रजातन्त्रप्रति सबैको ठूलो आशा थियो। आजको अवस्था बेग्लै छ। तर उहाँ आजसम्म जीवित रहनु भएको भए पत्रकारिताको शान्तिकामी भूमिकाका निम्ति पत्रकारहरुलाई अवश्य पनि जोडतोडकासाथ हौस्याउनु हुने थियो होला। ●

प्रकाशको अवसानपछिको नेपाली मानवअधिकार आन्दोलन

- सुशील प्याकुरेल

प्रकाशले भौतिक रुपमा हामीं सबैबाट विदा लिएको ११ वर्ष बितिसकेछ। ०४९ साल साउन १६ गते नेपालमा भएको थाई एयर दुर्घटनामा अरु थुप्रै सहयात्रीसहित प्रकाशको पनि इहलिला समाप्त भएको थियो।

जीवको जीवन हुन्छ। त्यसैले नै जीव कहलाउँछ। मानिसको बाँच्ने सीमा हुन्छ। मृत्युपश्चात् मान्छेको अस्तित्व समाप्त भएको मानिन्छ। तर कतिपय मानिस मृत्युपश्चात् अझै बढी सबैको हृदय-हृदयमा बाँच्दछन्। उनीहरु बाँचिराख्दाको उनीहरुको सक्रियता मृत्युपश्चात् सामुहिक भइदिन्छ। अर्थात् उनीहरुले छोडेर गएका काम र विचारले धेरैलाई प्रेरित र निर्देशित गरिराखेको हुन्छ। यसरी मृत्युपछाडि सक्रिय हुने वा प्रेरणाको श्रोत हुने थोरै व्यक्तित्वभित्र प्रकाश पनि पर्दछ।

दुई दशकको अवधिभित्र मानवअधिकारलाई जनजिब्रोमा पुऱ्याउने थोरै मुलुकमा नेपाल पर्दछ। ०४० सालसम्म नेपालमा मानवअधिकारबारे चर्चा बिरलै हुन्थ्यो। काठमाण्डौमा केही सरकारी पदाधिकारीले १० डिसेम्बरका दिन विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा गर्ने गरेको चियापानको खबरबाहेक नेपाली जनताले मानवअधिकारको शब्द समेत सुन्न पाउँदैनथे। मानवअधिकारबारे सुनाउने र सुन्ने अधिकार सरकारीयाहरुलाई मात्र थियो। पञ्चायती व्यवस्था भनिएको निरंकुश व्यवस्थालाई मानवअधिकारविरोधी व्यवस्थाको रुपमा इंगित गर्दै प्रजातान्त्रिक व्यवस्थाभित्र मात्र मानवअधिकारको स्थान रहन सक्दछ भन्ने सन्देश मात्र होइन, "प्रजातन्त्रको स्थापनाका लागि मानवअधिकार आन्दोलन" को विकास गर्ने प्रतिबद्धतासहित मानवअधिकार आन्दोलनको संगठित श्रीगणेश गर्ने काम प्रकाशले शुरु गऱ्यो- नेपालमा। ०४० सालदेखि ०४९ सालसम्मको ९ वर्षे अवधिभित्र प्रकाशले नेपालमा मानवअधिकार आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको एक महत्वपूर्ण र पूरक आन्दोलनका रुपमा मात्र स्थापित गरेन, मानव अधिकार आन्दोलनलाई ग्रामीण जनतासमक्ष पुऱ्याउन एउटा अभियान नै संचालन गऱ्यो।

मानवअधिकारलाई पढेलेखेका व्यक्तिहरु र सम्भ्रान्तहरुले कोठामा गफ गर्ने विषयबाट सुदुर र ग्रामीण क्षेत्रका जनताको अधिकारको आन्दोलनका रुपमा विस्तार गर्ने विचार र काम दुवै प्रकाशबाट भएको हो। मानवअधिकार आन्दोलनलाई ग्रामीण क्षेत्रका विपन्न पारिएका जनताको दैलोमा पुऱ्याउनुपर्छ भन्ने प्रकाशको दिशानिर्देशलाई आज नेपाली मानवअधिकार आन्दोलनले आत्मसात गर्दैछ। त्यतिमात्र हैन, मानवअधिकारलाई "राजनीतिक अधिकार"हरुको सीमित दायराबाट बाहिर ल्याएर यसको दायरालाई विस्तृत बनाउन पनि प्रकाशले स्पष्ट वैचारिक मार्गनिर्देश गरेको छ।

प्रकाशले ०४६ सालको जनआन्दोलनलाई प्रजातन्त्र र मानवअधिकारको आन्दोलनका रुपमा विकास गर्ने काम मात्र गरेको थिएन। उसले त्यतिखेर नै मानवअधिकारको व्याख्या गर्दै भनेको थियो- "हामीले भन्ने गरेको मानवअधिकार प्रेस स्वतन्त्रता, संगठन गर्ने स्वतन्त्रता मात्र हैन, स्वास्थ्य उपचारको अधिकार, शिक्षाको अधिकार, राष्ट्रको सम्पत्ति र सम्पदा सम्पूर्ण नेपालीको हो भन्ने भावनायुक्त विकासका लागि अधिकार



हो।" यसरी नेपालको मानवअधिकार आन्दोलनलाई प्रकाशले जनताको आन्दोलनका रुपमा अर्थात् जनताको राष्ट्रिय सम्पदामाथिको स्वामित्व र विकासको अधिकारसँग जोडेर गएको छ। साँच्चै भन्ने हो भने, नेपाली राजनीतिलाई समेत दिशानिर्देश गरेर गएको छ।

प्रकाश भौतिक रुपमा विलय भएको ११ वर्षको अवधिभित्र नेपालमा मानवअधिकार आन्दोलनले निकै व्यापकता ग्रहण गरिसकेको छ। प्रत्येक राजनीतिक दल, सरकार, नागरिक समाज, व्यावसायिक वर्ग र आम जनतासमेत मानवअधिकारको शब्दावली उपयोग गर्न थालेका छन्। भौगोलिक रुपमै पनि अधिकांश क्षेत्रमा मानवअधिकारकर्मीहरुको उपस्थिति पाइन्छ। सर्सर्ति हेर्दा, मानवअधिकार आन्दोलनलाई जनताको घरदैलोमा पुऱ्याउने प्रकाशको सोचको पूर्वाधार बनेको पाइन्छ। तर, प्रकाशले सुम्पेको अभिभारा पूरा गर्न नेपाली मानवअधिकार आन्दोलनले अझै ठूलो प्रयत्न गर्नुपर्नेछ। जनताको विकासको अधिकारको आधार अर्थात् शिक्षा, स्वास्थ्य, खाद्य र आवास जस्ता आधारभूत अधिकारहरुलाई कसरी जनताको अधिकारका रुपमा स्थापित गराउने भन्ने हाँक नेपाली मानवअधिकारकर्मीहरुको अगाडि छ। मानवअधिकारलाई सुगारटाई होइन, प्रभावकारी कार्यान्वयनको ठाउँमा पुऱ्याउनुपर्ने दायित्व निर्वाह गर्नुपर्नेछ- आजको मानवअधिकार आन्दोलनले।

जनताका आधारभूत अधिकारप्रतिको बेवास्ता मात्र हैन, प्रजातान्त्रिक अधिकारहरुलाई जनताका आधारभूत अधिकारको माग गर्ने माध्यमको रुपमा मजबुत तुल्याउन सक्नु पर्दछ। त्यसो गर्न नसक्दा हामीले प्रकाशको उपस्थिति हामीबीच भएको पाउने छैनौं।

देश हिंसात्मक द्वन्द्वमा नराम्ररी जकडिएको छ। अब यसको समाधान पनि मानवअधिकारका सिद्धान्तहरुको कार्यान्वयनबाट मात्र हुनसक्छ भन्ने तथ्यलाई मनन गर्दै मानवअधिकार आन्दोलनलाई समयानुकूल उचाईमा लैजानुपर्ने दायित्व आजको पिंढीले निर्वाह गर्नुपर्नेछ।

प्रकाश बितेको ११ वर्षपछि देशको प्रजातन्त्र पनि धरमराएको अवस्था छ। विगतबाट शिक्षा लिंदै प्रजातन्त्रको स्थायित्वका लागि आधारभूत अधिकारहरुको ग्यारेण्टीपूर्ण अवस्थामा नेपाललाई पुऱ्याउने काममा नेपाली मानवअधिकार आन्दोलन अगाडि बढ्न सफल भएमा प्रकाशप्रति श्रद्धाञ्जलि हुनेछ। ●

प्रकाश मानवअधिकार पुरस्कार वरिष्ठ पत्रकार शर्मालाई

प्रकाश मानवअधिकार पुरस्कार ०५९ का निम्ति योग्य व्यक्तित्वको छनौटका लागि बनेको समितिको सिफारिसमा यस वर्षको प्रकाश मानवअधिकार पुरस्कार वरिष्ठ पत्रकार नारायणप्रसाद शर्मालाई प्रदान गरिने भएको छ।

तीन दशकभन्दा लामो समयदेखि मोफसलमा रहेर पत्रकारितामार्फत् समाजमा जागृति फैलाउँदै आउनु भएका नारायणप्रसाद शर्मा नेपालको अभिव्यक्ति स्वतन्त्रताको लडाईंका एक सकृय योद्धा हुनुहुन्छ। प्रजातन्त्रको स्थापना र त्यसपछिका समयमा पनि उहाँले अभिव्यक्ति स्वतन्त्रताका निम्ति सम्झौताहीन संघर्ष गर्नुभएको छ। विगतमा समाज सुधारका निम्ति उहाँ विधवा विवाह र छुवाछूतविरोधी अभियानमा समेत सक्रिय हुनुहुन्थ्यो। ०३३ सालदेखि उहाँ दाङबाट प्रकाशित हुने युगबोध (पहिले साप्ताहिक हाल दैनिक) का सम्पादक हुनुहुन्छ।

वरिष्ठ पत्रकार विनयकुमार कसजूको अध्यक्षतामा गठित प्रकाश मानवअधिकार पुरस्कार ०५९ छनौट समितिले श्री शर्मालाई पुरस्कृत गर्ने सिफारिस गरेर नेपालको बृहत मानवअधिकार आन्दोलनका समस्त सिपाहीहरुलाई उत्साहित तुल्याएको छ। प्रजातन्त्रमाथि ग्रहण लागेको वर्तमान अवस्थामा उहाँलाई नेपालका अथक मानवअधिकार योद्धा, इन्सेकका संस्थापक महासचिव स्वर्गीय प्रकाश काफ्लेको स्मृतिमा स्थापित पुरस्कार प्रदान गर्ने निर्णय गर्न पाउँदा इन्सेक गौरवान्वित छ।

प्रकाश मानवअधिकार पुरस्कार हरेक वर्ष साउन १६ का दिन प्रकाश स्मृति दिवसका अवसरमा आयोजना गरिने समारोहमा प्रदान गर्ने गरिएको छ। पुरस्कारस्वरुप पच्चीस हजार रुपैयाँ नगद र इन्सेकको प्रतिक चिन्ह प्रदान गरिंदै आएको छ। ●

बालबालिका बेचबिखन मानव गरिमा विरुद्धको चुनौति

- लेखनाथ भण्डारी

राज्यले बालअधिकारको सुनिश्चितता प्रदान गर्न नसकेपछि र नेपाली समाजमा विद्यमान गरीबी, आर्थिक मन्दी, अशिक्षा, भौगोलिक विकटता लगायत्का जटिल परिस्थितिले बालश्रम, बाल मजदुर, घरेलु बाल कामदार हुँदै बेचबिखन ओसारपसारको तहसम्मको व्यवहार बढाइरहेको छ । जुनसुकै अमानवीय व्यवहार गरेर भए पनि निजी स्वार्थ पूरा गर्ने असीमित आर्थिक लालसा र कमजोरलाई जोखिममा फसाउने शक्तिशाली पक्षको दुराशयका कारण नै यस्ता व्यवहार हुने गरेका छन् ।

सभ्यताको शिखरतर्फ उन्मुख हुँदै गइरहेको भनिएको आधुनिक मानव व्यवहारलाई कलंकित गर्ने एउटा पक्ष बालबालिकाको बेचबिखन/ओसारपसार पनि हो। चेलिबेटी बेचबिखन/ओसारपसारका घटनाले आक्रान्त नेपालमा बाल बेचबिखन/ओसारपसारका घटना पनि बढ्न थालेका छन्। यी दुवै समस्या विश्वव्यापीरुपमा नै बढ्दै गइरहेको स्थिति छ। नेपालजस्तो अविकसित देशका लागि यस्ता समस्याले अनेकौं जटिलता निम्त्याउने गरेका छन्। तर पनि बाल बेचबिखन/ओसारपसारको बढ्दो समस्या र प्रभावलाई राष्ट्रिय समस्याका रुपमा गम्भीरतापूर्वक लिइएको पाइँदैन।

प्रतिवर्ष ६ हजारदेखि १२ हजारसम्म नेपाली चेलिबेटी देहव्यापारका लागि भारतलगायत् देशमा बेचिने गरेको विभिन्न अध्ययनहरुमा जनाइँदै आएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), काठमाण्डौ कार्यालयका अनुसार प्रतिवर्ष १२ हजार नेपाली महिला तथा बालबालिका बेचबिखनका लागि ओसारपसार भइरहेका छन्। त्यसरी हुने बेचबिखन/ओसारपसारमा बालिकाहरुको संख्या अधिक नै भएता पनि बालकहरुसमेत त्यसरी नै बेचिने र बेपत्ता पारिने घटनाहरुका सम्बन्धमा भने चासो वा सतर्कता देखिन्न। त्यसैगरी सिविनले गरेको पछिल्लो अध्ययनअनुसार वर्षेनी १५ हजार नेपाली बालबालिकाहरु बेपत्ता हुने गरेका छन्। प्रहरी, सामाजिक संघ-संस्था र सञ्चार माध्यममार्फत् सार्वजनिक हुन सकेको सो तथ्यांकका अतिरिक्त सार्वजनिकरुपमा बाहिर नै नआउने घटनाहरु त्यसको तुलनामा अझै ठूलो हुने अनुमान गरिन्छ। त्यसरी बेपत्ता भएकाहरुमध्ये उपत्यकाबाट मात्र ३ हजार २२ बालक र २ हजार ३ सय १० बालिकाहरु समेत ५ हजार ३ सय ३२ रहेका छन्। उनीहरुको उमेर ११ देखि १५ वर्ष बीचको छ। अध्ययनले बेपत्ता पारिएको उल्लेख गरेका तिनै बालबालिकाहरु नै बेचबिखन/ओसारपसारको शिकार भइरहेका छन्।

आईएलओको २००२ को अध्ययन प्रतिवेदनअनुसार, विश्वका करिब १२ लाख बालबालिकाहरु श्रम तथा यौन शोषणका लागि बेचबिखन/ओसारपसारको अपराधबाट पीडित छन्। बालअधिकार उल्लंघन, बालश्रम शोषण र यौन

बाल बेचबिखन भनेको के हो?

यस वर्षको बालश्रमविरुद्ध विश्व दिवसको मुख्य विषयका रुपमा रहेको, बाल बेचबिखन भनेको बालबालिकाको एक स्थानबाट अर्को स्थानमा हुने स्थानान्तरण हो। यो कार्य बल, क्रुरता वा छल प्रयोग गरेर राष्ट्रिय सीमाभित्र वा बाहिर जहाँ पनि हुनसक्छ। यसमा उनीहरुको आर्थिक वा यौन शोषण हुनसक्ने अवस्था निहित हुन्छ।

अन्तर्राष्ट्रिय कानुनअनुसार बाल बेचबिखन अपराध हो। यसलाई बाल अधिकारको एक पृथक तथा गम्भीर उल्लंघनका साथै बालश्रमको एक निकृष्ट रुपमा लिइएको छ।

बाल बेचबिखन नयाँ कुरा होइन। यो निकै वर्षदेखि अस्तित्वमा रहेको छ र सम्पूर्ण महादेश तथा संस्कृतिभर नै यसले नियमितता पाइरहेको छ। बेचबिखनका लागि बालबालिका पठाउने वा प्राप्त गर्ने वा बाटोमा पर्ने राष्ट्रमध्ये कुनै रुपमा सम्पूर्ण राष्ट्रहरु यस समस्याबाट प्रभावित छन्।

बाल बेचबिखन किन रोकिनै पर्दछ?

मानव बेचबिखन कुनै पनि हालतमा स्वीकार गर्न नसकिने सवाल हो। अझ संवेदनशील बालबालिका तथा युवाको बेचबिखन त उनीहरुको शोषणबाट संरक्षण, खेलकुद, शिक्षा, स्वास्थ्य, तथा पारिवारिक जीवनसम्बन्धी अधिकारहरुको असह्य उल्लंघन हो।

आईएलओको विचारमा बेचबिखन मानवीय मर्यादामाथिको आक्रमण हो र आफ्ना श्रोतहरुलाई आफ्नो राष्ट्रको आर्थिक विकासमा लगानी गर्नबाट एक व्यक्तिलाई वञ्चित गर्नु हो। बेचबिखनका शिकारहरुले सहनुपर्ने शोषण 'पूर्ण, उत्पादक तथा स्वतन्त्ररुपमा अपनाइएको रोजगारी' भन्ने आदर्शको ठिक उल्टो हुन आउँछ। उत्पादक वयस्क बन्ने सम्भावना नै गुमाउन बाध्य बेचबिखन गरिएका बालबालिकाका सन्दर्भमा त यो स्थिति झन् गम्भीर हुन्छ।

बाल बेचबिखन किन हुने गर्छ?

बाल बेचबिखन सामान्य रुपमा सस्तो तथा सजिलो श्रमको अपर्याप्त आपूर्ति तथा तीव्ररुपमा बढ्दै गएको व्यवसायिक यौन क्षेत्र एवम् अन्य आर्थिक क्षेत्रमा कलिला बालिकाहरु तथा बालकहरुको मागमा भएको वृद्धिको परिणाम हो। सामान्यतया बालबालिका वयस्कहरुभन्दा कम उत्पादनशील भए पनि

दुर्व्यवहार बालबालिकाहरु, विशेषगरी बालिकाहरुमाथि हुने अमानवीय व्यवहारका घटनाको रुपमा लिइने गरिन्छ। त्यसबाहेक ती बालबालिकाहरुलाई जोखिमपूर्ण विभिन्न श्रम, कृषि, खानी, उद्योग, सशस्त्र युद्ध, यौन व्यवहार, सर्कस, मगन्तेलगायत्का अन्य अमानवीय र अपराधिक क्रियाकलापमा समेत प्रयोग गर्ने गरिएको पाइन्छ।

जनगणना ०५८ अनुसार, नेपालमा १६ वर्षमुनिका बालबालिकाहरुको जनसंख्या कूल जनसंख्याको ४१ प्रतिशत (९४ लाख ७५ हजार) भन्दा बढी छ। देशको भविष्यका कर्णधारका रुपमा यति ठूलो संख्यामा रहेका बालबालिकाहरुको भविष्यमा आइलाग्ने अनेकौं खतरामध्ये बेचबिखन/ओसारपसार पनि प्रमुख रहेको छ। बेचबिखनको शिकार भएका बालबालिकाहरु विशेषगरी यौन शोषण, यौन दुर्व्यवहार, व्यवसायिक यौन व्यापार र जोखिमपूर्ण काममा लगाइने गरेको उद्धारमा ल्याइएका र अध्ययनमा समेटिएका बालबालिका-हरुबाट थाहा हुने गरेको छ। बाल बेचबिखन/ओसारपसारको राष्ट्रिय, अन्तर्राष्ट्रिय संजाल नै रहेको अनुमान त गरिन्छ तर त्यस्ता अपराधिक संजालको तथ्य पत्ता लगाउने, नियन्त्रण गर्ने र कारवाही हुने जस्ता काम भने अपेक्षित कमजोर नै छन्।

नेपालमा हुने बालबालिका बेचबिखन/ओसारपसारको चर्चा गर्दा, भारतसँग सीमा जोडिएका तराईका जिल्ला, उपत्यका तथा शहरी क्षेत्र विशेष प्रभावित रहेको देखिन्छ। सार्वजनिक सूचनामा आएका बालबालिका बेचबिखनका त्यस्ता १ सय ३६ घटनाको अध्ययनमा सिविनले जनाएअनुसार, ३५.७ प्रतिशत १६ वर्षमुनिका बालबालिका रहेका थिए। यसै वर्षको एक घटनामा महोत्तरी जिल्लाबाट ७ जना बालकहरुलाई जबर्जस्ती ओसारपसार गरी भारतको मुम्बईतर्फ लान लाग्दा अपराधीसमेत पक्राउ परेका थिए।

सिविनको अध्ययन (हेल्पलाइन) मा सन् २००२ मा बेपत्ता पारिएका १ हजार ८९ जना बालबालिका (६ सय ४२ बालक र ४ सय ४७ बालिका) को घटना दर्ता भए। हराएका भनी त्यसरी दर्ता भएका घटनाहरु पनि अधिकांश बेचबिखन/ओसारपसारकै शिकार हुने कुरालाई नकार्न सकिँदैन।

भारतीय सञ्चार माध्यम (आजतक) ले गत मे महिनामा

उनीहरु शोषणका लागि सजिला, कम दृढ तथा आफ्ना अधिकारका लागि दाबी गर्न कम समर्थ हुन्छन्। जसले गर्दा, उनीहरुलाई कम खाना, अस्वस्थ आवास तथा न्यून लाभमा पनि लामो समयसम्म काम गराउन सकिन्छ।

बाल बेचबिखनलाई प्रोत्साहित गर्नमा कतिपय आपूर्ति पक्षहरु पनि जिम्मेवार छन्। तीमध्ये सबभन्दा उल्लेखनीय पक्षहरु यस प्रकार छन्: गरीबी तथा जिविकोपार्जन गर्ने वा परिवारलाई सघाउने इच्छा, शिक्षा तथा विद्यालय जाने अवसरको अभाव, स्थानीय अर्थतन्त्रलाई अस्तव्यस्त बनाउने खालका द्वन्द्व तथा प्राकृतिक प्रकोप, बालबालिका, विशेषगरी बालिकाप्रतिको साँस्कृतिक प्रवृत्ति, राष्ट्रीय नियम तथा कानुनहरु।

महिला तथा बालबालिका बेचबिखन भनेको तीब्रताका साथ बढिरहेको आर्थिक लाभसँग सम्बन्धित मानवअधिकार उल्लंघन हो। बेचबिखनबाट आर्थिक लाभ चाहने पक्षहरुबाट विभिन्न स्थानमा ओसारपसार गरिने मानिसहरु बेचबिखनको बृद्धिमा संलग्न हुन्छन्। यो राष्ट्रभित्रै वा राष्ट्रिय सीमाबाहिर विद्यमान श्रमको मागको प्रतिफल हो।

कहाँ तथा कुन क्षेत्रमा बाल बेचबिखन हुने गरेको छ?

बाल बेचबिखनका घटनाहरु दक्षिण एशिया, दक्षिण-पूर्व एशिया, अफ्रिका तथा पूर्वी यूरोपमा हुने गरेको थाहा भएको छ भने अमेरिका तथा क्यारेबियाली क्षेत्रमा यस्तो खाले समस्या हालै मात्र देखा पर्न थालेको छ। जे भए पनि, बाल बेचबिखनको परिणाम भयावह रुपमा देखिएका क्षेत्रका रुपमा दक्षिण एशिया, दक्षिण-पूर्व एशिया, मध्य तथा पश्चिम अफ्रिकालाई लिन सकिन्छ।

अधिकांश बालबालिका व्यावसायिक यौन शोषणका लागि बेचिने क्रम जारी नै छ। तर, एशिया तथा मध्य एवम् पश्चिम अफ्रिकामा हालै गरिएका अध्ययनहरुले देखाए अनुसार घरेलु, श्रम, सशस्त्र द्वन्द्व, सेवा व्यवसायहरु (रेष्टुराँ/बार) तथा कारखानाका जोखिमपूर्ण काम, कृषि, निर्माण, माछा मार्ने तथा माग्ने जस्ता क्षेत्रमा श्रम शोषणका लागि पनि बालबालिका बेचिबखन गर्ने गरिएको छ।

देशभित्रै पनि श्रम शोषण तथा व्यावसायिक यौनका लागि ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बालबालिका बेचबिखन गर्ने गरिन्छ। छिमेकी मुलुकहरुबीचको आर्थिक भिन्नता ठूलो हुनुका साथै सामान्य आवतजावतमा बृद्धि आएकोले सबै क्षेत्रमा सीमापार बेचबिखन पनि व्यापक हुँदै आएको छ।

भारततर्फ लैजाँदै गरिएका बालकलाई फर्काइयो

महोत्तरी / सिमरदही गाविस-९ का १२ वर्षीय मो. अहमद राइन, १३ वर्षीय मो. अताबुल, १२ वर्षीय मो. इस्माइल राइन, ११ वर्षीय मो. नसरुद्दीन र १० वर्षीय मञ्जुल कवारीलाई सिमरदही गाविस-९ कै २५ वर्षीय हासिम राइनले सितारा जड्ने कामका लागि भारतको मुम्बईतर्फ लैजाँदै गर्दा ०६० वैशाख ७ गते सिमा प्रहरी कार्यालय भिट्टामोडले फिर्ता गरी जिल्ला प्रहरी कार्यालय जलेश्वरमा बुझायो।

पीडित बालकहरू बाबुआमाको स्वीकृति लिएरै उक्त कामका लागि हासिमसँग मुम्बई हिँडेको बताउँछन्। मो. अताबुल र मो. इस्माइल राइन पहिले पनि १ वर्ष काम गरी फर्केको, त्यस अवधिमा काम सिकेको हुनाले पारिश्रमिक केही नपाएको बताउँछन्। काम सिकिसकेपछि मासिक दुई हजार रुपैयाँसम्म पारिश्रमिक पाउने हुनाले पुनः जान लागेको उनीहरूको कथन थियो।

हासिमले मुम्बईमा आफ्नो दाजुको कपडामा सितारा जड्ने कम्पनी भएकाले बालकका बाबुआमासँग मागेरै बालकहरूलाई मुम्बई लान लागेको बताए। प्रहरीले रोकेको कुरालाई सामान्य रुपमा लिँदै उनले भने- 'प्रहरीले यहाँमात्र हैन, मुम्बईमा पनि दुःख दिन्छन्। मुम्बईमा पनि प्रहरी आउँदा केटाहरू खाट मुनि लुकाउनु पर्दछ वा अर्को ठोकाबाट भगाउनु पर्दछ।'

पक्राउ गरेका बालक तथा लैजाने व्यक्तिसमेतलाई अभिभावकको जिम्मा लगाई छाडिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

– ईश्वरी काफ्ले

सार्वजनिक गरेको समाचारअनुसार, भारतीय शहर मुजफ्फरपुरको एक सर्कस कम्पनीबाट केही नेपाली बालबालिकाहरुलाई उद्धार गरिएको थियो। त्यसरी उद्धार गरिएका मध्ये १८ जनालाई भारतीय अदालतले नेपाल फर्काउने आदेश दिइसकेको छ। तर, उनीहरु हालसम्म नेपाल फर्काइएका छैनन्। सोही समाचारमा जनाइएअनुसार, सोही घटनामा बाँकी २८ जनाको मुद्दा भने अदालतमा विचाराधीन छ।

बालबालिकाहरुको ओसारपसार सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले गरेको एक अध्ययनअनुसार भारतमा नेपालबाट बेचबिखन/ओसारपसारमा परेका बालबालिकाहरु १७ प्रतिशत महोत्तरी, १५ प्रतिशत धनुषा, १० प्रतिशत कैलाली र ५ प्रतिशत मोरङ, लमजुङ तथा अन्य भागका बासिन्दा रहेका थिए। सिविनले दिएको जानकारी अनुसार, त्यस्ता बालबालिकाहरुलाई दैनिक १२-१४ घण्टासम्म सिलाई-बुनाई, होटल-रेष्टुराँ र ड्राइभिङ्को काममा लगाइन्थ्यो। त्यसरी नै सन् २००२ मा भारतको दिल्ली, कोलकाता र मुम्बईमा गरिएको "व्यावसायिक यौन शोषणका निम्ति बेचबिखनमा परेका महिला तथा बालबालिकाको उद्धार, पुनर्स्थापना तथा सामाजिक पुनर्एकिकरण" सम्बन्धी अध्ययन अनुसार २ हजार २ सय १९ जना उद्धार गरिएका बालबालिकाहरुमा ६ सय ७७ जना (३१ प्रतिशत) नेपाली मूलका थिए। बेचबिखनमा परेकाहरु ४८ प्रतिशत १३ देखि १६ वर्षबीचका र ५२ प्रतिशत १६ र १७ वर्ष उमेरका थिए। उनीहरुमध्ये ८८ प्रतिशत निरक्षर थिए।

उल्लेखित अध्ययनहरुबाट प्राप्त तथ्यहरुले हालका वर्षहरुमा भारतका विभिन्न शहरहरुमा बेचबिखन तथा ओसारपसारमा परेका बालबालिका र चेलिबेटीहरुको उद्धार गरिने क्रम बढेको देखिन्छ। तर, त्यो बढ्दो क्रमले उजागर गरेको तीतो सत्य भनेको- त्यसरी हुने बेचबिखन ओसारपसारमा नेपाली बालबालिकाहरु र चेलिबेटीहरुको संख्या अघिल्लो पंक्तिमा देखिने गरेको छ। जुन रुपमा यस्तो समस्या बढ्दै गइरहेको छ, त्यही रुपमा त्यसलाई नियन्त्रण गर्नका लागि राष्ट्रिय र क्षेत्रीय स्तरमा समेत प्रभावकारी निकाय, संरचना र प्रतिबद्धताहरु एवम् तिनको कार्यान्वयनको अभाव छ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले गत वर्षदेखि १२ जुनलाई बालश्रमविरुद्ध विश्व दिवसका रुपमा मनाउन शुरु गरेको छ। यो वर्ष यस दिवसलाई बालबालिकाको बेचबिखन सम्बन्धी विषयवस्तुमा केन्द्रित गरिएको थियो। यस सम्बन्धी समस्याको गम्भीरता र प्रभावकारितालाई महत्वका साथ लिएर त्यसको नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उद्देश्यले आईएलओले अन्तर्राष्ट्रिय स्तरमा उठाएको प्रयासमा सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, बेचबिखनबाट पीडितहरुको उद्धार, फिर्ता र पुनर्स्थापना, अधिकारको वहाली तथा अपराधिक गिरोहको संजाल नियन्त्रण र कारवाही जस्ता विषय रहेका छन्।

आईएलओले विशेष गरी निकृष्ट अवस्थामा रहेको बालश्रमलाई

विश्वबाटै उन्मूलन गर्ने एक माध्यमका रुपमा बालश्रम विरुद्ध विश्व दिवसको थालनी गरेको हो। बालश्रम (बेचबिखन/ओसारपसार समेत) विरुद्ध विश्व अभियानले तिब्रता लिन थालेको कुरा निकृष्ट प्रकारका बालश्रम विरुद्ध आईएलओको महासन्धि नं. १८२ र न्यूनतम उमेर सम्बन्धी महासन्धि नं. १३८ लाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यसको अनुमोदन गर्ने राष्ट्रहरुको बृद्धि हुनुले पनि संकेत गर्दछ। तर, अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा ल्याउनका लागि अपनाइनु पर्ने राष्ट्रिय र क्षेत्रीय ऐन-नियम निर्माण र तत्परता भने सन्तोषजनक मान्न सकिँदैन।

अन्तर्राष्ट्रिय रुपमा बालबालिकाहरुको बेचबिखन/ओसारपसार दक्षिण एशिया, दक्षिण पूर्वी एशिया, अफ्रिका र युरोपमा हुने गरेको छ। अहिले विश्वभर २४ करोड ६० लाख बाल श्रमिकहरु रहेको आईएलओको अध्ययनले जनाएको छ। तीमध्ये ८० लाख ४० हजार बालबालिका अनिश्चित अवधिका लागि दासता, बेचबिखन, ऋण बन्धन, सशस्त्र संघर्ष, यौन शोषण व्यापार र जबरजस्ती श्रममा संलग्न हुन वाध्य छन्। सन् १९९९ मा त्रिभुवन विश्वविद्यालय, जनसंख्या केन्द्रीय विभागले सार्वजनिक गरेको प्रतिवेदनमा नेपालमा २६ लाखभन्दा बढी बालबालिका श्रम बेच्न वाध्य भएको तथ्य औंल्याइएको थियो।

नेपालमा बाल बेचबिखन र ओसारपसारको चर्चा गर्दा बालश्रम र घरेलु कामदारलाई त्यसको पृष्ठभूमिका रुपमा लिन सकिन्छ। आर्थिक रुपमा सक्रिय गराइएका नेपालका १७ लाख बालबालिकाहरुमध्ये क्रमश: उनीहरु नै विभिन्न श्रमका काम र घरेलु कामदारको बाटो तय गर्दै बेचबिखनलगायत् जोखिमपूर्ण काममा प्रवेश गराइन्छन्।

घरेलु कामदारका रुपमा रहेका ५५ हजारभन्दा बढी बाल श्रमिकहरुमध्ये ७० प्रतिशत १४ वर्ष मुनिका छन्। तीमध्ये २१ हजारभन्दा बढी काठमाण्डौ उपत्यकामा छन्। घरेलु बाल श्रमिकहरुमध्ये ४६ प्रतिशत बालिका छन्।

बाल बेचबिखन अमानवीय र मानव सभ्यताकै कलंक हो भन्ने कुरामा विवाद छैन। यसलाई नियन्त्रण गरी मानव गरिमा र भविष्यका कर्णधारको उज्वल भविष्य निर्माणका लागि प्रयासहरु भइरहेका छन्। सरकारले सन् २००५ सम्ममा अनौपचारिक तथा जोखिमपूर्ण कामबाट बाल श्रमिक हटाउने लक्ष्य राखेको छ। त्यस्तै डेढ वर्ष पहिलेदेखि नै आईएलओले पनि आगामी ७ वर्षभित्र नेपालका ३५ जिल्लालाई बालश्रम मुक्त बनाउने घोषणासहित अभियान पनि शुरु गरेको छ।

राज्यले बालअधिकारको सुनिश्चितता प्रदान गर्न नसकेपछि र नेपाली समाजमा विद्यमान गरीबी, आर्थिक मन्दी, अशिक्षा, भौगोलिक विकटता लगायतका जटिल परिस्थितिले बालश्रम, बाल मजदुर, घरेलु बाल कामदार हुँदै बेचबिखन/ओसारपसारको तहसम्मको व्यवहार बढाइरहेको छ। जुनसुकै अमानवीय व्यवहार गरेर भए पनि निजी स्वार्थ पूरा गर्ने असीमित आर्थिक लालसा र कमजोरलाई जोखिममा फसाउने शक्तिशाली पक्षको दुराशयका कारण नै यस्ता व्यवहार हुने गरेको छ। त्यसको पूर्ण नियन्त्रणका लागि बालबालिकाको अधिकारप्रति व्यक्ति, परिवार, समाज र राज्य सचेत र जिम्मेवार हुन सक्नु पर्छ। त्यस्ता व्यवहार, नियन्त्रण र निरुत्साहित गर्नका लागि मानवीय भावनाको विकासका अतिरिक्त उपयुक्त संयन्त्र निर्माण गरी कार्यान्वयन पनि गरिनु पर्छ। मानवीय भावनाको कमी, आर्थिक अभाव, स्वार्थ, लोभ लालच, विद्यमान संयन्त्रको कार्यान्वयनमा कमी, दण्ड उन्मुक्ति र आवश्यक संयन्त्रको निर्माणमा रहेको उदासिनता नै यो समस्या बृद्धि हुनुका कारण हुन्। ●

मानव बेचबिखन/ओसारपसार

- विश्वमा बेचबिखन/ओसारपसार गरिएकाहरु, विशेष गरी महिला तथा बालबालिका, मध्ये करिब एक करोड जोखिमपूर्ण अवस्थामा बाँचिरहेका तथा काम गरिरहेका छन्।
- मानव बेचबिखन/ओसारपसार तेश्रो ठूलो अवैधानिक व्यापार हो।
- बेचबिखन/ओसारपसार सबैभन्दा बढ्दो अवस्थामा रहेको बालश्रमको रुप हो।
- नेपालमा
  - भारतमा यौन व्यवसायका लागि बेचिएका महिला तथा बालबालिकामध्ये २० प्रतिशत १६ वर्षमुनिका बालिका छन्।
  - यौन व्यवसायबाहेक हरेक वर्ष हजारौं नेपाली बालबालिका भारतका कार्पेट कारखाना, सर्कस, कृषि फर्म, बाटो निर्माण, मगन्ते, घरेलु कामदार जस्ता कार्यमा संलग्न गराउनका लागि ओसारपसार गरिन्छन्।

(श्रोत: www.cwin-nepal.org.np)

जोखिमपूर्ण श्रम र बालबालिकाका भोगाइहरु

सन्दर्भः निकृष्ट किसिमका बालश्रम निर्मूलन गर्न बनेको अन्तर्राष्ट्रिय महासन्धि र सिफारिसहरुको कार्यान्वयनको सवाल

– गौरी प्रधान, अध्यक्ष, सिविन

१. भूमिका

गत एक दशकको समयावधिमा बालश्रम शोषणको विरुद्ध देश-देशमा र सिंगो विश्वमा सशक्त र जागरुक आवाजहरु उठेको कुरा सर्वत्र महसुस गरिएको छ। अशिक्षा, अज्ञानता, अभाव र उत्पीडनको बीच जीवन गुजारिरहेका विश्वका लाखौं-करोडौं परिवारका बालबालिकाहरु बाँच्नका निम्ति दास जीवन बिताइरहेका कुराहरु क्रमशः एक पछाडि अर्को उजागर हुँदै आएका छन्। तर, मानिसको चेतना र जागरणमा आएको परिवर्तनले आज विश्वभरि नै बालश्रम शोषणको विरुद्धमा र श्रमिक बालबालिकाहरुको हित संरक्षणमा सामाजिक आन्दोलनहरु विकास हुन थालेका छन्। यसै विषयलाई लिएर आजभोलि विश्वका लाखौं मानिसहरु परिचालित भएका छन् र तिनले विस्तारै विश्व अभियानको स्वरुप पनि लिन थालेका छन्। "बालश्रम विरुद्धको विश्वयात्रा" यस सन्दर्भमा एक उपयुक्त उदाहरण सिद्ध भएको छ। श्रम आफैमा नराम्रो कुरा होइन। श्रम भन्ने कुरा वास्तवमा सम्मानयुक्त कुरा हो। समाज विकास र सामाजिकीकरणको एउटा पाटोको रुपमा हल्का कामहरुमा बालबालिकाको संलग्नताको कुरा पनि आफैमा नराम्रो कुरा होइन। बालश्रमको कुरा गर्दा, यहाँ यस्ता श्रमको विषयमा कुरा गरिएको हो, जुन बालबालिकाको लागि हितकर हुँदैनन्। अर्थात् बालबालिकाको आधारभूत हक-अधिकार वा विकासलाई असर पार्ने कुनै पनि श्रम वास्तवमा बालश्रम शोषण नै हो।

आज विश्वमा २ करोड ६० लाख बालबालिकाहरु बालश्रम शोषणबाट पीडित छन्। उनीहरु शिक्षा, स्वास्थ्य, पोषण र मनोरञ्जनजस्ता बालापनको अधिकारबाट वञ्चित छन्। यो भन्दा अझै गम्भीर कुरा भनेको अति जोखिम परिस्थितिमा बालबालिकाहरुको श्रमशोषण पनि हो। विभिन्न देशहरुमा आज लाखौं बालबालिकाहरुलाई जबरजस्त किसिमले यौनव्यवसाय, खानी-कारखाना र बँधुवा मजदुरी जस्ता शोषणमूलक गतिविधिहरुमा संलग्न गराइएका छन्। यसबाहेक अन्य दर्जनौं क्षेत्रहरुमा बालबालिकाहरुको सर्वांगिण विकासमा नकारात्मक असर पार्ने खालका कामहरुमा बालश्रम शोषण भइरहेको यथार्थ पनि आज विश्व समुदायमा उजागर भइसकेको छ। वास्तवमा बालबालिकाहरुविरुद्ध परिलक्षित यस्ता खाले श्रमशोषणहरुको विरुद्ध हाम्रो संसारमा विविध खाले सामाजिक आन्दोलनहरु पनि निरन्तर बढिरहेका छन्। फलस्वरुप सन् १९९९ मा निकृष्ट किसिमका बालश्रम निषेधित र उन्मूलन गर्न एउटा ऐतिहासिक महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को १८७ औं महासभाले सर्वसम्मत पारित गऱ्यो। प्रस्तुत लेखमा उपरोक्त महासन्धि र सिफारिसहरुको आधारमा अति जोखिम परिस्थितिका बालश्रम कसरी निर्मूलन गर्न सकिन्छ भन्ने सन्दर्भमा लेखकद्वारा आफ्ना विचारहरु अगाडि सारिएको छ।

जहाँ श्रम-जीवन छ, त्यहाँ बालश्रम छ। यसर्थ, बालश्रम नेपाली समाजिक-आर्थिक वास्तविकताको एक अंगको रुपमा रहेको छ। बालबालिकाहरु सामान्य श्रम-जीवनमा सहयोगी हुनु हाम्रोजस्तो विपन्न समाजको निम्ति अस्वाभाविक विषयवस्तु नहोला। तर, आफ्नो बालापनको आधारभूत अधिंकारबाट पूर्णतः वञ्चित रही कठोर श्रमिक जीवन बिताउन वाध्य हुनुपर्ने बालबालिकाको परिस्थिति भने कुनै पनि समाजको निम्ति शोभायमान हुन सक्दैन। तसर्थ, यहाँ

उठाउन खोजिएको मूल विषय बालश्रम शोषणबाट बालबालिकाहरुलाई मुक्त गरी उनीहरुको सामान्य बालापनको अधिकारलाई पुनर्वहाली गर्नु हो।

२. विश्वमा बालश्रमको स्थिति र समस्या

विश्वमा बालअधिकारसम्बन्धी कुराहरु गर्दा अन्य विषयहरुको साथसाथै बालश्रम शोषणका कुरा पनि जोडदारका साथ उठिरहेका छन्। सायद विश्वमा कुनै त्यस्तो देश छैन होला, जहाँ आजभोलि बालश्रम शोषणको कुरा नउठेको होस्, अर्थात् त्यसको विरुद्धमा कुनै न कुनै किसिमको गतिविधि नभएको होस्। बालश्रम शोषणविरोधी आन्दोलनले समाजको विविध पक्षहरुलाई आज कुनै न कुनै किसिमले छोइरहेको छ। तर, बालश्रम शोषणलाई अन्त्य गर्ने दिशामा अझै धेरै काम गर्न बाँकी नै छ। अप्ठ्यारा र जोखिमहरुबीच बाँचिराखेका लाखौं-करोडौं बालबालिकाहरुलाई त्यसखाले परिस्थितिबाट मुक्त गरी उनीहरुलाई तत्काल राहत प्रदान गरी उनीहरुलाई बालापनको अधिकारलाई संरक्षण प्रदान गर्नुपर्दछ र यसको निम्ति सरकारी गैरसरकारी संघसंस्थाहरु र समाजका अन्य निकायले अझै थुप्रै काम गर्नु पर्ने स्थिति जगजाहेर छ।

उपलब्ध जानकारीहरु अनुसार हाम्रो विश्वमा करोडौं बालबालिकाहरु विभिन्न श्रमक्षेत्रमा कार्यरत छन्। उनीहरुका शिक्षा आर्जन, आधारभूत बाल अधिकारहरु प्रत्येक दिन उल्लंघन भइरहेका छन्। यो संख्याको झण्डै एक तिहाई बालबालिकाहरु दक्षिण एशियामा केन्द्रित रहेका छन्। बालश्रमकै बारेमा कुरा गर्दा, हाम्रो देश नेपालमा ५-१४ बर्ष समूहका बालबालिकाहरुमध्ये घर-खेतको काम गर्नेदेखि विविध खाले काम गर्ने बालबालिकाहरु, जसको शिक्षा आर्जन गर्ने अधिकार विस्थापित भएका छन्, ती सबै पर्दछन्। संसारमा अधिकांश मानिसहरु बालश्रमको मूल कारकतत्वको रुपमा गरीबीलाई ठान्दछन्। तर यो मात्रै सम्पूर्ण सच्चाई होइन भन्ने कुरा बिस्तारै पुष्टि हुँदै आएका छन्। गरीबी बालश्रमका कारकतत्वहरुमध्ये निश्चय पनि एक प्रमुख पक्ष हो, यद्यपि गरीबीबाहेक अन्य धेरै कुराहरुले पनि बालश्रम बढाउनुमा भूमिका निर्बाह गरेको कुरा स्पष्ट हुँदै आएको छ। उदाहरणको निम्ति हामी अन्यायपूर्ण श्रम सम्बन्धहरु, भूमिहिनता, सामाजिक अज्ञानता, सामाजिक भेदभाव र अन्यायहरुलाई लिन सक्दछौं।

अझै स्पष्टसँग भन्ने हो भने श्रमजीवी मानिसहरुले उचित ज्याला नपाउँदा, भूमिबाट उत्पादन भएका अन्न अनाजहरु अधिकांश मात्रामा जमिन्दार वा जग्गाधनीलाई बुझाउनु पर्दा, बालबालिकाहरुलाई विद्यालयमा पठाउनु पर्छ भने चेतना विकास नहुँदा बालश्रमको आपूर्तिको कारण बयस्क श्रमहरु विस्थापित हुँदा पनि बालबालिकाहरु माथिको शोषण र उत्पीडन बढिरहेको छ। जहाँसम्म अति जोखिम परिस्थितिका बाल श्रमिकहरुको जीवनको सुरक्षा वा बाँच्न पाउने हक-अधिकारको बारेमा कुरा छ, त्यो झनै गम्भीर र संबेदनशील अवस्थामा छ।

यसबारे उपलब्ध तथ्याङ्कहरुलाई अध्ययन गर्दा विश्वमा यौन व्यवसायमा १० लाखभन्दा बेसी बालबालिकाहरु संलग्न रहेका छन् भने १ करोड भन्दा बेसी बालबालिकाहरु आश्रयविहीन अवस्थामा सडकमा पसारिएका छन्। करोडौं बालबालिकाहरु कारखाना, खानी, निर्माण, भट्टी आदिमा बाँच्नको निम्ति आफ्ना बालापनलाई तिलाञ्जली दिई काम गर्न वाध्य छन्। उनीहरुलाई यस परिस्थितिबाट मुक्त गरी स्वभाविक बालापनलाई कसरी विकास गर्न सकिन्छ भन्ने कुरा आज सारा विश्वको निम्ति एउटा चुनौति खडा भएको छ।

३. निकृष्ट किसिमको बालश्रमलाई निर्मूलन गर्न बनेको महासन्धि र सिफारिसहरु

संसारबाट बालश्रम शोषणलाई हटाउन धेरै बर्षदेखि विविध खाले प्रयत्नहरु हुँदै आएका छन्। खासगरी विगत १ दशकमा बालश्रम विरोधी आन्दोलन नयाँ उत्साहका साथ अगाडि बढिरहेको छ। यसैक्रममा बालश्रमलाई निषेधित र नियन्त्रण गर्न देश-देशमा थुप्रै कार्यक्रमहरु संचालन हुँदै आएका छन्। यस प्रक्रियालाई अगाडि बढाउन अन्तर्राष्ट्रिय श्रम संगठन, सं.रा. निकायहरु, सरकारहरु, गैरसरकारी संस्थाहरु, ट्रेड यूनियन आन्दोलनहरु, आम संचारका माध्यमहरुलगायत्का समाजका गतिशील समूह र शक्तिहरुले निरन्तर प्रयत्नहरु गर्दै आएका छन्। उपरोक्त अभियानलाई अझै सशक्त गर्न सन् १९८९ मा सं.रा. महासभाबाट पारित "बालबालिका सम्बन्धी महासन्धि" ले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसैक्रममा अन्तर्राष्ट्रिय श्रम संगठनको ८७ औं महासभाबाट जुन १, १९९९ मा भएको एक ऐतिहासिक घोषणाबाट "निकृष्ट किसिमका बालश्रमको निर्मूलन सम्बन्धी महासन्धि" पारित भयो। उपरोक्त महासन्धिलाई बालश्रमशोषण अन्त्य गर्ने अभियानको निम्ति अहिलेसम्मको सबभन्दा सशक्त अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा लिइएको छ।

मानिसहरुलाई लाग्न सक्छ, बालश्रम शोषणको विरुद्धमा संसारमा कुनै न कुनैरुपमा अन्तर्राष्ट्रिय कानुनहरु विद्यमान छँदै थियो। तर, यो नयाँ महासन्धि नै किन आवश्यक पऱ्यो ? हुन त न्यूनतम उमेर सम्बन्धी आईएलओ (नं. १३८) को महासन्धिले सामान्य कामको लागि १३ बर्ष र हल्का कामहरुको लागि १४ बर्षको उमेर हदबन्दी तोकेको छ। तर, यस महासन्धिले राष्ट्रिय कार्ययोजना

बनाई तदनुरुप कार्य गर्नुपर्ने कुरालाई जोड दिएको छैन। साथसाथै, उपरोक्त महासन्धिलाई संसारमा ज्यादै थोरै राष्ट्रहरुले मात्र अनुमोदन गरेका छन्। जोखिम परिस्थितिका बालश्रमलाई निर्मूलन गर्न त्यसमा खास कुनै पनि खाले प्राथमिकताहरु नहुनु यसका कमजोरीहरु थिए। तर पनि हिजोका दिनहरुमा बालश्रम शोषणलाई अन्त्य गर्ने सन्दर्भमा उपरोक्त महासन्धिले महत्वपूर्ण भूमिका निर्वाह गरेका कुरामा कुनै दुईमत हुन सक्दैन।

निकृष्ट किसिमका बालश्रम निर्मूलन सम्बन्धी महासन्धि श्रमिक बालबालिकाहरुको हक-हित रक्षाको सन्दर्भमा एक ऐतिहासिक कदम हो। उपरोक्त महासन्धिको आधारमा आगामी दिनहरुमा बालबालिकाहरुमाथि विद्यमान शोषण र उत्पीडनहरुलाई क्रमश: परास्त गर्दै जाने सोंच र योजनाहरुलाई तर्जुमा हुँदै गएका छन्। श्रमलाई शोषण र अन्यायबाट मुक्त गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनले अन्तर्राष्ट्रियरुपमा स्वीकार्य मापदण्डहरु तर्जुमा गरेको छ। उपरोक्त मापदण्डहरुलाई बाल श्रमिकहरुको हितअनुकूल प्रयोग गर्न पनि प्रस्तुत महासन्धिले महत्वपूर्ण योगदान गर्नेछ। बालबालिकाहरुलाई उनीहरुको विकासमा आघात् पर्ने कुनै पनि खाले कामहरुबाट मुक्त गरी उनीहरुको संरक्षण गर्नु यस महासन्धिको उद्देश्य हो।

सामान्यतया जोखिम परिस्थितिका कामहरु भन्नाले त्यस्ता खाले कामहरु पर्दछन्, जसको कारणबाट बालबालिकाको आधारभूत अधिकारहरु जस्तै: शारीरिक, मानसिक, सामाजिक र शैक्षिक विकासमा नकारात्मक प्रभावहरु पर्दछन्। तर, महासन्धिको धारा ३ मा यसलाई निम्नानुसार स्पष्ट गरी उल्लेख गरिएको छ -

क) दासत्व तथा दासत्व समान व्यवहारहरुका सबै स्वरुपहरु, जस्तै बालबालिकाहरुको बिक्री तथा जीउ मास्ने बेच्ने, ऋण बँधुवा र बाँधा प्रथा तथा सशस्त्र प्रयोगका लागि बालबालिकाहरुको बलयुक्त वा अनिवार्य भर्नालगायत्का बलयुक्त वा अनिवार्य श्रम।

ख) देहव्यापारको लागि, वा अश्लिल साहित्य उत्पादनको लागि वा अश्लिल प्रदर्शनहरुको लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण।

ग) गैरकानुनी क्रियाकलापहरु खासगरी सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरुमा परिभाषित गरिएबमोजिमका लागु औषधहरुको उत्पादन तथा ओसार-पसारको निम्ति बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण।

घ) स्वयम्मा वा यसलाई सम्पादन गरिने अवस्थाहरुले गर्दा बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरु।

माथि उल्लेखित प्रावधानहरुलाई तत्काल व्यवहारमा कार्यान्वयन गर्न अर्थात् अति जोखिम परिस्थितिका बालश्रमको उन्मूलनार्थ तत्काल कारवाहीहरु संचालन गर्न "सिफारिस नं. १९०" पनि कार्यान्वयनमा ल्याएको छ।

नेपालमा बालश्रम

- आईएलओ-आईपेक (१९९६) का अनुसार, ५-१४ वर्षसम्मका बालबालिकामध्ये
  - ४१.७ प्रतिशत नियमित काम गर्दछन्।
  - ३६.७ प्रतिशत काम गर्ने र विद्यालय जाने गर्दछन्।
  - १५ प्रतिशत केही गर्दैनन्।
  - १५ प्रतिशत घरायसी तथा यस्तै अन्य गैरआर्थिक काम गर्दछन्।
  - बाल श्रमिकहरुमध्ये ५५ प्रतिशत बालिका छन्।
- आर्थिक रुपमा सक्रिय बालबालिकामध्ये २४.७ प्रतिशत कृषि कार्यमा संलग्न छन्।
  - २ लाख गैरआर्थिक क्षेत्रमा काम गर्छन्।
  - १.६ प्रतिशत सेवामूलक श्रमिकका रुपमा काम गर्छन्।
  - ०.८ प्रतिशत साधारण प्राविधिक श्रमिकको रुपमा काम गर्छन्।
  - ०.८ प्रतिशत उत्पादनशील क्षेत्रमा काम गर्छन्।
  - ०.४ प्रतिशत बिक्री कार्यमा संलग्न श्रमिकका रुपमा कार्यरत छन्।
  - ५ हजार बालबालिका सडकमै बस्न तथा काम गर्न बाध्य छन्।
- विभिन्न कार्यमा संलग्न बालबालिकामध्ये ६४ प्रतिशत विद्यालय जान्छन् भने ३६ प्रतिशत जाँदैनन्। २६ प्रतिशत बालक र ४९ प्रतिशत बालिका विद्यालय जाँदैनन्।
- १० जना बालबालिकामध्ये ४ जनाभन्दा बढीले काम गर्दछन्। काम गर्नेहरुको संख्यामध्ये प्रति ८० जना बालक बराबर १०० जना बालिका छन्।
- बालकले भन्दा बालिकाले बढी समय काम गर्दछन्। आर्थिक रुपमा सक्रिय बालिकाहरुमध्ये ८८ प्रतिशतले प्रतिदिन १४ घण्टाभन्दा बढी समय काम गर्दछन् जबकी यति समय काम गर्ने त्यस्ता बालकहरुको

उपरोक्त सिफारिसअनुसार अति जोखिम परिस्थितिका कामहरुबारे धारणात्मक हिसाबबाट अझै स्पष्ट गर्न निम्नानुसारका कुराहरु उल्लेख गरिएका छन्।

क) शारीरिक, मनोवैज्ञानिक र यौन दुरुपयोगमा बालबालिकाहरु उजागर हुन सक्ने कार्य,

ख) जमीनमुनि, पानीमुनि, खतरनाक उचाइहरुमा वा बन्द स्थानहरुमा गरिने कार्य,

ग) खतरनाक यन्त्रहरु, उपकरणहरु र औजारहरुसँगको कार्य वा गह्रुंगो वजनहरु हातैले संचालन वा ओसारपसारमा संलग्न गर्नु,

घ) अस्वस्थ वातावरणमा गरिने कार्य, उदाहरणका लागि बालबालिकाहरुलाई तिनका स्वास्थ्यमा हानी पुऱ्याउने जोखिमपूर्ण वस्तुहरु उठाउनु वा तापक्रमहरु, ध्वनीका स्तरहरु र वा कम्पनहरु,

ङ) खास रुपमा कठिन बन्देजहरु अन्तर्गत गरिने कार्य जस्तै: लामो कार्यघण्टासम्म गरिने वा रात्री अवधिमा गरिने कार्य वा त्यस्तो कार्य जहाँ बालबालिकाहरुलाई रोजगारदाताहरुको परिसरहरुमा बेमनासिव रुपमा बन्द गरेर राखिन्छ।

अति जोखिम परिस्थितिका बालश्रम निर्मूलन सम्बन्धीको महासन्धि अहिले अनुमोदनको क्रममा छ। यसलाई संसारका कतिपय देशहरुले पूर्णत: अनुमोदन गरिसकेका छन्। यद्यपि, अल्पविकसित थुप्रै राष्ट्रहरु यस महासन्धिलाई अनुमोदन गर्ने क्रममा रहेका छन्। यस महासन्धिमा जम्मा १६ धाराहरु रहेका छन्। र, तिनको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा १६ वटा फरक-फरक सिफारिसहरु भएको "सिफारिस-१९०" पनि अनुमोदन भइसकेको छ। यस महासन्धिले बाल श्रमिकहरुको न्यूनतम उमेरलाई बालबालिका अधिकार सम्बन्धी महासन्धिमा जस्तै १८ वर्ष तोकेको छ। महासन्धिको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित राज्य पक्षले वा सदस्य राष्ट्रको सक्षम प्राधिकारीले सम्बन्धित रोजगारदाताहरु र ट्रेड यूनियनहरुसँग परामर्श गरी आवश्यक कार्य संयन्त्र, नियम-कानुनहरु र कार्ययोजनाहरु तर्जुमा गर्नुपर्दछ।

प्रस्तुत महासन्धिको एउटा प्रमुख विशेषता के हो भने, यसमा बालश्रम उन्मूलनको निम्ति श्रमिक बालबालिकाहरुको राहत, पुनर्स्थापन एवम् सामाजिक पूर्नएकिकरणका लागि क्रियाशील रहन सदस्य राष्ट्रहरुलाई आह्वान गरिएको छ। साथसाथै, जोखिम परिस्थितिमा कार्यरत बालबालिकाहरुलाई त्यसबाट हटाइएपछि उनीहरुमा शिक्षाको उज्यालो पुऱ्याउन अर्थात् नि:शुल्क आधारभूत शिक्षा र व्यवसायिक सिपशिक्षा उपलब्ध गर्न र त्यसमा उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक प्रावधानको व्यवस्था गरिएको छ। यो महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठनका ती सदस्यहरुलाई मात्र वाध्यकारी हुनेछ, जसका अनुमोदनहरु अन्तर्राष्ट्रिय श्रम कार्यालयका महानिर्देशकसमक्ष दर्ता भएका हुन्छन्। उपरोक्त महासन्धिको धारा १० को उपदफामा व्यवस्था भएअनुसार

प्रतिशत ८० छ। त्यसैगरी आर्थिक रुपमा सक्रिय बालिकाहरुमध्ये ३५ प्रतिशतले प्रतिहप्ता ४२ घण्टा काम गर्दछन् भने त्यस्ता बालकहरुको प्रतिशत २२ मात्र छ।

- तराईमा भन्दा हिमालमा बढी बालबालिकाले काम गर्दछन्। काममा संलग्नता दर हिमाली क्षेत्रमा ५२. ३ प्रतिशत, पहाडी क्षेत्रमा ४५. ४ प्रतिशत र तराईमा ३६. ३ प्रतिशत छ।
- आईएलओ-आईपेकका अनुसार, करिब १ लाख ७० हजार बालकालिका अत्यन्त जोखिमपूर्ण र निकृष्ट प्रकारको बालश्रममा संलग्न छन्।
- आईएलओ (२००१) का अनुसार,
  - नेपालमा ४ हजार बालबालिका फोहर, प्लाष्टिक आदि टिप्ने कार्यमा संलग्न छन्। जसमध्ये ८८ प्रतिशत बालक र १२ प्रतिशत बालिका छन्। उनीहरुले प्रतिदिन औसत ६ घण्टा काम गर्दछन् र ८७ रुपैयाँ कमाउँछन्।
  - ५५ हजार ६ सय ५५ घरेलु बाल श्रमिक छन्।
  - ४६ हजार २९ बालभरिया छन्। तीमध्ये १२ प्रतिशत बालिका छन्।
  - ५ देखि १८ वर्षबीचका ५७ हजार बाल बँधुवा मजदुर छन्।
  - प्रतिवर्ष १२ हजार बालिका बेचबिखन/ओसारपसार गरिने गर्दछन्।
- आईएलओका अनुसार, कार्पेटमा काम गर्ने बालबालिकाको संख्या ४ हजार २ सय २७ छ।
- बालभरियाहरुमध्ये
  - ग्रामीण क्षेत्रमा लामो दूरीमा भारी बोक्ने ४२ हजार २ सय ४ जना
  - शहरी क्षेत्रमा भरिया काम गर्ने ३ हजार ५ सय ७०
  - बसपार्कमा भरिया काम गर्ने २ सय ५५
  - १२ प्रतिशत बालिका छन्।
- विद्यमान द्वन्द्वका कारण शोषणयुक्त अवस्थामा काम गर्ने बालबालिकाको संख्यामा बृद्धि भएको छ।

(स्रोत: आईएलओ, सिविन)

सदस्यहरुका अनुमोदनहरु महानिर्देशक समक्ष दर्ता गरिएको मितिले १२ महिनापछि यो महासन्धि प्रारम्भ हुने कुरा उल्लेख गरिएको छ।

४. निकृष्ट किसिमका बालश्रमको निर्मूलन र कार्यान्वयन प्रक्रिया

एक राज्य पक्षको रुपमा नेपालले उपरोक्त महासन्धि र सिफारिसहरु अनुमोदन गरेको पनि ४ बर्ष नाघिसकेको छ। विगत ४ बर्षको दौरानमा सरकारले बालश्रम (निषेधित र नियमित गर्ने) ऐन, २०५७ को तर्जुमा गयो। उपरोक्त विधेयक संसदबाट पारित भयो। श्री ५ बाट लालमोहर पनि भयो। राजपत्रमा पनि प्रकाशित भयो। तर, उपरोक्त ऐन कहिलेदेखि कार्यान्वयन हुन्छ भनी तिथी-मिति आधिकारिक रुपमा नतोकिएको हुँदा त्यो निस्कृय अवस्थामा रहेको छ। यथार्थमा भन्ने हो भने, बालश्रम शोषणविरुद्ध नेपालमा कुनै पनि ऐन प्रभावकारी ढंगले कार्यान्वयन भएको छैन। उपरोक्त अवधिमा नेपालमा ४ वटा सरकारहरु फेरिइसके। प्रधानमन्त्री र श्रममन्त्रीहरुले अरु धेरै थरिका नयाँ प्रतिबद्धताहरु जाहेर गरिसके। तर शोषणमा जीवन बिताउन वाध्य बालबालिकाहरुको निम्ति यसले कुनै उत्साह थपेको छैन। यो ऐनकानुन र नीतिहरु उनीहरुको निम्ति आकाशको फल आँखा तरी मर हुन पुगेको छ। सत्ता स्वार्थमा लिप्त सरकारहरु यतिसम्म गैरजिम्मेवार पनि हुनसक्दो रहेछ भन्ने यो एक उत्तम उदाहरण हो।

कहिलेकाहीँ सरकारको कुरा बुझी-नसक्दो पनि हुँदो रहेछ। काम गर्ने बेलामा सरकार कहिले बजेट नभएको, कहिले कार्य नभएको, कहिले ऐन कानुन नभएको इत्यादि अत्तो थाप्ने गर्दछ। तर, निकृष्ट किसिमको बालश्रम निर्मूलन गर्ने सम्बन्धमा सबै कुरा हातमा छ। तैपनि सरकारले दुई कौडीको काम गर्न सकेको छैन। न "गर्छु" भन्ने संघसंस्थाहरुलाई सहयोग र साथ नै दिन सकेको छ। वास्तवमा एउटा असफल राज्य संयन्त्रको उदाहरण यो पनि हो। त्यतिमात्रै नभएर सरोकारवाला व्यक्ति र संस्थाहरुद्वारा उपरोक्त विषयलाई लिएर सर्वोच्च अदालतको ढोका पनि ढकढकाइएको हो। आशा गरौं, यस बिषयलाई उपरोक्त निकायद्वारा मनासिव किसिमले विवेक पुऱ्याउने छ।

मानवअधिकारको संरक्षण, प्रबर्द्धन होस् भनेर यतिञ्जेलसम्म आइपुग्दा विश्वमा मानवअधिकार सम्बन्धी करिब २० वटा भन्दा बेसी अन्तर्राष्ट्रिय दस्तावेजहरु बनिसकेका छन्। समयको विकास सँगसँगै क्रमश: थप अन्तर्राष्ट्रिय प्रावधानहरुको निर्माण हुँदै गइरहेको छ भने व्यवहारमा नयाँ-नयाँ समस्याहरु पनि देखा परिरहेका छन्। यस सम्बन्धी देखा परेका चुनौतिहरुमा सबैभन्दा गम्भीर कुरा भनेको कार्यान्वयनमा रहेका कमजोरीहरु नै हुन्। तसर्थ उपरोक्त सवाल प्रस्तुत महासन्धिको कार्यान्वयनको दौरानमा पनि देखिन सक्ने प्रबल सम्भावना छ। तर अति जोखिम परिस्थितिका बालश्रमलाई कानुनत: र व्यहारगत ढंग दुबै किसिमले निर्मूलन हुन सकोस् भनेर त्यसको कार्यान्वयनको निम्ति "सिफारिस नं. १९०" पनि तर्जुमा भएको छ।

अति जोखिम परिस्थितिमा रहेका बालश्रमको निर्मूलन प्रक्रियामा गर्नु पर्ने प्रमुख कामहरुमा सबभन्दा पहिलो काम भनेको "जोखिमपूर्ण कामको परिभाषा" गर्नु हो। महासन्धिको धारा ३ (घ) अन्तर्गत उल्लेख गरिएका कार्यका किसिमहरु निर्धारण गर्दा र तिनीहरु कहाँ, के-कस्तो अवस्थामा विद्यमान रहेका छन् भन्ने पहिचान गर्दा अन्य कुराहरुको अतिरिक्त माथि उल्लेख गरिएका ५ वटा फरक-फरक स्वभावका कामहरुलाई पनि समावेश गर्नुपर्दछ। त्यसभन्दा अगाडि महासन्धिका सदस्य राष्ट्रले:

क) बालश्रमको अति जोखिम परिस्थितिका कामहरुलाई पहिचान र निन्दा गर्ने,

ख) अति जोखिम परिस्थितिका कामहरुमा संलग्न बालबालिकाहरुलाई कामबाट हटाउने, रोकथाममूलक उपायबाट तिनीहरुको संरक्षण गर्नुपर्दछ,

ग) कलिला बालबालिका, बालक र बालिकाहरु जोखिममा पर्न सक्ने कामहरु र भेदभावबाट पीडित बालबालिकाहरुको राहत, पुनर्स्थापना र सामाजिक एकीकरणमा विशेष जोड दिनु पर्दछ,

घ) बालबालिकाहरु विशेष जोखिममा रहेका समुदायहरुको पहिचान गर्ने, तिनीहरुसम्म पहुँच पुऱ्याउन वा सँगसँगै कार्य गर्ने गर्नुपर्दछ, र

ङ) जोखिम परिस्थितिका बालबालिका-हरुलाई जोगाउन बालबालिका तिनका परिवार र जनसमुदायहरुलाई सचेत र परिचालन गर्न क्रियाशील हुनुपर्दछ।

अति जोखिम परिस्थितिका बालश्रम निर्मूलन सम्बन्धी महासन्धि र तत्सम्बन्धी सिफारिसहरुमा उल्लेखित प्रावधानहरु अनुसार राज्यपक्ष (सदस्य राष्ट्र) ले प्रक्रियागत हिसाबले यसलाई अनुमोदन गरिसकेपछि उपरोक्त सदस्यको हदमा यो वाध्यात्मक हुन जानेछ। यसको निम्ति सदस्य राष्ट्रले यस महासन्धिको भावनाअनुकूल जोखिम परिस्थितिमा बालमश्रमलाई निर्मूलन गर्न आवश्यक राष्ट्रिय कानुन, राष्ट्रिय नीति कार्यक्रम र कार्ययोजनाहरु पनि बनाउनु पर्छ र तिनलाई आमसञ्चारको माध्यमबाट सार्वजनिक जानकारीमा लानु पर्दछ। यस महासन्धिको कार्यान्वयनको निमित राष्ट्रिय कानुनमा उल्लेखित प्रावधानहरु परिपालना नभएको अवस्थामा त्यसप्रति जिम्मेवार ठहऱ्याउनु पर्ने व्यक्तिहरुको बारेमा पनि निधो गर्नुपर्ने कुरा उल्लेख

गरिएको छ। साथसाथै, सदस्य राष्ट्रहरुले एक अति जरुरी बिषयको रुपमा आफनो राष्ट्रिय कानुनहरु मुताबिक अति जोखिम परिस्थितिका बालश्रमका स्वरुपहरुलाई रोकथाम र निर्मूलन गर्न त्यस्ता कुराहरुलाई फौजदारी अपराधको दर्जामा राखी कारवाही अगाडि बढाउनु पर्दछ।

५. चुनौति, सम्भावनाहरु र उपायहरु

"बहुदलीय प्रजातन्त्र" को स्थापना अगाडि हाम्रो देशमा, खासगरी मानवअधिकार सम्बन्धी कानुनहरुको तर्जुमा र तिनको कार्यान्वयनको सम्बन्धमा कुरा गर्दा ज्यादै नै नकारात्मक अवस्था थियो। वि.सं. ०४६ सालमा भएको ऐतिहासिक परिवर्तनले हाम्रो देशमा यस दिशातर्फ व्यापक सुधारहरु भएको महसुस गरिएको थियो। तर, कालान्तरमा ती सुधारहरु कानुन, नीति नियम र कार्ययोजनाहरुमा नै सीमित हुनपुग्यो र तिनको कार्यान्वयन पक्ष ज्यादै कमजोर हुन गएकोमा समाजमा व्यापक जनगुनासो रहेको छ। प्रजातन्त्र आएपछाडि देशको शासन व्यवस्था र कानुन र नीति योजनाहरुको कार्यान्वयन पक्ष जनपक्षीय हुनुपर्छ भन्दाभन्दै थाकेका नेपाली समाजमा अर्को कुनै नयाँ कुराको थालनी हुँदा यो प्रभावकारी भई हाल्ला भन्ने कुरामा प्रशस्त शंका रहेको छ। त्यहाँ सरकारको कार्यशैली र प्रतिबद्धतामा विश्वासको संकट छ। वास्तवमा अति निकृष्ट किसिमका बालश्रम निर्मूलन सम्बन्धी महासन्धि र सिफारिसहरु पनि नेपालको सन्दर्भमा लागू होला र ? भन्ने शंका उपशंका हुनु कुनै अस्वभाविक कुरा हुन सक्दैन। समस्याहरुको सन्दर्भमा छलफल गर्नुपर्दा प्रस्तुत महासन्धि र सिफारिसहरु जतिसुकै प्रगतिशील र कार्यमुखी देखिएतापनि त्यसको कार्यान्वयन एक असाध्य चुनौतिपूर्ण कार्य हो। त्यसमाथि सरकारको काम गर्ने शैली अस्पष्ट, ढिलाढाला र कमजोर हुन जाँदा राज्यको प्रतिबद्धता असफल हुन पुगेका छन्।

"निकृष्ट किसिमका बालश्रम निर्मूलन सम्बन्धी महासन्धि र सिफारिसहरु" अहिले एक ऐतिहासिक दस्तावेज वा एक अन्तर्राष्ट्रिय कानुनको रुपमा विश्वसमक्ष प्रस्तुत भएको छ। प्रस्तुत महासन्धिलाई सहज ढंगले कार्यान्वयन गर्न सजिलो छैन। यसको निम्ति व्यवहारमा थुप्रै खाले राजनीतिक, सामाजिक र आर्थिक चुनौतिहरु सामना गर्नुपर्ने देखिन्छ। राजनीतिक चुनौतिको बिषयमा कुरा गर्दा, जबसम्म सरकारहरु र राज्यसंयन्त्र यस बिषयमा गम्भीरतापूर्वक जिम्मेवार वा संवेदनशील हुँदैन, जबसम्म यस बिषयलाई सरकारले नगरी नहुने एक जरुरी बिषयको रुपमा अंगीकार गर्दैन, वास्तवमा तबसम्म यो समस्या समाधान हुनसक्ने स्थिति छैन। यसको निम्ति प्रत्येक देशमा महासन्धिको भावनाअनुसार र सिफारिसको मर्मअनुसार काम गर्नु आवश्यक छ। राज्यले यसको निम्ति आवश्यक संरचनाहरु बनाउनुपर्छ। र, त्यस संयन्त्रमा काम गर्ने मानिसहरुको क्षमता विकास र अवधारणात्मक स्पष्टताको निम्ति आफ्नो प्रतिबद्धता जनाउनु पर्दछ।

जहाँसम्म महासन्धिको कार्यान्वयनको दौरान आउन सक्ने सामाजिक चुनौतिका बिषयहरु छन्, ती मूलत: दुई किसिमका छन्। एक सामाजिक विद्यमान अशिक्षा र अज्ञानता हो भने अर्को सामाजिक परिचालनको बिषय हो। समाजमा एक जटिल समस्याको रुपमा विद्यमान बालश्रम शोषणको अन्त्य सरकारी प्रयत्नहरुबाट मात्र सम्भव छैन। यसको निम्ति समाजमा व्यापक सामाजिक जागरण र परिचालन हुनु आवश्यक छ। सरकारले नागरिक समाजका क्रियाशील समूहहरु, गैरसरकारी संस्थाहरु, शिक्षक, पत्रकार तथा ट्रेड युनियनहरुको पनि व्यापक परिचालन गर्नु जरुरी छ। जहाँसम्म महासन्धि र सिफारिसहरुको कार्यान्वयनमा देखा पर्ने आर्थिक चुनौतिहरुको कुरा छ, त्यो पनि दुई किसिमका छन्। त्यसको एउटा पाटो जोखिमपूर्ण बालश्रममा संलग्न बालबालिकाहरु तिनका परिवारको जीविका संचालनमा पर्ने बाधा अड्चन र अप्ठ्याराहरु छन् भने अर्कोतिर श्रमिक बालबालिकाहरुको मुक्ति, राहत, शिक्षा, स्वास्थ्य, पुनर्स्थापना र सामाजिक पुनर्एकिकरणको निम्ति पनि थुप्रै धनराशी आवश्यक छ। यसको निम्ति अन्तर्राष्ट्रिय दातृ संस्था, सरकार र गैरसरकारी संघसंस्थाहरुको समन्वयात्मक हिसाबले कार्य गर्नु जरुरी छ।

जोखिमपूर्ण बालश्रमलाई जतिसक्यो त्यति छिटो समाजबाट निर्मूलन गर्नु आवश्यक छ। किनभने, यो अमानवीय र शोषणमूलक कुरा हो। जोखिमपूर्ण बालश्रमको निर्मूलनबारे कुरा गर्दा, हामीले त्यहाँ दुईवटा कुराहरुलाई ध्यान दिनुपर्दछ। जोखिमपूर्ण बालश्रमको एउटा पक्ष भनेको कुनै पनि कामको प्रकृति आफैमा खतरा हुनु हो। यसको दोश्रो पक्ष हो, बालबालिकाविरुद्ध परिलक्षित यौनशोषण, जबरजस्ती श्रम, बँधुवा श्रम, ओसारपसार, लामो समयसम्म गर्नुपर्ने कामहरु इत्यादि। यसको पहिलो पक्ष काम आफैमा जोखिमपूर्ण हुनु हो भने दोश्रो पक्ष भनेको काम जस्तोसुकै होस्, तर त्यहाँ बालबालिकाहरुमाथि कुनै पनि खाले शोषण विद्यमान छन् भने त्यस्तो परिस्थितिको निराकरण हो। तसर्थ, उपरोक्त महासन्धि र सिफारिसहरुलाई व्यवहारमा रुपान्तरण गर्ने सन्दर्भमा "जोखिम परिस्थितिका बालश्रम" बारे अवधारणात्मक स्पष्टता हुनु जरुरी छ। अन्यथा, यसको कार्यान्वयन प्रक्रियाहरुमा समस्याहरु खडा हुनेछन्।

●

बालश्रम विरुद्ध अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको अवस्था

– शरद शर्मा

अध्यक्ष, बाल विकास समाज

बालश्रम विरुद्ध विश्व दिवस नेपालमा पनि मनाइयो। नेपालले बालबालिकाका निम्ति मनाउन लागेको विभिन्न दिवसहरू मध्ये यो पनि एक हो। त्यसो त बालअधिकारको कुरासँगै बालश्रम विरुद्धको मुद्दा उठाइएको पनि लामो समय भइसकेको छ। तापनि बालश्रम उन्मूलन कार्यमा खासै सुधार आएको छैन। बालश्रम उन्मूलन गर्ने सम्बन्धी प्रतिबद्धता श्री ५ को सरकारले सात वर्ष अघि नै सार्क मन्त्रिस्तरीय बालबालिका सम्बन्धी बैठकले पारित रावलपिन्डी घोषणापत्र १९९६ मार्फत् गरिसकेको छ। उक्त प्रतिबद्धता अनुसार नेपालले शुरुमा सन् २००० सम्म जोखिमपूर्ण बालश्रम उन्मूलन गर्ने र सन् २००३ सम्म बालबालिकाहरूलाई बालश्रमका रुपमा प्रयोग नगर्ने लक्ष्य लिएकोमा हाल आएर सन् २०१० सम्ममा कतै पनि बालश्रम प्रयोग नगर्ने गरि आफ्नो लक्ष्य संशोधन गरेको छ। ०५८ साल पुसमा काठमाण्डौमा सम्पन्न एघारौं सार्क शिखर सम्मेलनद्वारा पारित "वेश्यावृत्तिका लागि गरिने बाल बालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम र प्रतिकार गर्ने महासन्धि" मा नेपालले हस्ताक्षर गरि यसको प्रभावकारी कार्यान्वयनका निम्ति सार्क राष्ट्रहरूसमक्ष सहमति समेत जनाइसकेको छ। विगत एक दशकभित्र बाल श्रमिक सम्बन्धी आधा दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय र सार्क स्तरका प्रतिबद्धताहरू समेतमा सहमति जनाइसकेको भएतापनि नेपालमा बालश्रम शोषण एक दुःखदायी यथार्थ बनेको छ। अन्तर्राष्ट्रिय श्रम संगठनको तथ्याङ्क हेर्ने हो भने अझसम्म नेपालमा २६ लाख बालबालिकाहरू विभिन्न श्रममा संलग्न छन्। त्यसमध्ये करिब १ लाख २७ हजार बालबालिका निकृष्ट प्रकारका श्रम गर्न वाध्य छन्। करिब १७ लाख बालबालिका आर्थिक गतिविधमा बढी नै सक्रिय छन्। ती बालबालिकाहरूमध्ये १४ लाखले त पारिश्रमिक नै पाउँदैनन्। नेपालमा बालबालिकाहरू करिब ६० प्रकारका श्रम क्षेत्रमा कार्यरत रहेको पाइएको छ। तीमध्ये कृषि र घरेलु उद्योगमा सबैभन्दा बढी अर्थात् ८६ प्रतिशत बालबालिकाहरू संलग्न रहेको पाइएको छ। यति धेरै बाल श्रमिकहरू देशमा रहँदा-रहँदै पनि बालश्रम शोषण नियन्त्रण र रोकथामको निम्ति सरकारी संयन्त्र प्रभावकारी हुन सकेको छैन। ०५६ सालमा नै संसदबाट पारित भई लालमोहर समेत लागेको "बालश्रम (निषेधित र नियमित) ऐन" हालसम्म श्री ५ को सरकारले लागू गर्न सकेको छैन।

नेपाललगायत् विश्वका करिब २५ करोड बाल श्रमिकहरूको समस्या त्यसमा पनि विशेष गरेर निकृष्ट प्रकारको बालश्रम उन्मूलन गर्ने उद्देश्य लिएर अन्तर्राष्ट्रिय श्रम संगठनले गत वर्ष पहिलो पटक बालश्रमविरुद्ध विश्व दिवसको थालनी गरेको र यस विश्वव्यापी अभियानलाई तीव्र पार्न हरेक वर्ष जुन १२ का दिन बालश्रम विरुद्ध विश्व दिवस मनाउने घोषणा गरेको थियो। त्यसपछि बालश्रम विरुद्ध विश्व अभियानले तीब्रता लिन थालेको छ भन्ने कुरा निकृष्ट प्रकारका बालश्रम विरुद्ध अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ र न्यूनतम उमेर सम्बन्धी आईएलओ महासन्धि नं. १३८ लाई अनुमोदन गर्ने राष्ट्रहरूको संख्यामा आएको बृद्धिबाट पनि प्रमाणित हुन्छ। यस वर्षको बालश्रमविरुद्ध विश्व दिवसको विषयवस्तु विश्वका अधिकांश राष्ट्रहरूलाई प्रभाव पारेको "बाल बेचबिखन" लाई लिइएको थियो। विश्वका करिब १२ लाख

बालबालिकाहरू यस अपराधबाट प्रभावित भएको अनुमान गरिएको छ। बेचबिखनमा परेकाहरू कारखाना, ढुङ्गाखानी, वेश्यालय, जरी भर्ने कारखाना, सर्कस, मगन्ते पेशा, घरेलु बाल मजदुर र कृषि क्षेत्रलगायत्का क्षेत्रहरूमा शोषणमूलक श्रम गर्न वाध्य बनाइएका छन्। यस वर्षको विश्व दिवसमा बाल बेचबिखनको विषयवस्तु दिइएता पनि यसमा मात्र केन्द्रित नभई सबै प्रकारको बालश्रमप्रति ध्यानाकर्षण गराउने तथा यसको विश्वव्यापी उन्मूलन गर्ने अभियानलाई व्यापक समर्थन जुटाउने अवसरका रुपमा पनि लिइएको छ।

नेपालमा शहरीकरणले तीब्र गति लिइरहेको अवस्था छ। यसरी बढ्दो शहरीकरणका साथसाथै बालबालिकाहरू विभिन्न प्रकारका जोखिममा पर्ने र विभिन्न प्रकारका अपराधिक क्रियाकलापहरूमा संलग्न गराइन सक्ने खतरायुक्त अवस्था रहने हुँदा सामाजिक सतर्कताको ठूलो खाँचो भइसकेको छ। सडक बालबालिकाहरूका सामाजिकीकरण र पुनर्स्थापन कार्यको शुरुवात सन् १९८९ देखि नै संचालन भएका छन्। तर गाउँबाट शहर आउने बालबालिकाहरूको संख्या निरन्तर बढिरहेकोले सडक बालबालिकाका साथै विभिन्न प्रकारको शोषणयुक्त कार्यमा संलग्न हुन तथा विभिन्न प्रकारका अपराधिक कार्यक्रममा समेत संलग्न हुन वाध्य बनाइएका छन्। वर्षेनी काठमाण्डौमा मात्र करिब ३०० जना सडक बालबालिका आउने गरेका छन् भने नेपाल अधिराज्यका शहरी क्षेत्रमा करिब ५ देखि ७ हजार सडक बालबालिकाहरू रहेको अनुमान गरिएको छ। यसदेखि बाहेक इँटा भट्टा, रोडा ढुङ्गा उद्योगमा, बस टेम्पोको खलाँसी, गलैंचा कारखानालगायत् घरेलु बाल मजदुर र अन्य प्रकारका नयाँ क्षेत्रमा रहेका बाल श्रमिकको लेखाजोखा हुन सकेको छैन।

गत दशकदेखि नेपालमा बालश्रम सम्बन्धमा धेरै नै जनचेतना अभिबृद्धि भएको छ। तर, बालश्रमलाई हेर्ने दृष्टिकोणमा खास तात्विक भिन्नता देखिएको छैन। तापनि गत दशकदेखि नै बालश्रम विरुद्धमा कार्य गर्ने उद्देश्यले विभिन्न गैरसरकारी संस्थाहरू स्थापना भएका छन्। ती संस्थाहरूले आफ्नो श्रोत र साधनले भ्याएसम्म बाल श्रमिकहरूको निम्ति शिक्षा, स्वास्थ्य कार्यक्रमका अलावा श्रमबाट विस्थापित तथा जोखिमपूर्ण कार्यबाट उद्धार गरिएका बालबालिकाहरूको लागि सामाजिकीकरण र पुनर्स्थापनका विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएका छन्। नेपालमा बालबालिकाको श्रम शोषण सम्बन्धी कुरा गर्दा बाल यौन शोषण र चेलीबेटी बेचबिखन ज्यादै नै निकृष्ट स्तरको शोषण हो भन्दा अत्युक्ति नहोला। विगत वर्षहरूमा बाल यौन शोषण र चेलीबेटी बेचबिखन बारेमा निकै प्रचारप्रसारका साथै यस्ता कार्यमा संलग्न केही व्यक्तिहरूमा कारवाही पनि नभएका होइनन्। तर, जे जति प्रचारप्रसार भए के ती घटनाहरू वास्तविक रुपमा बढेकै हुन् वा बालबालिकासँग सम्बन्धित संस्थाहरू बढी जागरुक भएका कारण बढी प्रचार प्रसार भएका हुन् यकिन साथ भन्न सकिदैन। जे जति भए पनि बाल यौन शोषण तथा चेलीबेटी बेचबिखन जस्ता बाल शोषण नेपाली समाजमा विद्यमान छ भन्ने कुरामा ठोकुवा गर्न सकिन्छ। यौन शोषण हरेक क्षेत्रमा व्याप्त छ भन्ने कुरामा द्विविधा छैन। गाउँघरदेखि विद्यालय र सामाजिक संघ संस्थाहरूमा समेत यस प्रकारको घटनाहरू भइरहेको सुनिने गरेको छ। वर्तमान बालबालिका सम्बन्धी कानुनमा समसामयिक संशोधन नगरिएमा बाल यौन शोषण लगायतका अपराधीहरू कानुनको दायराबाट बच्दै जानेछन्।

त्यस्तै बालबालिकाहरूलाई घरदेखि विद्यालयसम्म विभिन्न प्रकारका यातना दिनुका साथै दुर्व्यवहार हुने गरेको पाइन्छ भने छोराछोरीको पालन पोषण, शिक्षा जस्ता कुराहरूमा पनि भेदभाव भएको देखिन्छ। त्यस्तै प्रकारले अपाङ्गहरूप्रतिको सामाजिक धारणा र अन्धविश्वासका कारण अपाङ्ग बालबालिकाहरू अपहेलित र उपेक्षित जीवन यापन गर्न अभ्रसम्म पनि वाध्य छन्। विगत ७ वर्षदेखि देशमा भएको सशस्त्र संघर्षमा बालबालिकालाई पुस्तकको बदला बन्दुक बोक्न वाध्य पारिएका र कतिपय बालबालिकाहरूलाई अनाथ र टुहुरा पारिएका कारण दयनीय स्थितिमा रहेको कुरा सुन्दा मनै झसङ्ग पार्दछ।

यसरी घरपरिवारदेखि समाजका विभिन्न तहका र सडकदेखि जङ्गलसम्म शोषणका शिकार हुन पुगेका बालबालिकाको शिक्षा, स्वास्थ्य, कल्याणका साथै पुनर्स्थापना र सामाजिकीकरणका लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरमा विभिन्न प्रकारका प्रतिबद्धता गरिएता पनि सोको कार्यान्वयनमा जबसम्म सक्रियता अपनाइँदैन तबसम्म हुनेवाला केही देखिँदैन। यसमा खासगरी सरकारी पक्षको अहम् भूमिका रहन्छ भने त्यसको कार्यान्वयनमा गैरसरकारी संस्थाहरूको भूमिका पनि कम छैन। अत: बालश्रम शोषण उन्मूलनका सम्बन्धमा अन्तर्राष्ट्रिय, सार्क स्तरीय तथा राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धतालाई सरकारी पक्षबाट बढी जिम्मेवारी लिई सहयोगी गैरसरकारी संस्थाहरूलाई क्रियाशील बनाउन सकिएमा बालश्रम विरुद्ध दिवस मनाएको सार मिल्ने छ नत्र अन्य क्षेत्रमा झैं "हात्ती आयो हात्ती आयो फुस्सा" सिवाय केही हुने वाला छैन।

●

गरीबी र बालश्रम

- डा. निरञ्जनप्रसाद उपाध्याय

प्रत्येक विकसित र विकासशील देशका लागि गरीबी र बालश्रम अन्तरसम्बन्धित विषय हुन्। मानवीय र आर्थिक श्रोत, सम्पत्ति र सूचनाको नियन्त्रणमा पहुँच नहुनु गरीबीको कारण हो। त्यसैले बालश्रम विरुद्धको संघर्षमा गरीबी निवारण अत्यावश्यक तत्व हो। समाज वैज्ञानिकहरु गरीबीले समाज र बालबालिकालाई चिन्ताजनक अवस्थामा लैजान्छ भन्ने गर्दछन्। आधारभूत आवश्यकता गास, बास र कपासबाट वञ्चित भएको अवस्थामा, बालबालिकाहरु त्यसको प्राप्तिका लागि वा बाँच्नका लागि विकल्प खोज्न वाध्य हुन्छन्। चार्ल्स डार्विनले सन् १८५९ मा नयाँ सिद्धान्त प्रतिपादन गरे, जसलाई "डार्विनवाद" भनिन्छ। नेपालको गरीबीको बारेमा अनुसन्धानकर्ताहरुले विभिन्न कारण दर्शाएका छन्। ती हुन्- तीब्र जनसंख्या बृद्धिदर, अपर्याप्त समाजिक-आर्थिक पूर्वाधार, भ्रष्टाचार, न्यून सेवा प्रदान, उत्पानदशीलताको कमी र श्रोतको अपर्याप्त प्रयोग, राजनीतिक प्रतिबद्धताको कमी, गरिब सम्बन्धी कार्यक्रमको अभाव, गरिबमाझ प्रारब्धवादको गहिरो प्रभाव, कमजोर व्यवस्थापन, कामप्रति समर्पणको कमी, प्रभावशाली अनुसन्धानको अपर्याप्तता, अनुगमन संयन्त्रको अभाव आदि। विश्व बैंकका प्रमुख अर्थशास्त्री एवम् वरिष्ठ उपाध्यक्ष निकोलस स्टर्न के भन्दछन् भने नेपालमा गरीबी हटाउन चाँडोभन्दा चाँडो त्यस्तो नीति निर्धारण गरिनु पर्दछ, जसले गाउँदेखि शहरसम्म र जनजाति समुदायले विकास प्रक्रियामा सहभागी [illegible] सकुन्।

बालश्रम त्यस्तो कार्य हो, जसबाट बालबालिका शोषित हुन वाध्य पारिन्छन्। बालश्रम विरुद्धको संघर्ष र महिला-पुरुष समानताको अभिबृद्धिले मानवअधिकारको मुख्य सवाललाई सम्बोधन गर्दछन् र यी सवाल जनकेन्द्रित, दिगो, आर्थिक-सामाजिक विकासका पूर्वशर्त हुन्। धेरैजसो समाजमा बालिकाहरु निकृष्ट प्रकारको श्रममा लागेको पाइन्छ। यो तथ्य महिला र बालिकालाई समाजमा तल्लो स्तरमा राखिने प्रचलनसँग पनि सम्बन्धित छ।

नेपालमा बालबालिका

- १४ प्रतिशत शहरमा र ८६ प्रतिशत गाउँमा बस्दछन्।
- ४० प्रतिशत अति गरिब परिवारका छन्।
- ४७ प्रतिशत कुपोषणबाट पीडित छन्।
- ८० प्रतिशत विद्यालय भर्ना गरिन्छन् तर ५१ प्रतिशत मात्र प्राथमिक तह पार गर्दछन्।
- ८६ प्रतिशत बालक र ७४ प्रतिशत बालिका प्राथमिक तहमा भर्ना गरिन्छन्।
- कूल जनसंख्याका ४१ प्रतिशत संख्या १६ वर्षमुनिका बालबालिकाको छ।
- प्रति वर्ष २७ हजार बालबालिका झाडापखालाका कारण मर्दछन्।
- केवल ६४ जिल्लामा अस्पतालको सुविधा छ।

- प्रति १ लाख महिलामध्ये १ हजार ५ सयको प्रसुती अवस्थामा मृत्यु हुन्छ।
- नेपालमा एउटामात्र राष्ट्रिय स्तरको सरकारी बाल अस्पताल छ।
- १ लाख ४ हजार ६६ बालबालिकाको लागि एक जना मात्र बालरोग विशेषज्ञ छ।
- देशभर गरी २३ हजार ८ सय ८५ प्राथमिक विद्यालय छन्।
- २६ लाख बालबालिका विभिन्न प्रकारको श्रममा संलग्न छन्।
- १०-१४ वर्षका बालिकाले सोही उमेर समूहका बालकभन्दा दोब्बर काम गर्दछन्।
- ३४ प्रतिशत विवाहमा १५ वर्षमुनिका बालबालिकालाई संलग्न गराइएको हुन्छ।

(श्रोत: सिविन, केन्द्रीय तथ्यांक विभाग, युनिसेफ, शिक्षा मन्त्रालय, आईएलओ-आईपेक, परिवार नियोजन परियोजना-यूएनएफपीए, नेपाल मेडिकल काउन्सिल)

मनोवैज्ञानिक तवरले हेर्ने हो भने गरीबीको कारणले बालबालिका विभिन्न प्रकारका काम, जस्तै: गाडी सफा गर्ने, होटलमा काम गर्ने, केटाकेटी हेर्ने आदि काम गर्दछन्। बालिकाहरु त झन् जोखिमपूर्ण र बढी शोषित हुने पेशा अपनाउन पुगेका हुन्छन्। देहव्यापार र बेचबिखनको शिकार हुन सक्छन्। यस्ता श्रम शोषण रोकथाम गर्न सरकारले विशेष प्रकारको कार्यक्रम संचालन गर्नुपर्दछ।

विश्व बैंक (२००३) ले औंल्याएको छ कि गरीबीविरुद्धको लडाईंको प्रगतिमा विभिन्न कारणहरुले व्यवधान खडा गरेका छन्। त्यस्ता कारणहरुमध्ये निस्प्रभावकारी र अस्थीर सरकार पनि पर्दछ। विकासशील देशहरुको गरीबी निवारण रणनीति र वित्तीय क्षेत्र, सार्वजनिक खर्च, भ्रष्टाचार विरुद्धको लडाई, भौतिक संरचना संचालनको वातावरण तथा तत्कालिक कार्ययोजना आदिको सुधारका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरिएको छ। गरीबीको सवालमा इनेब्लिङ् स्टेट प्रोग्राम (२००१) का कार्यक्रम व्यवस्थापक माइकल ई. लो भन्छन् कि नेपालमा प्रभावकारी शासनविना गरीबी निवारण गर्न सकिँदैन। उनको धारणा छ- यसप्रकारको समस्याको शिकार बहुसंख्यक नेपाली जनता भएका छन्, जो गरिब र उपेक्षित छन्। फलस्वरुप, नेपाल अहिले विश्वको सबैभन्दा गरिब देशहरु मध्ये पर्दछ, यहाँको जनसंख्याको आधा भाग गरीबीको रेखामुनि जीवन यापन गर्दछ।

गरीबी के हो ?

"गरीबी राम्रो जीवनस्तर तथा अन्य नागरिक, साँस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारका लागि आवश्यक पर्ने श्रोत, क्षमता, छनौट, सुरक्षा तथा शक्तिको निरन्तर र जटिल विमुखताजन्य मानवीय अवस्था हो।" गरीबी भनेको आर्थिक र भौतिक स्रोतबाट वञ्चित हुनु मात्र होइन, मानवीय गरिमाको उल्लंघन समेत हो।

बालश्रम र गरीबी

गरीबी र बालश्रम एउटै सिक्काका दुई पाटा हुन्। सामान्यत: ग्रामीण क्षेत्रका बालबालिकालाई अभिभावकहरुले शहरी क्षेत्रमा घरेलु कामदारको रुपमा शहर पठाउँछन्। मुख्यत: आफ्ना बालबालिकालाई पाल्न नसक्ने कारण देखाउँदै टाढा काममा पठाउन अभिभावकहरु सहमत भएका हुन्छन्। बालश्रम विशेषज्ञ ई. एफ. सिलम (२००१) का अनुसार दक्षिण एशियामा बंगलादेशी बालबालिकालाई वेश्यावृत्ति, बालश्रम, उँटदौड, विवाह र मानवअंग बिक्रीको लागि ओसारपसार गरिन्छ। भारत, पाकिस्तान, मलेशिया र मध्यपूर्वका मुलुकहरुमा बंगलादेशी बालबालिकाहरु प्रशस्त भेटिन्छन्। माइती नेपालको अनुमानमा वार्षिक ५ देखि ७ हजार बालिका देहव्यापारको लागि नेपालबाट भारत पुऱ्याइन्छन्। बालकहरु पनि निर्माण, उद्योग, इँटा भट्टा, चिया वगान र औद्योगिक क्षेत्रमा काम गराउन लगिन्छन्। भारत र नेपालका बालिका कृषि क्षेत्रमा, माछा पालन र देहव्यापारको लागि पाकिस्तान पुऱ्याइने गरेको देखिएको छ। वर्तमान अवस्थामा विकासशील मुलुक खासगरी दक्षिण एशियाली मुलुकमा घरेलु कामदारको रुपमा बालबालिकाहरु अत्यधिक मात्रामा भेटिन्छन्। नि:शुल्क र अनिवार्य शिक्षाको अभाव, व्यापक गरीबी, द्रुत गतिमा परिवर्तन भइरहेको समाज, रोजगारीको न्यून अवसर भएका मुलुकहरुमा यस्तो खालको साझा समस्या छ।

नेपालमा बालश्रमको स्थिति विश्लेषण गर्दै युनिसेफले वस्तुनिष्ठ अध्ययन गरेको छ। उक्त अध्ययनमा बताइएको छ- १० देखि १४ वर्षसम्मका बालबालिकामा ५० प्रतिशत विद्यालय जान्छन्, २५ प्रतिशत आर्थिक रुपले सक्रिय छन् र २५ प्रतिशत घरेलुलगायत् अन्य काममा संलग्न छन्। अध्ययनमा भनिएको छ- एकतिहाई बाल श्रमिकहरुको मासिक आम्दानी ५ सय रुपैयाँभन्दा कम छ। बाल श्रमिकको कूल संख्याको दुई तिहाईको आम्दानी मासिक १ हजार भन्दा कम छ। तीमध्ये आधाजसोले बस्ने सुविधा पाएका हुन्छन्। ८० प्रतिशत बाल श्रमिकले दैनिक ८ घण्टाभन्दा बढी समय काम गर्नु पर्दछ। आईएलओले पर्खाल जस्तो तेर्सिएको गरीबि हटाउन जीवन यापनको विकल्प उपलब्ध गराउन जोड दिएको छ। न्यून आयस्रोत भएका परिवारलाई उत्पादनशील सीप, साक्षरता, संचार,

संगठनात्मक र समूह निर्माण तालिम एकीकृत रुपमा उपलब्ध गराई, उनीहरुको आर्थिक स्तर र अवस्थालाई माथि उठाउन सकिन्छ।

मनोवैज्ञानिकहरु बताउँछन्- समाज, संस्कृति, अर्थज्ञान र धर्मबाट कुनै व्यक्तिले पाउनु पर्ने सेवा पाउन नसक्दा शारीरिक र मानसिक आघात पुग्दछ। वञ्चित गरिएको समय अवधि जति बढ्दै जान्छ, त्यसको आघातमा पनि बृद्धि हुँदै जान्छ।

मानवीय प्रेरणा आवश्यकतामा आधारित हुन्छ। केही प्राथमिक आवश्यकता हुन्छन्, जस्तै हावा, पानी, योजना, निन्द्रा आवास आदि। अतिरिक्त आवश्यकता भने दोस्रो दर्जाका हुन्छन्, माया-मोह, इज्जत प्रतिष्ठा। यी आवश्यकताहरु समय र सामर्थ्य अनुसार व्यक्तिहरु पिच्छे फरक हुन सक्दछ। समाज मनोवैज्ञानिकहरु के भन्छन् भने आधारभूत आवश्यकताबाट वञ्चित गरिएको मानिसले आफूलाई अपूर्ण र हीन ठान्दछन्, जब उनीहरुले अवञ्चित व्यक्तिहरुसँग आफूलाई दाँज्छन्।

वालश्रम र गरीबी अत्यन्त चिन्ताजनक र व्यापक छलफलको विषय भएको छ। गरीबी र बालश्रमको आपसी सम्बन्ध छ। बालक वा बालिकालाई आवश्यकताबाट वञ्चित गरिएको अवस्थामा उनीहरुको मानसिक सन्तुलनमा तल(माथि पर्ने जान्छ। त्यसमाथि बाँच्नका लागि जस्तोसुकै नराम्रो बाटो अंपनाउँछन्। मुख्यत: अनियन्त्रित गरीबी, अशिक्षा र अज्ञानता बालश्रमको बृद्धिको कारण हो। वहुदलीय व्यवस्थाको पुनर्स्थापना, बालबालिकासँग सम्बन्धित सवाल जस्तै बालश्रम, गरीवि, वालशोषण, बालबालिका ओसारपसार बारे संचार माध्यम उजागर गर्न थालेको छ। यसबाट जनतामा बालअधिकारबारे चेतना अभिबृद्धि भएको छ।

आजकल बालबालिकासँग सम्बन्धित गैरसरकारी संस्थाहरुले विभिन्न वैज्ञानिक रणनीतिहरु निर्माण गर्दै, गरिबका लागि अवसर, विकल्प, सृजना, गरीवलाई वैकल्पिक आययस्रोत, बालबालिकालाई आफ्ना अधिकारप्रति सचेत पार्ने, शिक्षा दिने काम गर्दै आएका छन्।

खासगरी, गरीबी र बालश्रमसँग सम्बन्धित विभिन्न पक्षमा नीति र रणनीति निर्माण गर्न संयुक्त टोली बनाउनु अत्यावश्यक छ।

(सारांश अनुवाद- **आभास शर्मा**)

हराएको बालापन

– मञ्जु खनाल

(१)

कापी-कलम बोक्नुपर्ने हातले बसको हयाण्डल समातेको थियो। अर्को हातको औंलाको बीचमा नोटहरु च्यापेर ऊ कराउँदै थियो- "चक्रपथ ! महाराजगञ्ज.... पुरानो बसपार्क ! कहाँ जाने, ओ दिदी ! आउनुस्, आउनुस्।"

हात हल्लाउँदै मलाई बोलाउने, त्यो केटातिर हेरें। लुगा मात्र होइन, उसको अनुहार र हात पनि धुलिएको थियो।

ऊ यात्रुहरुसँग भाडा माग्दथ्यो। पैसा फिर्ता दिन्थ्यो। ओर्लने र चढ्ने बेलामा बाँटीको नशा फुल्नेगरी कराउथ्यो- "सिट खाली छ। एकैछिन उभिनुस् न है। ऊ, त्यो पर सिट खाली हुन्छ, अनि बस्नुहोला। ठूलो भरेड ओर्लने छ ? गुरुजी, रोक्नुस् है, यहाँ छ है छ।"

बोटोभरि यस्तै भइरह्यो। महाराजगञ्ज पुगेर म बसबाट ओर्लिएपछि बीस रुपैयाको नोट दिएर बाकी पैसा लिन पर्खेर उभिएँ। ऊ अरु यात्रुहरुसँग भाडा लिन व्यस्त थियो। भीड कम हुन थालेपछि उसले मलाई पैंतालीस रुपैया फिर्ता दियो। त्यसपछि मैले भनें- "यो के गऱ्या तिम्ले ?"

पहेंला दाँत देखाउँदै खिसिक्क परेर उसले मलाई पचास रुपैयाको नोट दिँदै भन्यो- "कस्तो भुसुक्कै बिर्सेकोर दिदीले त मलाई सय रुपैया पो दिनु भएको, साच्ची।"

कस्तो बेवकुफ रैछ ऊ ! मैले पचासौं रुपैया फिर्ता दिँदै भनें- "तिमीलाई मैले बीस रुपैया पो दिएको त !"

एक छिन वाल्ल परेर मातिर हेर्दै, त्यो १०-११ वर्षे केटोले जवाफ दियो- "बेवकुफ तपाईं कि म !"

मैले उसको अनुहारमा बालापन खोज्ने असफल प्रयास गरें।

(२)

जाडो होस् वा गर्मी, ७-८ बजे बिहान ऊ फुटपाथमा कराउँदै अखबार बेच्ने गर्दछ, "लौ आयो, मारामार, लौ हेर्नुस्।"

गोबिएको बसभित्र छिरेर ऊ कराउने गर्दछ, "फलानो ठाउँमा बम विस्फोट। मुठभेडमा यति मारिए, यति घाइते भए।" यात्रुहरुले अखबार माग्नेको बेला ऊ खुशी देखिन्छ। अखबारको हेडलाइन सर्सर्ति हेरेर फिर्ता गरेपछि ऊ तिन्याउरो हुन्छ। यस्तो अवस्थामा म एउटा अखबार किन्ने गर्छु।

एक दिन मैले सोधें- "तिमी सधैं अखबार बेच्ने गर्छौ। तिमीलाई कस्तो समाचार मन पर्छ?" उसले जवाफ दियो- "बम पड्केको, गोली चलेको, अपहरण गरेको .....।" त्यस्तो फुच्चेघाट यस्तो जवाफ आउला भनेर मैले कल्पना समेत गरेकी थिइनें। मैले सोधें- "त्यस्तो समाचार किन मन पर्छ, तिमीलाई?"

७-८ वर्षको त्यो बालकले दृढतापूर्वक जवाफ दियो- "यस्ता समाचार छापिएको पत्रिका बढी बिक्ने हुन्छ। जति धेरै पत्रिका बिक्छ, मलाई त्यति धेरै नाफा हुन्छ।"

शिक्षा त पाइयो, तर तलब हरायो

- मिलन घटेल
महासचिव, सिविस

केही समय यता खुशीको खबर के सुन्न पाइयो भने, काठमाण्डौका धेरै घरेलु बाल श्रमिकहरुले विद्यालय जाने अवसर प्राप्त गर्न थालेछन्। राष्ट्रिय श्रम प्रतिष्ठानको हालैको अध्ययनले झण्डै ५०% घरेलु बाल श्रमिकहरुले विद्यालय शिक्षा अध्ययन गरिरहेको देखाएको छ जबकी सन् २००० मा सिविसले गरेको अध्ययनमा केवल ११ प्रतिशत घरेलु बाल श्रमिकहरुले मात्र जेनतेन विद्यालय अध्ययन गरिरहेको पाइएको थियो। यदि हाल देखिएको प्रगति यथार्थमा नै सबै ठाउँमा लागू भएको हो भने हामीले घरेलु बालश्रमका विषयलाई उठाउने गैरसरकारी संस्था, सञ्चार माध्यम र सक्रियतापूर्वक लाग्ने नागरिक समाजलाई धन्यवाद दिनै पर्दछ।

झण्डै २० प्रतिशत घरेलु बाल श्रमिकहरु श्रममा संलग्न हुनुपर्ने कारण भने उचित शिक्षा प्राप्त गर्ने रहेको छ। शिक्षालाई हामी सचेतना र सशक्तिकरणको माध्यमको रुपमा लिन्छौं। अवश्य पनि घरेलु बाल श्रमिकहरुलाई पनि शिक्षाले सचेत र सशक्त बनाएको छ तर जति सशक्त भए पनि के गर्नु- जब तलब नै हात पर्दैन र १६ बर्षको उमेरमा केवल ५ कक्षासम्म अध्ययन गर्न पाइन्छ भने। त्यसपछि त काम पनि सकियो, पढाई पनि सकियो। अनी फेरी अर्को काम, जहाँ शिक्षाको संभावना अत्यन्तै कम हुन्छ। सिविसले विद्यालय गइरहेका घरेलु बाल श्रमिकहरुमा गरेको एक अध्ययनअनुसार अधिकतम (२७ प्रतिशत) बाल श्रमिकहरु कक्षा ५ मा रहेको पाइएको थियो। कक्षा बढ्दै जाँदा यो संख्या घट्दै गरेको पनि देखियो। जस्तो कि कक्षा ८ मा केवल ७ प्रतिशत मात्र थिए भने दश कक्षासम्म नै पढ्ने बाल श्रमिकहरुको संख्या औंलामा गन्न सकिने थियो। यो समस्या बालिकाहरुमा झनै रहेको छ। १४ बर्ष पुगेपछि बालिकाहरुलाई रोजगारदाताले घरमा राख्न खतरा महसुस गर्ने हुँदा, १० वर्षको उमेरमा अध्ययन शुरु गरेका बालिका श्रमिकहरु ४ कक्षा पनि पुग्न नपाउँदै विद्यालय शिक्षा छोड्न वाध्य भएका छन्।

विद्यालय गइरहेका बाल श्रमिकहरुको लागि देखिएको अर्को प्रमुख समस्या भनेको आर्थिक शोषण हो। पढाई खर्च रोजगारदाताले व्यहोरिदिएको नाममा विद्यालय जाने अधिकांश घरेलु बाल श्रमिकहरुले तलब पाउँदैनन्। सिविसको अधययनअनुसार विद्यालय गइरहेकामध्ये ८८ प्रतिशत घरेलु बाल श्रमिकहरुले तलब पाएका छैनन् भने उनीहरुमध्ये ८३ प्रतिशतलाई मात्र रोजगारदाताले पढ्ने खर्च व्यहोरेका छन्। तलब पाउने गरेका बाँकी १२ प्रतिशत बाल श्रमिकहरुको पनि तलब घटाएका छन्। थोरै विद्यालय शुल्क, आफ्नै घरका पुराना लुगामा ड्रेस, छोराछोरीका पुराना कापीकिताब अनि कलम प्रयोग गर्न दिएर बालबालिकाको पसिनाको शोषण गर्न रोजगारदाताहरु पल्केका छन्। यी बाल श्रमिकहरुमध्ये ५३ प्रतिशत आफूले तलब र शिक्षा दुबै पाउनुपर्ने तर कुरा उठाउँदा कुटाई खाने डरले माग नगरेको बताउँछन्। यसरी हेर्दा, शिक्षाले बालश्रम घटाउँदछ भन्ने हाम्रो बुझाई कतै शिक्षाले बँधुवा बालश्रम बढाउँदछ भन्नेतर्फ त अग्रसर भइरहेको छैन ?

अधिकांश घरेलु बाल श्रमिकहरु शहरी क्षेत्रका सरकारी विद्यालयमा अध्ययनरत छन र शहरी क्षेत्रका सरकारी विद्यालयको अवस्था कति जीर्ण र नाजुक छ, त्यो हामी सबैलाई थाहा भएकै कुरा हो। शिक्षकहरु बाल श्रमिकको विशिष्ट अवस्थाप्रति संवेदनशील नहुनु, विद्यालयमा उचित भौतिक सामग्रीहरु नहुनु र न्यूनतम सुविधाहरु पनि नहुनाले बाल श्रमिकहरु विद्यालय शिक्षाबाट विकर्षित भइरहेका छन्। सिविसले गरेको अध्ययनमा बाल श्रमिकहरुले विद्यालय वातावरणमा सुधार हुनुपर्ने आफ्नो अपेक्षा व्यक्त गरेका थिए। जसमध्ये ३० प्रतिशतको समस्या भनेको विद्यालयमा उचित शौचालयको अभाव नै थियो। विद्यालयका शिक्षकहरु पनि यी समस्याहरुलाई सजिलै स्वीकार गर्नुहुन्छ। उहाँहरुको गुनासो छ कि "बाल श्रमिक र गरिब बालबालिका पढ्ने विद्यालयको बारेमा नीति निर्माणको तहमा बसेका धनीहरुको आँखा कहिले पुग्ने हो?" अपर्याप्त सुविधा, संवेदनहीन व्यवहार र गुणस्तरहीन शिक्षा पद्धति प्राप्त गरिरहेका घरेलु बाल श्रमिकहरुलाई यो शिक्षाले साँच्चै नै मुक्ति देला त?

शिक्षा लिइरहेका थोरै घरेलु बाल श्रमिकहरुले पनि प्रोत्साहन प्राप्त गर्न नसकेको कुरा यथार्थ हो। बिहानै उठेर घरका सबै कामकाज सक्नु, अनि विद्यालयको कक्षा शुरु भइसकेपछि मात्र कक्षा कोठामा हतारिँदै पुग्नु, विद्यालयबाट फर्कन भ्याउँदा-नभ्याउँदै आफ्नो नियमित काम कारवाहीमा पुन: व्यस्त हुनु शिक्षा प्राप्त गर्न पाएका घरेलु बाल श्रमिकहरुको दैनिकी बनेको देखिन्छ। यस्तो अवस्थामा उनीहरुले कुन समयमा आफ्नो अध्ययनलाई व्यवस्थित गर्न सक्लान् ? यो गम्भीर विषय हो। प्राय:जसो पहिलो कक्षा शुरु भइसकेपछि पुग्नु र अन्तिम कक्षा सकिनुअघि नै विद्यालयबाट फर्किनुपर्ने वाध्यता घरेलु बाल

नेपालमा घरेलु बाल श्रमिकको अवस्था

- नेपाल अधिराज्यभरका शहरी क्षेत्रहरुमा घरेलु बाल श्रमिकहरुको संख्या ५५ हजार ६ सय ५५ छ।
- काठमाण्डौं उपत्यकामा मात्र घरेलु बाल श्रमिकको संख्या २१ हजार १ सय ९१ छ।
- ८८ प्रतिशत घरेलु बाल श्रमिकहरुले आफ्नै बाबुआमाको सल्लाहमा श्रममा संलग्न भएको बताएका छन्।
- ५५ प्रतिशत घरेलु बाल श्रमिकहरुले रोजगारदाताको दुर्व्यवहारका कारणले काम वा रोजगारदाता परिवर्तन गर्ने गरेका छन्।
- १० प्रतिशत घरेलु बाल श्रमिकहरु बँधुवा मजदुरको रुपमा रहेका छन्।
- ५३ प्रतिशत घरेलु बाल श्रमिकहरु विना तलब नै काम गर्दछन्।
- ४७ प्रतशतले दैनिक १४ देखि १६ घण्टासम्म कार्य गर्दछन्।
- ७९ प्रतिशतले बेलुका ९ बजेपछि पनि काम गर्दछन्।
- घरेलु श्रममा संलग्न बाल श्रमिकहरुमध्ये ६७५ प्रतिशत १० देखि १४ बर्ष उमेरका रहेका छन् भने ७ प्रतिशत बाल श्रमिकहरु १० बर्ष भन्दा कम उमेरका छन्।

श्रमिकहरुमा छ। महिनामा १०-१२ दिन गयल हुनु, घरमा सिकाइदिने त परै जाओस् पढ्न शुरु गर्दा बिजुलीको बिल चढ्छ भनी बत्ती निभाइदिने रोजगारदाता, अनि बिहान ४ बजेदेखि बेलुकी १० बजेसम्मको कामले थाकेको शरीर र दिमागले अपर्याप्त शैक्षिक सामग्रीको साथमा रातको १० बजेपछि कति नै पढ्न सक्ला र ? यी सबै घटनाहरु विद्यालय जाने प्रायः घरेलु बाल श्रमिकले भोगिरहेको यथार्थ हो।

अध्ययन गरेपछि पनि अर्को रोजगार वा व्यवसायको विकल्प देखिएको छैन। यसले बाल श्रमिकहरुलाई शिक्षा लिन भन्दा पनि सानै उमेरमा कमाई गर्न सिक्न पल्काएको छ। उनीहरुको विचारमा पढेर भन्दा अलिक पहुँचवालाकोमा काम गरेर छिटो जागिर खान पाइन्छ। यो उनीहरुले देखे-बुझेको यथार्थ हो।

यसरी एकातर्फ बँधुवा श्रमका नयाँ रुपहरु देखिन थालेका छन् भने पहिलेदेखि कै बँधुवा बाल श्रमिकहरु भने यो प्रवृत्तिबाट झनै पीडित भएका छन्। घरेलु बालश्रमको क्षेत्रमा १० प्रतिशत बाल श्रमिकहरु ऋण बँधुवाको रुपमा काम गरिरहेका छन। उनीहरुको लागि त शिक्षाको अवसर आकाशको फल भएको छ।

हाम्रो कानुनमा पनि बालबालिकालाई शिक्षा दिने प्रमुख कर्तव्य आमाबाबुको मात्र उल्लेख भएको हुँदा बालबालिकाको श्रम शोषण गर्नेहरुलाई झनै सजिलो हुन गएको छ।

तसर्थ, हाम्रोसामू घरेलु बाल श्रमिकहरु विद्यालय जाने गरेको एउटा खुशीको समाचार त आएको छ। तर, त्यससँगै त्यहाँभित्र रहेका यी समस्याहरुलाई हामीले तत्कालै लक्षित गर्न शुरु नगर्ने हो भने हामी फेरि पछि पर्नेछौं र बालश्रम मुक्त समाजको कल्पना सम्भवतः कल्पनामै सीमित हुने मात्र नभई दासप्रथाको पुनरावृत्ति हुन बेर लाग्ने त हैन ? भन्ने प्रश्नचिन्ह खडा हुनेछ। त्यसैले आजैदेखि घरेलु बाल श्रमिकको जीवनसँगसँगै

विद्यालय शिक्षाका क्षेत्रमा देखा परेका यी समस्याहरुलाई पनि सचेतना, भौतिक सहयोग र कानुनी-सामाजिक संरक्षणद्वारा निराकरण गर्नतर्फ अघि बढ्नु जरुरी छ।

घरेलु बाल श्रमिक र विद्यालय शिक्षा सम्बन्धी समस्याको अध्ययन

सिविसले घरेलु बाल श्रमिक र उनीहरुले विद्यालय शिक्षामा भोग्न परिरहेका विभिन्न समस्याहरुको बारेमा अध्ययन गर्ने र समाधानका उपाय पहिल्याउने उद्देश्यले काठमाण्डौका विभिन्न १० वटा विद्यालयमा अध्ययनरत घरेलु बाल श्रमिकहरुको बारेमा अध्ययन गरेको थियो। उक्त अध्ययनबाट प्राप्त निष्कर्ष यसप्रकार छन् -

- विद्यालय शिक्षाको कक्षागत विभाजनको अध्ययन गर्दा सर्वाधिक संख्या कक्षा ५ मा रहेको पाइयो। कक्षा ५ बाट माथि उक्लँदै जाँदा विद्यालय जाने घरेलु बाल श्रमिकको संख्या नाटकीय ढंगले घटेको पाइयो। उक्त अध्ययन अनुसार २७ प्रतिशत विद्यार्थी कक्षा ५ मा, २० प्रतिशत कक्षा ४ मा, १५ प्रतिशत कक्षा २ मा, १४ प्रतिशत कक्षा ६ मा, १० प्रतिशत कक्षा ३ मा, ७ प्रतिशत कक्षा ७ मा र कक्षा ८ मा ७ प्रतिशत रहेका छन्।
- अधिकतम बाल श्रमिकहरुले १६ बर्षको उमेरसम्ममा जम्मा कक्षा ५ अध्ययन गरेको पाइयो। यो संख्या ८६ प्रतिशत रहेको थियो। विद्यालय शिक्षाको शुरुवात नै १० बर्षको उमेरबाट भएको पाइयो।
- ११ प्रतिशत भन्दा बढी घरेलु बाल श्रमिकहरु विद्यालय शुरु भएको पहिलो कक्षापछि मात्रै विद्यालय आइपुग्ने गरेको बताए।
- ५४ प्रतिशत भन्दा बढी घरेलु बाल श्रमिकहरुले टिफिन समयमा खाजा खान नपाएको गुनासो व्यक्त गरे।
- अध्ययनमा संलग्न बाल श्रमिकहरुमध्ये ७२ प्रतिशतले घरमा दैनिक २ घण्टा भन्दा कम समय र २८ प्रतिशतले १ घण्टा भन्दा कम समय मात्र अध्ययन गर्ने समय पाउने गरेको बताए। यीमध्ये पनि ६५ प्रतिशतले रातिको काम सकिएपछि मात्र पढ्ने मौका मिल्ने बताए।
- २ प्रतिशत बाल श्रमिकले भने आफूहरुले ट्युशनको सुविधा पनि प्राप्त गरेको बताए।
- विद्यालय गइरहेका घरेलु बाल श्रमिकहरुमध्ये ८८ प्रतिशतले आफूले काम गरेको तलब नपाएको गुनासो व्यक्त गरे। यसअघि ८३ प्रतिशत घरेलु बाल श्रमिकहरुले आफ्नो पढ्ने व्यवस्था रोजगारदाता स्वयम्ले गरिदिने गरेको बताएका थिए।
- ५३ प्रतिशत घरेलु बाल श्रमिकले आफ्नो श्रम शोषण भएको र आफूलाई विद्यालय पठाउने र तलब दुबै प्रदान गर्नुपर्ने बताए।
- विद्यालय शिक्षक एवम् प्रशासनसँग गरिएको अध्ययन अनुसार ४५ प्रतिशत बाल श्रमिकहरु अनियमित हुने गरेका छन्। उनीहरुका अनुसार २३ प्रतिशत बाल श्रमिकहरु मासिक ४ देखि ९ दिनसम्म विभिन्न कारणले गयल हुने गर्दछन्।
- आफ्नो भविष्यको योजनाको बारेमा २७.७३ प्रतिशतले जागिर खाने, २५.७४ प्रतिशतले डाक्टर हुने, १०.८९ प्रतिशतले इन्जिनियर हुने, २१.७८ प्रतिशतले कलाकार हुने, १.९८ प्रतिशतले ड्राइभर हुने र ०.९९ प्रतिशतले खेलाडी हुने इच्छा व्यक्त गरे।
- यी बाल श्रमिकहरुमध्ये ९० प्रतिशतले मनपर्ने र सजिलो लाग्ने विषय नेपाली बताए। अंग्रेजी र गणित मनपराउने बाल श्रमिकहरुको संख्या केवल १० प्रतिशत मात्र पाइयो। ६० प्रतिशतले आफूलाई अंग्रेजी र ३० प्रतिशतले गणित गाह्रो लाग्ने विषयको रुपमा प्रस्तुत गरेका थिए।
- ३३ प्रतिशतले आफू बाल श्रमिक भएको कुरा साथीभाइलाई नभनेको बताए भने आफू बाल श्रमिक भएको कुरा भनेपछि २९ प्रतिश बाल श्रमिकहरुले साथीभाइहरुको नकारात्मक व्यवहार भोग्नुपरेको बताए।
- विद्यालयमा अध्ययन गरिरहेका घरेलु बाल श्रमिकमध्ये आफ्नो अपेक्षा व्यक्त गर्ने क्रममा ४० प्रतिशतले नकारात्मक व्यवहार नगर्न, ३० प्रतिशतले सहयोगी व्यवहार गर्न र १० प्रतिशतले स्कूलको कुरा घरमा नलगाइदिन अनुरोध गरे।
- उनीहरुमध्ये रोजगारदाताप्रति २५ प्रतिशतले पढ्न पर्याप्त समय दिए हुन्थ्यो, २० प्रतिशतले शैक्षिक सामाग्रीको उचित व्यवस्था गरिदिए हुन्थ्यो, २० प्रतिशतले हिंसा कुटपिट र दुर्व्यवहार नगरे हुन्थ्यो र १० प्रतिशतले खानेकुरामा भेदभाव नगरिदिए हुन्थ्यो भन्ने अपेक्षा व्यक्त गरे।
- शिक्षकप्रतिको अपेक्षा व्यक्त गर्ने क्रममा २५ प्रतिशत बाल श्रमिकले गरिब विद्यार्थीलाई पनि प्राथमिकताकासाथ पढाउनुपर्ने, १५ प्रतिशतले गृहकार्य नगरेमा समस्या बुझ्नुपर्ने र सजाय दिन नहुने, ५ प्रतिशतले भेदभाव गर्न नहुने र ५ प्रतिशतले समयमा कक्षामा आइदिनुपर्ने अपेक्षा व्यक्त गरे।
- ३० प्रतिशत घरेलु बाल श्रमिकले आफ्ना बाबुआमाले मद्यपान, धुम्रपान त्याग्नुपर्ने, २५ प्रतिशतले आफूलाई घर फर्काउन नहुने र ५ प्रतिशतले सौतेनी अभिभावकको व्यवहारमा सुधार आउनुपर्ने अपेक्षा व्यक्त गरे।

अन्तर्राष्ट्रिय प्रतिबद्धताले छुन नसकेका बाल श्रमिकहरु



- अमिका राजथला

बालबालिका अबोध हुन्छन्, उनीहरुले काम गर्न जान्दैनन् भन्ने मान्यताका विपरीत आजभोलि बालबालिकाहरु शरीरले थेग्नेभन्दा धेरै काम गर्न वाध्य हुन थालेका छन्- बाल श्रमिकको रुपमा। कलम, कापी र किताब बोकेर भविष्य सुन्दर बनाउनु पर्ने हातहरुले होटलको भाँडाहरु माझ्न, खानी, इँटा भट्टामा काम गर्नु परेको छ। विद्यालयमा शिक्षा आर्जन गर्दै बित्नु पर्ने दिनहरु आजभोलिका बालबालिकाहरुको दैनिकी कारखाना, खानी, होटल तथा रेष्टुराँ, सर्कस, घरेलु नोकर तथा बँधुवा मजदुरको रुपमा बिताउनु परेपछि यसको नकारात्मक प्रभाव भविष्यमा देशलाई पर्ने निश्चित छ।

सुखद भविष्यको लागि विद्यालयलाई गन्तव्य बनाउनु पर्नेमा तिनीहरुको दिशा नै अनिश्चित छन्। कोही श्रम बेचेर बाल श्रमिक बन्छन् त कोही अभिभावकबाटै बेचिएर वा अन्जानमा नै वेश्यावृत्तितिर लाग्न पुग्छन्। तथापि, उनीहरुले आफ्नो कामअनुरुपको तर माथिल्लो स्तरको भविष्य बनाउने कल्पना भने सँगालेका हुन्छन्। अर्थात्, खलासीको रुपमा काम गर्ने बालबालिकाले ड्राइभर बन्ने, होटलमा काम गर्नेहरुले होटलको मालिक बन्ने आदि आदि। कतिपय अभिभाकहरु नै यस्ता नरपिचास बनेका छन्, आफ्नै छोराछोरी पनि नभनी उनीहरुलाई थोरै मूल्यमा बेच्न उद्यत छन्। छोराछोरी बृद्धावस्थाका लागि सहारा हुन्, यो अधिकांश मानव समुदायमा चल्दै आएको व्यवहारिकता हो। छोराछोरी हुर्किएपछि अभिभावकलाई सहयोग गर्नु, जिम्मेवारी नै लिनु उनीहरुको पनि कर्तव्य हो। तर छोराछोरी जो हुर्किएका छैनन्, आमाको काखबाट छुट्टिएर कुनै दलालको हातमा अभिभावकबाटै बेचिनुपर्ने नारकीय विडम्बना विद्यमान रहेबाट त्यस्ता अभिभावकलाई कारवाही गर्ने प्रकृयामा जान अब सरकारले ढिलाई गर्नु हुँदैन।

छोराछोरी, जसलाई हुर्काएर राम्रो भविष्य दिंदा उनीहरु सुनको अण्डा दिने कुखुरा हुन सक्दथे। तर यहाँ धेरै अण्डाको लोभमा कुखुरी नै मार्ने काम अभिभावकहरुबाट हुँदै आएको छ, आफ्ना छोराछोरीलाई बेचेर तथा बाल श्रमिक बनाएर। प्राणीमा सबैभन्दा संवेदनशील मानिएका मानव जातिमै आफ्ना छोराछोरी बेचेर खाने प्रबृत्तिको विकासले मानवीय संवेदना नै छैन कि भन्ने प्रश्न जन्माउँछ। बालबालिकाहरु अभिभावक-बाट बेचिएर मात्र नभई विभिन्न कारणले सडकमा तथा बाल श्रमिकको रुप धारण गर्न पुग्ने हुनाले सरकारबाट जोखिमपूर्ण काममा लागेका बाल श्रमिकको लागि छुट्टै

किसिमले राहतको व्यवस्था गर्नु पर्दछ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २००१ को एक तथ्यांक अनुसार नेपालबाट विभिन्न प्रयोजनको लागि वार्षिक १२ हजार बालबालिकाहरु बेचिने गरेका छन्।

बालबालिकालाई आफ्नो वशमा राख्न सकिने, हप्काई-दप्काई काममा लगाउन सकिने, थोरै पैसामा धेरै काम लिन सकिने, बालबालिकामाथि खर्च गर्नुभन्दा थोरै भएपनि पैसा आर्जन हुनेजस्ता कारणले तिनीहरुलाई बाल श्रमिक बनाउन अभिभावक तथा विभिन्न श्रम क्षेत्रका मालिकहरु लागिपरेको देखिन्छ। यो समस्यालाई समग्रमा गरीबीको कारण मानिन्छ तर गरीबीको कारण नभई यो त प्रवृत्तिको कुरा हो। पार्टीहरुको भोट बैंकको रुपमा प्रयोग हुन नसक्ने बालबालिकाका समस्यालाई राजनीतिक पार्टीहरुले बेवास्ता गर्नु पनि समस्याको जरो विकास हुनमा सहायक सिद्ध भएको छ। यो समस्या नेपालको मात्र नभई दक्षिण एशियाकै चर्को समस्याको रुपमा देखिएको छ।

बालबालिकाको हक अधिकारको लागि अनुमोदन गरिएको संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, बालअधिकारसम्बन्धी ऐन २०४८ तथा बालबालिका सम्बन्धी नियमहरुलाई हेर्ने हो भने राष्ट्र बालबालिकाप्रति निकै उदार देखिन्छ। यतिमात्र नभई सरकारले बालबालिकासँग थोरै भएपनि सम्बन्ध राख्ने अन्तर्राष्ट्रिय महासन्धिहरु पनि अनुमोदन गरेको छ। अनुमोदित महासन्धिहरुको सूचीमात्र हेर्दा नेपाल अन्तर्राष्ट्रिय परिवेशमा उदारतामा एउटा उदाहरणीय देश सावित हुन्छ। तर, वास्तविकता त्यस्तो छैन। वास्तविक धरातलमा ती कुराहरु त भ्रमको खेतीमात्र हो। हरेक क्षेत्रमा यहाँ बाल श्रमिक रहेका छन्। सरकारले श्रम ऐनमा बालबालिकालाई ६ घण्टा भन्दा बढी काम गर्न दिनु नहुने व्यवस्था गरेको छ तर वास्तविकता १४-१५ घण्टासम्म काम गर्नुपर्ने वाध्यता छन्। कागजको खोस्टोबराबर भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धि, ऐन नियमलाई काखी च्यापेर सरकार आत्मरतिमा मग्न हुनु नै हाम्रा देशका बालबालिकाहरुको लागि ठूलो दुर्भाग्य हो।

नेपालमा बालश्रमका क्षेत्र

निकृष्ट

- बँधुवा बालश्रम
- घरेलु बालश्रम
- खानीमा बालश्रम
- गलैंचा बुन्ने, काट्ने, रंगाउने
- भारी बोक्ने
- फोहार, प्लाष्टिक, फलाम तथा अन्य धातु बटुल्ने
- श्रम तथा यौन शोषणका लागि बालबालिकाको बेचबिखन

अन्य

- होटल, पसल
- उद्योग/कारखाना
- यातायात
- सडकमा गर्ने श्रम
- व्यवसायिक यौन शोषण
- कृषि फर्म
- निर्माण कार्य
- सर्कस/सागीत उद्योग
- प्रचार-प्रसार तथा विज्ञापन
- विस्थापन
- शरणार्थी

आदि।

हालै यस लेखिकाले एउटी पीडित बालिकालाई भेटेकी थिएँ। उनी वर्दिया जिल्लाको पगनाहा गाविसकी १४ वर्षिया बालिका विमला चौधरी हुन् र उनले ६ वर्षसम्म कम्लहरीको रुपमा बिताएकी थिइन्। फूली लगाउने, साइकल चलाउन सिक्ने, पढ्ने तथा पैसा पाउने लोभमा कम्लहरी बन्न गएकी बालिका चौधरीले उल्लेखित रहरहरु कुनै पनि पूरा गर्न पाइनन्। उनी बालसुलभ खेलहरु खेल्न चाहन्थिन् तर काम छलेर खेल्न जाने बित्तिकै उनका मालिक लौरो लिएर कुट्न दौडिन्थे। पढ्ने रहरले गएकी चौधरीले घाँस काट्ने, गोबर सोहोर्ने, भाँडा माझ्ने, भैंसी चराउने जस्ता काम गर्नु पर्दथ्यो। एउटा काम गर्न नसकिँदै अर्को काम लगाइन्थ्यो, गर्न नसकिए कुटाइ खानुपर्ने उनको वाध्यता थियो। यही प्रकृयामा पाँच वर्ष बिताएपछि उनले अन्ततः कम्लहरीको रुपमा बसेको घरबाट भाग्ने निश्चय गरिन् र भागिन् पनि।

अहिले उनी स्वतन्त्र छिन्, एक गैससको सहयोगमा अनौपचारिक शिक्षाको कक्षामा पढ्दैछिन्। कमैया प्रथा उन्मूलन भएको छ तर त्यस्तै प्रकृतिको र सोही क्षेत्रमा रहेको कम्लहरी प्रथा यथावत् छ। विमला स्वतन्त्र भइन् तर अझै थुप्रै बालिकाहरु कम्लहरीको रुपमा काम गर्न वाध्य छन्। एउटा संस्थाले गरेको अध्ययन अनुसार, देउखुरी उपत्यकामा मात्र दुई हजारको संख्यामा कम्लहरी बालिकाहरु रहेका छन्। अधिराज्यव्यापी रुपमा यसको संख्या अझ बढी हुन सक्छ। यी सबै बालिकाहरु स्वतन्त्र हुनु जरुरी छ।

कम्लहरी बसेका तथा पूर्व कमैयाका छोराछोरीको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससले शिक्षामा छात्रबृत्तिको कार्यक्रम चलाउन थालेकोलाई सकारात्मक रुपमा लिनु पर्दछ। यो कार्यक्रम निश्चित समयको लागि हुने र त्यसपछि के गर्ने भन्ने समस्या भोलि उब्जन सक्छ। त्यसैले बालबालिकाको शिक्षाको दिगो रुप चाहने हो भने यी गैससले बालबालिकालाई शिक्षाको नाममा क्षणिक अवधिको लागि

लुगा, मट्टितेल, शिक्षण सामग्री उपलब्ध गराउनुका साथै अभिभावकको लागि आय आर्जनमूलक कार्यक्रम संचालन गर्नु पर्दछ। कुनै पनि अभिभावक सक्षम भएको अवस्थामा बालबालिकालाई शिक्षा उपलब्ध गराउन तत्पर हुने हुँदा पनि आय आर्जनमूलक कार्यक्रम निश्चित समयको लागि सँगसँगै लग्नु जरुरी छ।

समाजका अग्रज तथा शिक्षित भनाउँदाहरुबाट बालश्रमलाई विभिन्न तर्क गरी जायज रुपमा लिने गरिएकोले पनि यो समस्या दिन-प्रतिदिन गहिरिँदै गएको पाइन्छ। बालश्रम शोषण नेपालमा मात्र नभई दक्षिण एशिया क्षेत्रमा नै व्याप्त छ। भारतमा गरिएको एक अध्ययनले दैनिक १२-१४ घण्टा ईंटा भट्टामा काम गर्ने बालबालिकाहरुले एक सय रुपैयाँसम्म पनि नपाउँदा सय रुपैयाँको नोट नचिनेको, एक महिनामा दुई हप्तामात्र हुन्छ भनेर मासिक दुई दिनमात्र विदा दिने गरेबाट बालश्रम शोषणको समस्या चर्को रहेको स्पष्ट हुन्छ।

हालै भारतका विभिन्न सर्कस कम्पनीहरुबाट उद्दार गरेर ल्याइएका बालबालिकाहरुका अनुसार तिनीहरुमध्ये कसैलाई तिनकै अभिभावकले दलालबाट पाँचसय रुपैयाँ लिएर भारत बेचेर पठाएका थिए। जबकी दलालहरुले भा.रु. ६० हजारभन्दा बढी रकममा बालबालिका त्यहाँ बेचेका थिए। वार्षिक तीनदेखि पाँच हजार पाउने आशामा पठाइएका बालबालिका दुई वर्षदेखि करिब दश वर्षसम्मका पनि थिए। छोराछोरीलाई हुर्काउने र शिक्षादीक्षा दिने क्षमता आफूमा छैन भनी जान्दाजान्दै पनि जन्माउने ती बाबुआमाहरु प्रत्यक्ष रुपमा दोषी देखिन्छन् तर अप्रत्यक्ष र अहम् रुपमा यस दोषको भागीदार त राज्य पक्ष नै हो।

आँखा चिम्लेर महासन्धिहरुमा हस्ताक्षर गर्ने तथा अनुमोदन गर्ने प्रवृत्ति अन्य दक्षिण एशियाली राष्ट्र तथा

सुविधासम्पन्न राष्ट्रहरुमा समेत पाइँदैन। उदाहरणको रुपमा भन्नुपर्दा, भारतले आईएलओ महासन्धि नं. १८२ तथा न्यूनतम उमेर सम्बन्धी आईएलओ महासन्धि नं. १३८ दुवै अनुमोदन गरेको छैन। संसारमा अत्यधिक राष्ट्रहरुले अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धि अमेरिका जस्तो स्रोतसम्पन्न राष्ट्रले समेत पूर्णरुपले अनुमोदन गरेको छैन। आफूले व्यवहारिक रुपमा लागू गर्न सकिने बुँदाहरुमात्र अमेरिकाले अनुमोदन गरेबाट पनि हामीले धेरै कुरा सिक्नु पर्दछ। अन्तर्राष्ट्रिय समुदायका अगाडि सारेको कागजपत्रप्रति प्रतिबद्धता जनाउदैमा ठूलो भइन्छ भन्ने प्रवृत्तिलाई हामीले त्याग्नु पर्दछ। राम्रो तब हुन्छ, जब व्यक्त गरिएको प्रतिबद्धता कार्यान्वयन गरिन्छ।

आईएलओका अनुसार ५७ हजार ५ देखि १८ वर्ष उमेर समूहभित्रका बालबालिका बँधुवा मजदुरको रुपमा रहेका छन्। तथ्यांक नै नियाल्ने हो भने कूल जनसंख्याको ४१ प्रतिशत बालबालिकामध्ये २६ लाख बालबालिकाहरु श्रम क्षेत्रमा संलग्न छन्।

व्यवसायिक यौन शोषण, सेवा व्यवसाय, ऊँट दौड, घरेलु नोकर, निर्माण, माछा मार्ने, कृषि क्षेत्र तथा माग्ने जस्ता जोखिमपूर्ण कामका लागि स्वदेश तथा विदेशमा बालबालिकाहरु बेचिने गरेका छन्। बेचिने बालबालिकाहरु कोही कुनै कुराको लोभमा तथा अभिभावककै दबाबमा परी बेचिने गरेका छन्। प्रहरीहरुका अनुसार बाटो बिराएर तथा थाहा नपाएर हराउने बालबालिकाको संख्या नगन्य हुने र यस्ता बालबालिका भेटिने पनि गरेको छ। तर, कसैले नियतवश लगेर श्रम क्षेत्रमा सामेल गराइएका बालबालिकाहरु भने भेट्न मुस्किल हुने र यस्ता बालबालिकाको संख्या अधिक पनि हुने गरेको कुरा अतिरिक्त प्रहरी महानिरीक्षक गोविन्दबहादुर थापा बताउनुहुन्छ।

बालबालिकाको सर्वपक्षीय विकासको लागि शिक्षा, स्वास्थ्य, संरक्षण पाउने तथा खानाको व्यवस्था अभिभावकले गर्नुपर्ने र उल्लेखित आवश्यकतालाई बालअधिकारको रुपमा परिभाषित गरेको छ। उल्लेखित अधिकार नपाउनु भनेको बालअधिकारको गम्भीर उल्लंघन हो, मानवीय मर्यादामाथिको आक्रमण हो। बालबालिका सम्बन्धी विभिन्न महासन्धि तथा अनुबन्धहरुमा हस्ताक्षर गरेको सरकारले अभिभावकले बालबालिकाप्रति दायित्व निर्वाह गर्न नसकेको खण्डमा त्यसको दायित्व आफूमा आउँछ भन्ने कुरामा बेवास्ता गरेको छ। सरकारको यही गैरजिम्मेवारीपना पनि बाल श्रमिक बढ्नुको एउटा कारण हो। ●

कमैया क्षेत्रमा बालश्रम

- भोला महत

श्री ५ को सरकारले ०५७ साल साउन २ गते एउटा महत्वपूर्ण निर्णय गरि कमैया प्रथालाई अवैध घोषणा गऱ्यो। आफ्ना पूर्खाहरुले लिएको ऋण चुक्ता गर्न वर्षौंदेखि जमिन्दारको घरमा बँधुवा मजदुरको रुपमा रहेका कमैयाहरुलाई श्री ५ को सरकारले मुक्त गरि तिनीहरुको पुनर्स्थापना गर्ने घोषणा गरेपछि मुक्त कमैयाहरुले वर्षौंदेखि संगठित रुपमा चलाएको आन्दोलनको सफलताको खुशियाली मनाए। तर, समय बित्दै जाँदा वास्तविक रुपमा कमैयाको पूर्ण पुनर्स्थापना हुन सकेन। यसैको फलस्वरुप, वर्षौंदेखि कमैया क्षेत्रमा बाल श्रमिकको रुपमा काम गर्दै आइरहेका बालबालिकाहरु पुन: बालश्रमकै रुपमा विभिन्न पेशामा लाग्न वाध्य भए। बालश्रम न्यूनीकरण भन्दा पनि कमैया मुक्तिपछिका दिनहरुमा यसले अझ ठूलो र विकराल रुप लिँदै गयो। जसका कारण बालबालिकाहरु गोठाला, खेताला, भरिया, होटल, मगन्ते, खलासी, उद्योग, खानी, इँट्टा भट्टा, रिक्सा, घरेलु कामदार, भवन निर्माण, सडक बालबालिका आदि क्षेत्रमा श्रम गर्न वाध्य छन्। अझ भन्ने हो भने, कमैया क्षेत्रका बालबालिकाहरु १०-१२ वर्षको उमेरदेखि नै हलो जोत्ने, कोदालो खन्ने, दाउरा चिर्ने, भारी बोक्ने लगायत् अप्ठ्यारा कामहरु समेत गर्न विवश छन। जसको परिणाम, बाल श्रमिकहरु प्रारम्भिक शिक्षा, स्वास्थ्य समेतबाट वञ्चित हुनु परेको छ।

बर्दिया जिल्ला गोला गाविस-५ बस्ने मायाराम थारुका भाई १३ वर्षीय चरगोरिया थारु सोही गाविस-५ गोविन्दपुरका गोपीलाल थारुको घरमा गोरु चराउने, हलो जोत्ने काम गर्दछन्। वर्षको ३ कुन्टल धान पाउने शर्तमा विगत २ बर्ष अघिदेखि उनी बाल श्रमिकको रुपमा काम गरिरहेका छन्। माथि उल्लेखित पेशामा काम गर्ने बाल श्रमिकहरुको वास्तविक तथ्यांक नभए पनि चरगोरिया थारु जस्तै मध्ये तथा सुदुरपश्चिमाञ्चल क्षेत्रका हजारौं कमैया बालबालिकाहरु यस्तो प्रकृतिका काम गर्न वाध्य छन्।



कमैया क्षेत्रमा बालश्रमको कुरा गर्दा बँधुवा बाल मजदुरको चर्चा गर्नु सान्दर्भिक हुन्छ। नेपालमा ५७ हजार बँधुवा बालमजदुर रहेका कुरा आईएलओले उल्लेख गरेको थियो, जसमध्ये अत्यधिक संख्या कमैया क्षेत्रको हो। यो तथ्यांकले कमैया क्षेत्रमा रहेको बाल मजदुरीको अवस्था स्पष्ट गर्दछ। आईएलओका अनुसार, बँधुवा बालमजदुरमध्ये ५४.६ प्रतिशत ५-१० वर्षका, ४० प्रतिशत ११-१४ वर्षका र ५.४ प्रतिशत १५-१८ वर्षसम्मका रहेको पाइएको थियो।

कमैयाहरु प्राय: सबै कृषि पेशामा नै काम गर्ने भएका कारण कृषि क्षेत्र बालश्रम उत्पादन गर्ने मूल थलोको रुपमा रहदै आएको छ। यति हुँदाहुँदै पनि कमैया क्षेत्रका बाल श्रमिकका सम्बन्धमा सम्बन्धित निकायको आवश्यक ध्यान पुग्न सकेको छैन। कमैया क्षेत्रका बाल श्रमिकलाई मुक्त गर्न नसक्नुमा मुक्त कमैयाहरुलाई आवश्यक पुनर्स्थापनाको व्यवस्था गर्न नसक्नु, न्यूनतम ज्यालालाई व्यवहारमा लागू गर्न नसक्नु नै प्रमुख

कारणहरु हुन्। जबसम्म कमैयाहरुलाई व्यवस्थित रुपमा खान पुग्ने जमीन र वैकल्पिक रोजगारीको अवसरहरु सृजना गर्न सकिंदैन, तबसम्म यस क्षेत्रमा रहेका बालश्रममा कुनै कमी आउँदैन। तसर्थ, समाजका विभिन्न वर्गलाई सचेत गराउन, उपयुक्त कानुनको निमार्ण गर्न र बनेका कानुनहरुको प्रभावकारी ढंगले कार्यान्वयन गर्न/गराउन सरकार पक्ष, राजनीतिक पार्टी, संघ संस्थाहरु, बुद्धिजीवी, स्थानीय सरकार र सरोकारवाला सबैको समन्वय र जिम्मेवारी अत्यन्त आवश्यक देखिन्छ।

चेतनाको कमी, सामाजिक विषमता, जनसंख्या बृद्धि, पछौटेपन, सामाजिक विकृति, हिनताबोध, गरीबी, अशिक्षा, वेरोजगारी, सरकारको दूरदर्शितामा कमी, कानुनहरुको प्रभावकारी कार्यान्वयन नहुनु नै बालश्रमको मुख्य कारण बन्न पुगेको छ। यसलाई टिकाई राख्नुमा गलत सामाजिक परम्परा, सामन्ती संस्कार, असमान आर्थिक अवस्था, परम्परागत कृषि प्रणाली, असमान वितरण प्रणाली र उद्योगधन्धा नहुनु आदि छन्। विषेशगरी दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका कमैया क्षेत्रभित्र निकृष्ट रुपमा रहेका बाल श्रमिकहरु विभिन्न समस्याबाट पीडित हुनु परेको अवस्था छ। कठिन परिश्रम गर्दा पनि सामान्य ढंगले खान, लाउन र बस्न नपाउने, अधिकांश बालबालिकाहरु घरपरिवारवाट टाढा रहनुपर्ने, आधारभूत शिक्षावाट वञ्चित हुनुपर्ने, दुषित वातावरण तथा जोखिम परिस्थितिमा काम गर्नुपर्ने भएको हुँदा अस्वस्थ्य हुने, शारीरिक तथा मानसिक विकासमा अवरुद्ध हुने, काम लगाउनेहरुबाट हेला, कुटपिट, गालीलगायत्का दुर्व्यवहार सहनु पर्ने, काम गर्ने क्रममा घाऊ चोटपटक लागेमा वा बिरामी भएमा औषधोपचार र राहत सुविधा नपाउने, शारीरिक तथा मानसिक क्षमताभन्दा बढी काम गर्नुपर्ने, उचित पारिश्रमिक नपाइने, मालिक र ठेकेदारबाट ठगिनेजस्ता समस्याहरुवाट बाल श्रमिकहरु पीडित हुनुपरेको अवस्था छ। अत: कमैया क्षेत्रमा रहेका बाल श्रमिकहरुलाई मुक्त गर्न सरोकारवाला सबै पक्षहरुले समन्वय गरि कार्यक्रम संचालन गर्नुपर्दछ।

बालश्रम अन्त्यका लागि परिवार वा व्यक्तिले खेल्नु पर्ने भूमिका

- बालश्रम सम्बन्धी काम गर्ने संघसंस्थाहरुलाई काम गर्न सघाउने।
- आफ्ना बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य र मनोरञ्जनको अवसर प्रदान गर्ने।
- बालबालिकाहरुलाई माया, स्नेह र ममतापूर्ण वातावरणमा हुर्कन र बढन सघाऊ पुऱ्याउने।
- बाल शोषण भएको पत्ता लागेमा सम्बन्धित संघसंस्थालाई सूचना दिने र त्यसको निराकरणको लागि योगदान गर्ने।
- आफ्ना छरछिमेक र समुदायमा बालअधिकारको प्रचार प्रसार गर्ने र बालविकास सम्बन्धी कार्यक्रममा सहभागी हुने।
- बालबालिकामाथि भइरहेको शोषण र उत्पीडनको भण्डाफोर गर्ने र बालबालिकालाई संकटग्रस्त अवस्थामा सहयोग र राहत पुऱ्याउने।
- बाल श्रमिकलाई मानवीय व्यवहार गर्ने।

बालश्रम अन्त्यका लागि सामूदायिक कार्यकर्ताले खेल्नु पर्ने भूमिका

- समुदायमा बाल श्रमिकले भोगिरहेका समस्याहरु र उनीहरुलाई हानी पुग्ने कुराहरुको जानकारी दिने।
- बालबालिकाको हितका लागि सोच्ने साथीहरुको एक समूह तयार गर्ने र त्यस सम्बन्धी सामूदायिक कार्यक्रम संचालन गर्ने।
- बाल अधिकार सम्बन्धी कानुनहरुको प्रचारप्रसार गर्ने र त्यसलाई व्यवहारमा उतार्न प्रयत्न गर्ने।
- अबैध रुपमा बालश्रम गराइएको पाइएमा त्यसको जानकारी सम्बन्धित ठाउँहरुमा दिने र त्यसो नगर्न दबाब सृजना गर्ने।
- बालबालिकाहरुलाई माया, सम्मान अनि शिक्षा मनोरञ्जन र स्वास्थ्यको अवसर प्रदान गर्न जनसमुदायलाई जागरुक बनाउने।

बालश्रम अन्त्यका लागि सरकारले खेल्नु पर्ने भूमिका

- बालअधिकार महासन्धि, बालबालिका सम्बन्धी ऐन तथा बालश्रम निषेधित/नियमित गर्न बनेको ऐनलाई तत्कालै लागू गर्ने। यसका लागि सरकारीस्तरमा उपयुक्त निकाय र पर्याप्त जनशक्तिको व्यवस्था गर्ने।
- माध्यमिक स्तरसम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था गर्ने, आवश्यकता अनुसार प्रात:, रात्रि कक्षा र आंशिक कक्षाहरु संचालन गर्ने अनि त्यसका निम्ति आवश्यक शिक्षक, किताब, कापी, सिसाकलम र पढ्ने ठाउँको व्यवस्था गर्ने।
- सडक बालबालिका, बँधुवा बालबालिका, टुहुरा, असहाय बालबालिका, अति जोखिम परिस्थितिमा रहेका बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा आदिका लागि प्राथमिकता कार्यक्रम संचालन गर्ने।
- श्रममा संलग्न बालबालिकाको उमेर, काम गर्न सक्ने क्षमता र कामको रुप हेरी कानुन अनुसार न्यूनतम ज्याला तोकिनु पर्ने र

काममा लागेका बालबालिकाको शिक्षा, सुरक्षा, औषधोपचार, मनोरञ्जन, बाल श्रमिकको दर्ता आदिको अनिवार्य व्यवस्था गर्ने।

- बालबालिकालाई खतरनाक काममा लगाउन नपाइने, बाल शोषणको अन्त्य गरिनु पर्ने, बाल शोषण गर्ने अपराधीलाई सजाय हुने अनि बालश्रम किन गलत कुरा हो भन्ने बारेमा जनसमुदायलाई यथेष्ठ जानकारी दिने।

बालश्रम अन्त्यका लागि गैरसरकारी संस्थाहरुले खेल्नु पर्ने भूमिका

- बालबालिकालाई श्रममा लगाउने परिपाटी शोषण र दासताको रुप हो भन्ने कुरा जनसमुदायमा प्रचारप्रसार गर्ने र बाल दुर्व्यवहार सम्बन्धी घटनाको प्रलेख गर्ने।
- बाल श्रमिकलाई उनीहरुको आफ्नै परिवार तथा हितैषीसँग बसोबास गर्न सहयोग गर्ने र उनीहरुको शिक्षा-दीक्षाका निम्ति कार्यक्रमहरु संचालन गर्ने।
- बाल श्रमिकहरुको हित र संरक्षणका निम्ति स्वास्थ्य, शिक्षा मनोरञ्जन, सुरक्षा, राहत, सहयोग तथा पुनर्स्थापना कार्यक्रमहरु संचालन गर्ने।
- विभिन्न क्षेत्रमा कार्यरत बाल श्रमिकहरुका बारेमा कार्यमूलक अध्ययन-अनुसन्धान गर्ने र बालअधिकार सम्बन्धी सामाजिक अभियान संचालन गर्ने।
- सरकार तथा बालअधिकार संरक्षणको निम्ति जिम्मेवार निकायका गतिविधिहरु पर्यवेक्षण गरी यस सम्बन्धमा प्रभावकारी सहयोग र सुझावहरु प्रदान गर्ने।

संसार निरन्तर विकासको बाटोमा लम्किरहेको छ। विज्ञानले हिजोसम्म असम्भव मानेका थुप्रै कुराहरुलाई आज वास्तविकतामा परिवर्तन गरिदिएको छ। तर पनि मानिसले मानिसमाथि गर्ने शोषण र व्यवहारमा भने निरन्तरता नै छ। शोषण र उत्पीडनका स्वरुपमा फेरबदल आएको छ तर त्यसको अन्त्य हुन सकेको छैन। यो संसारमा मानिसहरुले दासत्व शोषणको विरुद्धमा थुप्रै लडाईंहरु लडिसके। ती लडाईं र संघर्षहरुले तिनीहरुलाई एकहदसम्म मुक्ति पनि दिलायो, तर मानिसले मानिसमाथि गर्ने गरेको भेदभावको निर्मूलन हुन सकेको छैन। तसर्थ, सामूहिक र संगठित रुपमा लागि पर्ने हो भने अवश्य पनि समाजमा रहेका गलत संस्कृति, भेदभाव, विकृति, विसंगतिलाई न्यून गर्न सकिन्छ भन्ने कुरामा दुई मत नहोला।

●

बाल बँधुवा मजदुर विषयक परामर्श

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), आरआरएन, ग्रिन्सो र चाइल्ड वर्कर्स इन एशिया (सीडब्लूए) को आयोजनामा ०६० असार १८ देखि २० गतेसम्म ललितपुरमा 'बाल बँधुवा मजदुर' विषयक क्षेत्रीय परामर्श गोष्ठी सम्पन्न भयो। गोष्ठीको उद्घाटन गैरसरकारी संस्था महासंघ, नेपालका अध्यक्ष डा. अर्जुन कार्कीले गर्नुभएको थियो। दक्षिण एशियाका चार वटा देशहरु भारत, बंगलादेश, पाकिस्तान र नेपालका बालबालिकाको क्षेत्रमा काम गर्ने संघ/संस्थाको प्रतिनिधित्व रहेको सो परामर्श गोष्ठीको उद्घाटन समारोहमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, आईएलओका यादव अमात्य, सिडब्लूएका कार्य समिति सदस्य भर्गिल डी. सामी, सदस्य तथा सिविनका अध्यक्ष गौरी प्रधान, आरआरएनका निर्देशक सर्वराज खड्का र राष्ट्रिय श्रम प्रतिष्ठानका अध्यक्ष डा. शिव शर्माले मन्तव्य व्यक्त गर्नु भएको थियो।

समारोहमा मन्तव्य व्यक्त गर्दै गैससं महासंघ, नेपालका अध्यक्ष डा. अर्जुन कार्कीले बाँधा बालश्रमको प्रमुख कारण गरीबी रहेको बताउँदै आर्थिक विपन्नता साथै मानसिक दरिद्रता त्यस्तो प्रकारको श्रमको लागि उत्तिकै जिम्मेवार रहेको उल्लेख गर्नुभएको थियो। उहाँले यस्तो श्रमको उन्मूलन गर्न उपलब्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको सही कार्यान्वयन गर्न राज्यले पहल गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो। इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले बाँधाश्रम तथा बाँधा बालश्रमलाई नेपाल तथा दक्षिण एशियाबाट नै उन्मूलन गर्नका लागि यस क्षेत्रमा काम गर्ने संस्थाहरुबीच ऐक्यबद्धता अपरिहार्य भएको बताउनुभएको थियो। त्यसैगरी सिविनका अध्यक्ष गौरी प्रधानले दक्षिण एशियाली देशहरु मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुमा सही गर्न अगाडि भए पनि तिनका प्रावधानहरुको कार्यान्वयन गर्न भने धेरै पछाडि रहेको बताउनुभएको थियो। समारोहको अध्यक्षता दक्षिण एशिया बँधुवा बाल मजदुर कार्यदलका संयोजक सुश्री सुमनले गर्नु भएको थियो भने सिडब्लूएका कार्यक्रम संयोजक एडिलविस सिलानले गोष्ठीको बारेमा जानकारी गराउनु भएको थियो।

गोष्ठीको दोसो शत्रमा ईंट्टा भट्टामा काम गर्ने बालबालिकाको अवस्थाबारे सन् २००३ मा गरिएको अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावका बारेमा सिडब्लूएका मुकुन्द कट्टेलले जानकारी गराउनुभएको थियो। कार्यक्रममा नेपाल, भारत, पाकिस्तान र बंगलादेशबाट आ-आफ्नो देशका बँधुवा बाल श्रमिकको अवस्थाबारे आधारपत्रहरु प्रस्तुत गरिएको थियो।

इँटाभट्टामा बालश्रम

भनिन्छ, बालबालिका भविष्यका सुन्दर फूलहरु हुन्, प्रकृतिका अनमोल उपहार हुन्। त्यसैले शिक्षाप्रेमीहरुले भन्ने गरेका छन्- "असल सरकारले धेरै पाठशाला बनाउँछन्, खराब सरकारले धेरै जेलहरु बनाउछन्।"

नेपालको सन्दर्भमा माथिको कुरा सत्प्रतिशत लागू नभए पनि आंशिक सत्यको रुपमा लागू भएको छ। राज्यले बालअधिकार सम्बन्धी महासन्धिलाई सन् १९९१ मा हस्ताक्षर गरी लागू समेत गरेको र बालबालिका सम्बन्धी ऐन २०४८ तथा नियमावली २०५१ समेत जारी गरेको छ। यसका साथै संयुक्त राष्ट्र संघद्वारा पारित बालबालिका सम्बन्धी विभिन्न अभिसन्धि, प्रोटोकलहरु समेतमा प्रतिबद्धता जनाएर विश्व समुदायसमक्ष राज्यले आफू बालबालिकाको सर्वाङ्गिण विकासका लागि लागी परेको उदाहरण कानुनत: प्रस्तुत गरेको छ।

तथापि, यहाँका बालबालिकाको अवस्था भने अत्यन्तै कहालिलाग्दो छ। सुनसरी जिल्लाको सन्दर्भमा ०५८ को जनगणना अनुसार २ देखि ९ वर्ष उमेर समूहका १६ हजार ५ सय ४६ र १० देखि १४ वर्ष उमेर समूहका २४ हजार ७७ बालबालिका रहेका छन्। अर्थात् कूल जनसंख्याको ३८.३८ प्रतिशत बालबालिका १४ वर्ष मुनिका छन्।

कानुनत: प्रत्यक्ष श्रम गर्नु नपर्ने ती बालबालिकाहरु अन्यायपूर्ण र जोखिमपूर्ण श्रम सम्बन्धमा गाँसिएका छन्। एक तथ्यांक अनुसार जिल्लामा हाल २५ हजार अर्थात् १०.४२ प्रतिशत बालबालिकाहरु श्रमिकको रुपमा कार्यरत छन्। जसमध्ये इँट्टा भट्टामा मात्र २५ सय बालबालिका कार्यरत छन्।

के छ अवस्था ?

यहाँका अधिकांश जनता गरीबीको रेखामुनि बाँच्न विवश बनाइएका छन्। ०५८ को जनगणनाअनुसार कूल जनसंख्या ६ लाख २५ हजार ३३ रहेको छ भने जनघनत्व ४ सय ९८ प्रति वर्ग किलोमिटर छ। कूल १२ हजार २ सय ९५ परिवारले बसोबास गर्ने जिल्लामा जनसंख्या बृद्धिदर ३.०४ प्रतिशत छ भने कूल खेतियोग्य जमिनको ८०.६६ प्रतिशत अर्थात् ६४ हजार ९० हेक्टर मात्र भूमि खेतियोग्य छ। यसैबाट स्पष्ट हुन्छ यहाँको विकराल गरीबीको दुर्दान्त कथा। विभिन्न तथ्यांकहरुले देखाएका छन् कि यहाँ भोक मुक्तिको अधिकारको प्रत्याभूति यहाँका नागरिकले प्राप्त गर्न सकेका छैनन्। त्यसैले मान्छे आफ्ना कलिला नानीहरुलाई विभिन्न श्रम प्रकृतिका काम लगाउन बाध्य भएका छन्।

ईंटा कम्पनीमा हाड घोटिरहेका बालबालिका

कैलाली जिल्लाको पूर्वी क्षेत्रमा रहेको टिकापुर बजार दोब्बो सदरमुकामको रुपमा पनि परिचित छ। बजारभन्दा करिब ५ सय मिटर उत्तरतिर वास्टा ठूला भट्टाहरु रहेका छन्: परशु ईंटाभट्टा, राज ईंटाभट्टा, सुरत ईंटाभट्टा र राना ईंटाभट्टा। मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र (हुवाड्स) ले गरेको अध्ययन अनुसार, काम गर्ने कूल ७ सय ६८ कामदारमध्ये १ सय ३६ जना बाल श्रमिक छन्। ती ईंटाभट्टाहरुमध्ये परशुमा १० केटी र ६ केटा, राजमा २० केटी र १० केटा, सुरतमा ३० केटी र ३० केटा तथा रानामा २४ केटी र ६ केटा छन्। यसरी बालकहरुभन्दा बालिकाहरुको संख्या बढी देखिन्छ। बाल श्रमिकहरुले पाउने ज्याला अन्य श्रमिकको तुलनामा निकै न्यून छ। परशु ईंटाभट्टाका हिम्मतबहादुर चौधरी, राज ईंटाभट्टाका हरि कोइराला, सुरत ईंटाभट्टाका राजाराम चौधरी र राना ईंटाभट्टाका चतुरलाल चौधरीको भनाईअनुसार, त्यहाँका बाल श्रमिकहरु दैनिक २५ देखि ५० रुपैयाँमा काम गर्दछन्। अन्य श्रमिकहरुको ज्याला दैनिक ७० देखि १ सय रुपैयाँसम्म छ। यस्ता ईंटाभट्टाहरुमा बालश्रम शोषण व्यापक छ।

बाल श्रमिकहरुको स्थिति

यहाँ काम गर्ने बाल श्रमिकहरुले पाउने ज्याला माथि उल्लेख गरिसकिएको छ। तर, यो ज्याला रकम उनीहरु दैनिक रुपमा नपाई एक्का, दुक्का पनि पाउँछन् किनकी ईंटा कम्पनीमा दिइने ज्याला ईंटा निर्माण, कुवानी संख्यामा भर पर्दछ। एक हजार ईंटा बनाएवापत् जम्मा १ सय ६० रुपैया पाउछन्। बालबालिकाहरु एक दिनमा त्यति धेरै ईंटा बनाउन सक्दैनन्। यसरी

ईंटा भट्टा

यहाँ दर्ता भएर हाल संचालनमा रहेका ३५ ईंटा भट्टामा २ हजार ५ सय बालबालिका काम गर्छन्। त्यसमा ८५ प्रतिशत बालिका रहेको तथ्यांकले पुष्टि गरेको छ।

आफ्नै छरछिमेकका बालबालिका र आफ्ना दौंतरीहरु किताब र कापी च्यापेर विद्यालय पोशाकमा पढ्न गएका देखेर शिक्षाको उज्यालो घामको प्रकाश लिन चाहेर पनि गरीबीको कारणले बाध्य छन्- ईंटा भट्टामा जोखिमपूर्ण श्रम गर्न यहाँका आदिवासी थारु बालबालिकाहरु।

कुन उमेर समूहका छन् के गर्छन् ?

घरको आर्थिक अवस्था अत्यन्तै दयनीय भएकाले बाबुआमा पनि कृषिमजदुरको रुपमा अरुको घर खेतमा काम गर्छन् भने विद्यालय जाने उमरेका १० देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु बिहान ७ बजे नै खाना बोकेर काममा जान्छन्। बिहान देखिनै ईंटा भट्टाको चिम्नीसँग पौठेजोरी खेल्नु, माटो खन्नु, मुछ्नु, काचोईंटा बनाउनु, ईंटा बोक्नु, पोल्नु लगायत्का काम गर्नुका साथै माल्लिक र मुन्सीको व्यक्तिगत काम समेत गर्न बाध्य छन्।

कलिला बालबालिकाले गह्रौं ईंटाको भारी बोकेर ट्रक/ट्रेक्टरमा लोड गर्दा कतिपय बालबालिका ईंटाले किचेर घाइते हुने र शरीरमा घाउ चोट लाग्ने समेत पाइएको छ। दाउरा चिर्दा बञ्चराले काट्ने, लडेर हातखुट्टा भाँचिने जस्ता आम समस्या देखा पर्नुका साथै धुवाँको कारणले आँखा पाक्ने, ईंटा भट्टाको धुलोले तथा अत्यधिक चिसो र अत्यधिक तातो अवस्थामा काम गर्दा रुघाखोकी लाग्ने, ज्वरो आई निमोनिया लाग्ने, गह्रौं भारी बोक्दा हड्डी मक्किने र भाँचिने भए पनि श्रम शोषण गर्न माहिर ठानिएका भट्टा मालिकहरुले उपचार गर्दैनन्। उपचारका लागि खर्च दिए पनि हप्तावारीबाट कट्टा गर्ने गरेको गुनासो

बालबालिकाहरु एकातिर ज्याला पनि कम पाउँछन् भने अर्कोतिर उनीहरुको सर्वांगिण विकासमा प्रतिकूल असर परिरहेको छ। शारीरिक, मानसिक, बौद्धिक एवम् संवेगात्मक रुपमा अपरिपक्व यी देशका कर्णधारहरु ईंटा कम्पनीमा हाड घोटिरहेका छन्- आफ्ना आमाबाबुलाई खुशी पार्न। उनीहरु आफ्नो र परिवारको लागि धुलो, धुवाँ, आगोको ज्याला, खराबीको धुलोसँग लडिरहेका छन्। यस्तो काम गर्दा पेट, स्वासको दीर्घरोगी भइन्छ भन्ने कुरा पनि के थाहा- यी अबोध बालबालिकाहरुलाई ?

निष्कर्ष

बालश्रमलाई रोक्न, नियमित पार्न देशमा ऐन, नियमावली बनिसकेका छन्, जस्तैः बालबालिका सम्बन्धी ऐन २०४८, बालबालिका सम्बन्धी नियमावली २०५१, बालश्रम निषेधित र नियमित गर्न बनेको ऐन २०५६। यसरी ऐन, कानुन र नियमावली बनिसक्दा पनि बालश्रम निषेध र नियमित हुन सकेको छैन। अझ पनि ऐन, कानुनहरु पर्याप्त छैनन् भनेर विद्वत वर्गहरुबाट कुरा उठिरहेको छ। बनेका ऐन, नियमहरु पर्याप्त छैनन्, संशोधन गर्नुपर्छ भन्ने कुरा त छँदैछ। भएकालाई व्यवहारमा लागू गर्ने कि नगर्ने ? श्री ५ को सरकारले मन्त्रालयको गोदाममा यस्ता कानुनी किताबहरु थुपारेर मात्र देशको समस्या समाधान हुँदैन। नेपाल ऐन, कानुन बनाउने तर त्यसबमोजिम नचल्ने मुलुकमा पर्दछ। तसर्थ, समस्याको समाधानका लागि विद्यमान ऐन, कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। बालश्रम अन्त्यका लागि सरकार, विभिन्न संघ-संस्था, राजनीतिक पार्टीहरु सबैबाट सकारात्मक पहल हुनु जरुरी छ।

– दिलबहादुर चौधरी / फिरुलाल चौधरी

बालश्रमिकहरुको रहेको छ।

यसरी जोखिमपूर्ण श्रम गर्दै आफ्नो सुन्दर भविष्यलाई भट्टाको चिम्नीसँगै जलाउन विवश पारिएका बालश्रमिकहरुलाई प्रतिहप्ता २ देखि ४ सय रुपैयाँ ज्याला दिइने गरेको पाइएको छ।

बिहान ७ बजेदेखि १२ बजेसम्म र दिउँसो २ बजेदेखि साँझ ५ बजेसम्म बाल श्रमिकको सस्तो श्रमले सम्पत्ति आर्जन गर्न पल्केका मालिकहरुको चर्को श्रम शोषणले आक्रान्त उनीहरुको अवस्थाप्रति यहाँको स्थानीय सरकार र राजनीतिक पार्टीका नेता, कार्यहरु भने बेसरोकार रहेका छन्।

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १८२ मा बालश्रमको निकृष्ट पक्षलाई निर्मूल गर्नमा प्रभावकारी कदम उठाउने र त्यसलाई निषेध गर्ने भन्ने प्रतिबद्धता यहाँका बालश्रमिकका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात भएको छ।

सिक्साको अभियान

स्थापना कालदेखि नै अधिकारमुखी अभियानमा निरन्तर लागेको इन्सेक आबद्ध संस्था सामाजिक सचेतनाका लागि सूचना केन्द्र (सिक्सा) ले जोखिमपूर्ण अवस्थामा रहेका इँटा भट्टाका बालश्रमिकलाई सार्थक शिक्षाको माध्यमबाट निकृष्ट प्रकारको श्रमबाट मुक्त गराउने र आत्मनिर्भर बन्नका लागि सीप प्रदान गर्ने उद्देश्यका साथ युनिसेफसँग साझेदारी गरेर ०५९ फागुनदेखि "बालश्रम विरुद्ध अनौपचारिक शिक्षा र संरक्षण कार्यक्रम" संचालन गर्दै आएको छ।

पकली गाविस अन्तर्गत पूजा, वावा, नारायण, ओम र शुभकामना, भादगाउँ सिनवारी गाविसको ज्योति, पशुपति, हाँसपोसा गाविसका प्रभू, डुम्राहा गाविसको भवानी र इनरुवा नगरपालिकाको माता लक्ष्मी इँट्टा भट्टा गरेर १० भट्टाका २ सय ५० बालबालिकामा कार्यक्रम संचालन गरेको छ।

प्रत्येक भट्टामा एक-एक केन्द्र स्थापना गरेर प्रति केन्द्र २५ जना बालबालिकालाई प्रतिदिन दुईघण्टा पढाउने कामका लागि १ जना सहजकर्ता, २ जना कक्षा परिचालक र १ जना कार्यक्रम संयोजकको व्यवस्था गरेको कुरा सिक्साका अध्यक्ष ईश्वरचन्द्र ढुंगेलले बताउनु भयो। कार्यक्रम संयोजक रमेश भट्टराईका अनुसार, लेख्न पढ्न जान्ने भएपछि उनीहरुलाई आधारभूत शिक्षा प्रदान गरी जोखिमपूर्ण बालश्रममा सुधार ल्याउने र जीविकोपार्जन गर्न सहयोग पुऱ्याउने हेतुले सीपमूलक तालिम दिने जसका कारण सीप सिकेर आफ्नो जीविकोपार्जन गर्न उनीहरु सक्षम हुनुका साथै आफ्नो अधिकारप्रति सचेत रहने विश्वास समेत संयोजक भट्टराईको रहेको छ।

के भन्छन् बालश्रमिकहरु ?

"हामीलाई अहिलेसम्म हाम्रो दुःखको बारेमा कसैले सोधेका थिएनन् तर सिक्साका सरहरुले गर्दा पढ्न पनि पाइयो, खेलकूदका सामान पनि भएकाले खेल्न पनि पाइयो, बिरामी हुँदा उपचार पनि छ, काम पनि छ। हामीले अब केही गर्न सक्ने छौं भन्ने लागेको छ।" नारायण इँट्टा भट्टामा कार्यरत श्रमिक उषा चौधरी।

बाबा इँट्टा भट्टाकी शीला चौधरी भन्छिन्- "विरामी हुँदा उपचार, खेल्ने सामाग्री सबैथोक दिएको छ। कहिले कहिले काम गर्ने ठाउँमा मीना र उजेली फिल्म पनि हेर्न दिन्छन्। त्यसैले हामीलाई सिक्साले सँधै सहयोग गरे हुने थियो।" ज्योति भट्टाका पशुपति चौधरी भन्छन्- "क, ख पनि जानेको थिएन, रातदिन काम मात्रै गर्नु पर्थ्यो तर अहिले किताब पढ्न लेख्न जान्ने भएका छौं।" त्यस्तै भवानी भट्टाकी श्यामवती चौधरीका अनुसार लेख्न पढ्न नजान्ने मालिकले पनि ठग्ने काम गर्ने दाईहरुले जिस्काउने समस्याबाट उनीहरुले केही राहत पाएका छन्।

यसैगरी शुभकामना भट्टाकी ललीता चौधरी भन्छिन्- "हामीले लेखपढ पनि गर्न जानेका थिएनौं, अब हामी पढ्न जान्ने भए पछि आफैले काम गरेर खान सक्ने बनाउन सीप सिकाउने अरे। पैसा पनि कमाएकाले बाबु आमा पनि खुशी भएका छन्।"

कार्यक्रममा सहयोग गर्नु हुने युनिसेफ फिल्ड अफिस विराटनगरका प्रज्वल बज्राचार्यका अनुसार यो कार्यक्रम नेपालमै पहिलो नमूना हुने लक्षणहरु अहिले नै देखिन थालेको छ। बालबालिकाको चौतर्फी विकासका लागि निरन्तर लागिरहेको यूनिसेफले जोखिममा रहेका र निकृष्ट प्रकारका श्रम गर्न बाध्य पारिएका बालबालिकालाई निरन्तर सक्दो सहयोग गर्नेछ।

यसरी युनिसेफ लगायत्का सामाजिक संघ/संस्थाले केही सकारात्मक कार्यको थाली गरे पनि यो पर्याप्त भने छैन तर, राज्यले प्रतिबद्धता जाहेर गरेर पनि भूमिहीन आदिवासी, गरिब र दलित समुदायका बालबालिकालाई सौतेनी व्यवहार गरेका कारण बाध्य छन्। कलिला मुनाहरु इँटा भट्टामा जोखिमपूर्ण श्रम गर्न, आफ्नो रगत र पसीनासँग सीमित पैसा साट्न र दैनिक गुजारा गर्न।

● राम कोइराला

राज्य र माओवादीद्वारा हालसम्म मारिएका बालबालिका

लिंग	राज्यद्वारा		माओवादीद्वारा	
	१५ वर्षसम्म	१६-१८ वर्षमुनि	१५ वर्षसम्म	१६-१८ वर्षमुनि
बालक	४४	५६	५१	४
बालिका	१८	३२	१८	२
जम्मा	६२	८८	६९	६

श्रोत : इन्सेक

सशस्त्र संघर्ष र यसले जन्माएको बालश्रम

– कविता अर्याल

बाल्यावस्था जीवनको सबैभन्दा महत्वपूर्ण अवस्था हो। मानिसको सम्पूर्ण व्यक्तित्व विकासको प्रक्रियामा बाल्यकालमा उसले बिताएका दिनहरु प्रतिबिम्वित भएका हुन्छन्। वयस्कमा गर्ने हरेक क्रियाकलापमा बाल्यकालका घटनाहरुको जरा बलियोसँग गाडिएर रहेको हुन्छ। विश्वमा भएका वा भइरहेका जुनसुकै मानवता विरोधी घटनाहरुलाई हेर्ने हो भने, हरेक घटनाबाट सबैभन्दा बढि पीडित बालबालिका नै भएको यथार्थ हाम्रो सामू छ। यस तथ्यबाट नेपाल पनि अछूतो रहन सकेको छैन। विगत आठ बर्षयता जनयुद्धको नाममा मुलुकमा भएको हत्याहिंसाको श्रृंखलाबाट नेपाली बालबालिका पनि पन्छिन सकेका छैनन्। यस कुरालाई बेलैमा होस गरेर प्रत्येक बालबालिकालाई हिंसात्मक वातावरणबाट मुक्त पार्नैपर्छ। उनीहरुको बाल्यकाल शान्तिमय वातावरणमा बिताउने अवस्थाको सृजना गर्नु हरेक वयस्कको दायित्व हो।

बालश्रम र सशस्त्र संघर्ष

जब कुनै पनि राष्ट्र युद्धको भुमरीमा रुमलिन थाल्छ, त्यस राष्ट्रको नागरिक र त्यसमा पनि बालबालिकाको अवस्था झनै जर्जर बन्दै जान थाल्छ। नेपालमा द्वन्द्वका कारण कैयौं बालबालिका मृत्युको शिकार भएका छन्, कैयौं बालबालिका संघर्षरत पक्षहरुको दोहोरो भिडन्तमा परि घाइते बन्न पुगेका छन् भने हजारौं बालबालिकाहरु आमाबाबु गुमाएर अनाथ भएका छन्। यसैगरी प्रतिपक्षको डरका कारण अविभावकसँगै गाउँ छाडेर विस्थापित जीवन बिताइरहेका छन्- बालबालिकाहरु। आमाबाबु गुमाई अनाथ बन्न पुगेकाहरु, अपाङ्ग र विस्थापित परिवारका बालबालिकाहरु आफ्नो जीवन यापनको लागि विद्यालय जाने उमेरमा काम गर्न वाध्य भएका छन्। जसको परिणामस्वरुप नेपालमा आउंदा दिनहरुमा बालश्रमिकहरुको संख्या झनै बढ्दै र यस्तो समस्या अझ विकराल बन्दै जाने अनुमान गर्न सकिन्छ। नेपालमा हालसम्म भएका घटनाहरुको प्रकृति र पीडित पक्षसँग भएको कुराकानीका आधारमा, हिंसात्मक घटनाहरुमा बालबालिकाको विविध रुपमा प्रयोग भएको पाइन्छ। यसरी द्वन्द्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले बालबालिकाको प्रयोग गरिनुलाई अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले निकृष्ट प्रकारका बालश्रमअन्तर्गत राखेको छ। युनिसेफको एक तथाङ्कअनुसार विश्वमा अहिले भइरहेका ३० वटा द्वन्द्वमा १८ बर्ष मुनिका ३ लाख बालबालिका प्रयोग गरिएका छन्।

सशस्त्र द्वन्द्वको अवस्थामा प्रयोग हुने बालश्रमको प्रकृति

- लडाकु
- भरिया
- सन्देशवाहक
- भान्छे आदि।

माथि उल्लेखित कार्यबाहेक केहीलाई यौन क्रियाकलापका लागि समेत प्रयोग गर्ने गरिन्छ। यसरी प्रयोग गरिएका बालबालिकाहरुमध्ये कसैलाई वाध्यात्मक रुपले लगाइएको हुन्छ भने कोही गरीबी र कोही विभेदको शिकार भएका कारण यस्ता क्रियाकलापमा संलग्न भएका हुन्छन्। कतिपय भने आफूमाथि वा आफ्नो परिवारको कुनै सदस्यमाथि भएको हिंसाका कारण प्रतिहिंसामा संलग्न भएका हुन्छन्।

बालबालिकालाई सशस्त्र द्वन्द्वबाट जोगाउने सयन्त्रहरु र प्रावधानहरु

बालबलिकालाई सशस्त्र द्वन्द्वबाट जोगाउनका लागि बालअधिकार महासन्धिको धारा ३८ मा भनिएको छ "बालबालिकाहरुको सम्बन्धमा लागू हुने मानवीय कानुनको आदेश गर्न लगाउने राज्यहरुको दायित्व हुनेछ।" यसैगरी उल्लेख गरिएको छ- "१५ वर्षमुनिका कुनै पनि बालबालिकालाई झैझगडामा भाग लिन लगाउने छैन, अर्थात् सशस्त्र सेनामा भर्ती गराउन पाइने छैन र सशस्त्र संघर्षबाट प्रभावित सम्पूर्ण बालबालिकाहरुले संरक्षण र स्याहारबाट लाभान्वित हुन पाउनु पर्नेछ।" यसैगरी धारा ३९ मा भनिएको छ, "सशस्त्र संघर्ष, हेला, दुर्व्यवहार र शोषणबाट उत्पीडित बालबालिकालाई आफ्नो पुनर्लाभ र सामाजिक पुनर्एकिकरणका लागि उपयुक्त सहयोग दिलाउने राज्यको दायित्व हुनेछ।" यसबाहेक बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्र २०००, मा भनिएको छ, "राज्यले १८ बर्ष नपुगेका बालबालिकालाई सशस्त्र संघर्षमा प्रयोग हुन नदिन हरसम्भव प्रयास गर्नुपर्नेछ। गैरराज्य पक्षले १८ बर्षमुनिका बालबालिकाहरुलाई कुनै हालतमा पनि सशस्त्र सेनामा भर्ना र लडाईंमा प्रयोग गर्ने छैनन्।"

यसैगरी निकृष्ट प्रकारको

बालश्रम सम्बन्धी आईएलओ महासन्धि १८२ अनुसार, "सशस्त्र संघर्षमा बालबालिकाको प्रयोग एक निकृष्ट प्रकारको बालश्रम हो। यसको प्रतिबन्ध र उन्मूलनका लागि तत्काल र प्रभावकारी उपायहरु अपनाउनु पर्नेछ।" द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानुनका रुपमा रहेका जेनेभा महासन्धि १९४९ मा भनिएको छ- "लड्न नसक्ने अवस्थामा पुगेकाहरु अथवा लडाईमा भाग नलिनेहरुप्रति कुनै प्रतिकूल भेद हुनेगरी अमानवीय व्यवहार गरिने छैन। जीवन तथा व्यक्तिका विरुद्ध हिंसा, बन्धक बनाउने व्यक्तिको सम्मानमाथि गम्भीर चोट पुऱ्याउने खालका कार्यहरु गर्न निषेधित छन्। घाइते र विरामीहरुको संकलन र हेरविचार गरिनेछ।" जेनेभा महासन्धिकै युद्धको समयमा गैरसैनिक नागरिकहरुको मुलभूत सुरक्षा तथा प्रशासन सम्बन्धबारे चौथो जेनेभा महासन्धिमा भनिएको छ, "बालबालिकाहरु विशेषाधिकारका पात्र हुनु पर्दछ। १५ वर्ष मुनिका बालबालिकाहरुलाई युद्धमा प्रत्यक्षरुपमा भाग लिनवाट रोक्नको निम्ति सबै किसिमको उपाय अवलम्बन गरिनुपर्दछ। टुहुरा भएका बालबालिकाहरुको लागि विशेष व्यवस्था गरिनुपर्छ। यदि उनीहरु गिरफ्तारीमा परेका छन् भने छुट्टै व्यवस्था गरिनुपर्दछ।" जेनेभा महासन्धिकै घाइते र बिरामीहरुको स्वास्थ्योपचार र हेरचाहसम्बन्धी व्यवस्था अनुसार, "सबै किसिमका व्यक्तिहरु विशेष गरि बिरामी र घाइतेको सम्मान, संरक्षण र हेरविचार गरिनेछ। उनीहरुको जीवन लिने वा उनीहरुमाथि हिंसा गर्ने खालका कुनै पनि प्रयत्नहरु कडाइका साथ निषेध गरिनेछन्, खासगरी उनीहरुलाई मारिने वा निमिट्यान्न पारिने छैन।" जेनेभा महासन्धिकै गैर अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरुको संरक्षणसम्बन्धी सन् १९७७ को अतिरिक्त सन्धिपत्रमा भनिएको छ, "सबै व्यक्तिहरु, जो लडाईमा प्रत्यक्षरुपमा भाग लिदैनन्, उनीहरुको प्रतिकूल हुनेगरी वा कुनै भेदभाव विना सबै अवस्थाहरुमा मानवीय व्यवहार गर्नुपर्छ। त्यस्ता व्यक्तिको जीवनमाथि हिंसा सामुहिक दण्ड, बन्धक गर्ने आतंककारी कार्यहरु, व्यक्तिगत सम्मानमाथि गम्भीर चोट पुग्ने कार्य र लुटपाट गर्न पूर्णतया निषेध गरिएको छ।

बालबालिकाहरुलाई आवश्यक पर्ने हेरविचार र सहयोग उपलब्ध गराइनेछ, अस्थायी रुपमा छुट्टिएका परिवारहरुको पुनर्मिलन सम्भव तुल्याउन उपयुक्त सबै कदमहरु चालिनेछन्। १५ वर्ष नपुगेका बालबालिकाहरुलाई सशस्त्र सेना वा समूहहरुमा भर्ती नगरिने तथा द्वन्द्वमा भाग लिन अनुमति दिइने छैन। द्वन्द्व भइरहेको स्थानबाट बालबालिकालाई सुरक्षित क्षेत्रमा लगिनेछ र उनीहरुको सुरक्षा र कल्याणका लागि जिम्मेवार व्यक्तिहरु साथै रहने निश्चित गरिनेछ।" तर, बालअधिकार सम्बन्धी यी व्यवस्थाहरु व्यवहारमा भने रुपान्तरित भएको देखिंदैन। हाम्रो देशको अवस्था पनि त्यस्तै छ ।

सशस्त्र संघर्ष र बालबालिका

युनिसेफका अनुसार विश्वमा गत दश बर्षे अवधिमा द्वन्द्वका कारण २ करोड बालबालिकाहरु द्वन्द्वका कारण विस्थापित जीवन बिताउन वाध्य भएका छन्। करिब २० लाख बालबालिकाहरु प्रत्यक्षरुपमा मृत्युको शिकार भएका छन्। कम्तिमा पनि ६० लाख बालबालिकाहरु कहिल्यै निको नहुनेगरी अपांग भएका छन्। १० लाख भन्दा बढी बालबालिकाहरु अनाथ वा आफ्ना परिवारबाट विछोडिएका छन्। प्रत्येक बर्ष ८ हजारदेखि १० हजारसम्म बालबलिकाहरुको मृत्यु बारुदी सुरुङ्ग पड्किनाले हुन्छ।

निष्कर्ष

सशस्त्र द्वन्द्व वास्तवमा सबैको लागि पीडादायक हुन्छ। त्यसमा पनि बालबालिकाहरु भनेको शारिरिक तथा मानसिक रुपमा अपरिपक्व हुने हुँदा द्वन्द्वको सबैभन्दा बढी असर बालबालिकामाथि नै पर्दछ। भावनात्मक तथा मनोवैज्ञानिक पिडादायी घटनाहरु, जस्तै: आफ्ना आमाबाबु तथा नजिकको नातेदारको हिंसात्मक मृत्यु, पारिवारिक विचलन, आफ्नै आँखा अगाडि आफूले माया गरेको मान्छेको मृत्यु वा यातना, नियमित गइरहेको विद्यालयबाट विछोड, आफ्नो घर तथा समुदायबाट विछोड जस्ता कुराबाट पीडित भएका बालबालिकाहरु आफ्नो बाँच्ने आधार नभएकै कारण विभिन्न खाले श्रम गर्दै रुमल्लिएका छन्। तसर्थ, द्वन्द्वका कारणले राष्ट्रका संवाहक, भविष्य मानिने बालबालिकाहरुले भोग्नु परेको समस्यालाई मध्यनजर गर्दै, प्रत्येक बालबालिकाको सुरक्षितरुपले बाँच्न पाउने अधिकार सुनिश्चित गरि बालबालिकाको लागि सशस्त्र संघर्षको अवस्थामा विभिन्न अन्तराष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनहरुमा भएका प्रावधानहरु लागू गर्न सबै पक्ष- सरकार, माओवादी र नागरिक समाज लाग्नु परेको छ। बालबालिकामाथि हुने दुर्व्यवहार, यौन शोषण र यातना दिने पिडकहरुलाई कानुनी कारवाही गरिनु पर्दछ। बालबालिकाको शिक्षा तथा संरक्षणको व्यवस्था गरि विद्यालय तथा खेल्ने स्थानलाई शान्ति क्षेत्रको रुपमा घोषणा गर्नु पर्दछ। सरकार र माओवादीबीच हुने वार्ताको प्रमुख एजेण्डाको रुपमा बालबालिकालाई राखिनु पर्दछ।

हिंसाभित्र हुर्किएका हाम्रा सन्ततिहरू

हाम्रो देशका बालबालिका सदियौंदेखि विभिन्न किसिमका अधिकारहरुबाट वञ्चित छन्। हिंसापीडित, बालश्रम, बाँधाश्रम, सडक बालबालिका, भरिया, घरेलु मजदुर जस्ता जेसुकै समस्याहरु प्रस्तुत गरे पनि समस्या प्रस्तुत गरे पनि समस्या बालअधिकारको प्रश्न हो, बालबालिकाको अधिकारसँग जोडिएर बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको विपरीत हो। अनि यो भन्दा पनि बढी, एउटा बालक जो उसको जन्मपश्चात् नै सास्वत मानवअधिकारको हकदार हुन्छ, त्यसको पनि चरम उल्लंघन हो।

प्रसंग हाम्रो देशका बालबालिकाले भोगिरहेका धेरै समस्याहरुमध्ये विगत सात वर्षदेखि माओवादी जनयुद्धका कारणले बालबालिकामा पारेको सामाजिक, साँस्कृतिक र मनोवैज्ञानिक असरहरुको बारेमा सामान्य विश्लेषण मात्र हो। माओवादी हिंसा शुरु भएयताका विगत वर्षमा त्यतिसारो प्रसंगमा नआएको यो विषय हालका दिनमा आएर देशका अधिकांश मानवअधिकार संस्थाहरु, दातृ निकायहरुको चासो र चर्चाको विषय बन्न पुगेको छ भने हिंसाले बालबालिकामाथि पारेको प्रभावका बारेमा समेत केही अध्ययन, अनुसन्धान र कार्यक्रमहरु समेत संचालन हुन लागेको स्थिति छ। यद्यपि, कतिपय मानवअधिकार संस्थाहरुले माओवादी जनयुद्ध शुरु भएदेखि नै यसले बालबालिकामा पारेको र पार्नसक्ने असरहरुलाई मध्यनजर गरी सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गर्दै आएका थिए।

मुख्य मुद्दाहरु

– प्रकाश भट्टराई

(क) शिक्षा, सैन्य तालिम शिविर, हड्ताल र बन्द : द्वन्द्वले असर पारेको एउटा महत्वपूर्ण क्षेत्र शिक्षा क्षेत्र हो। द्वन्द्व प्रभावित क्षेत्रको शैक्षिक स्थितिलाई मूल्यांकन गर्ने हो भने, यो अत्यन्त दयनीय अवस्थामा रहेको छ। सैन्य तालिम शिविर, आमसभा र द्वन्द्वसँग सम्बन्धित अन्य विभिन्न क्रियाकलापहरुका लागि विद्यालय हातालाई छनौट गरिएको छ। सन् २००२ मा मात्र विद्यालयसँग सम्बन्धित ३१ वटा उल्लेख्य घटना माओवादीका तर्फबाट भएका थिए। त्यतिमात्र होइन, बारम्बार हुने गरेका नेपाल बन्द, हडताल जस्ता कार्यक्रमहरुले पनि देशव्यापी रुपमा शैक्षिक क्षेत्रलाई असर पारेको छ। फेरि,

समय-सन्दर्भ

बालबालिकाहरुलाई जबर्जस्ती विद्यालय पोशाकसँगै विभिन्न आमसभा, जुलुस तथा र्‍यालीहरुमा सहभागी गराउने परिपाटी पनि त्यत्तिकै देखिएको छ।

(ख) स्वास्थ्य : द्वन्द्वले प्रभाव पारेको अर्को महत्वपूर्ण असर स्वास्थ्य सेवाको उपलब्धतामा हो। शहरी क्षेत्रमा उपलब्ध स्वास्थ्य सेवाहरु सर्वसाधारण जनताका लागि आर्थिक रुपले निकै महंगो भएको छ। भने देशका सबै ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारी नीति समय-समयमा भइरहने द्वन्द्वका कारणले पूर्णतः प्रभावित छ। झाडापखाला, निमोनिया, पोलियो जस्ता सामान्य उपचारात्मक रोगहरुबाट समेत बालबालिकाहरु वञ्चित भएको स्थिति छ। माओवादीहरुद्वारा औषधीहरु लुटिने डरले सरकारले हिंसा प्रभावित क्षेत्रमा औषधीहरुको वितरणमा रोक लगाएको स्थिति एकातर्फ विद्यमान छ भने अर्कोतर्फ विद्यमान स्वास्थ्य चौकीहरुमाथि हुने माओवादी आक्रमणहरु, स्वास्थ्यकर्मीहरुको अनुपलब्धताका कारणले देखिएको कमजोर स्वास्थ्य सेवाका कारणले पार्ने प्रभाव पनि त्यत्तिकै जटिल बन्दै गइरहेको स्थिति छ। सन् २००२ मा मात्र माओवादीले २३ वटा स्वास्थ्य केन्द्र भत्काएका थिए। एकपटक सोचौं- आजको समयमा समेत स्वास्थ्य उपचारको अभावमा हुर्किरहेका बालबालिकाहरुबाट स्वस्थ जनशक्तिको आशा कसरी गर्ने ?

(ग) विस्थापन र बालश्रम : वर्तमान हिंसाले निम्त्याएको अर्को विकराल समस्या विस्थापन पनि हो। विद्यालय बन्द छन्, पढ्ने वातावरण छैन। पारिवारिक सदस्यहरु या त सशस्त्र द्वन्द्वमा संलग्न भएर मृत्यु भएका छन् या भूमिगत भएका छन् अथवा फरक राजनीतिक आस्था बोकेका कारणले घर छोडेर हिँड्न वाध्य छन्। गाउँमा बस्न सक्ने स्थिति छैन। अनि रोजीरोटीको प्रबन्ध पनि छैन। हामी आफै सोचौं- अब त्यो बालक/बालिका वा किशोर/किशोरीले के गरोस् ? या माओवादी जनमिलिसियामा भर्ती हुनुपर्‍यो अथवा विस्थापित भएर हिँड्नु पर्‍यो। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००३ अनुसार आन्तरिक द्वन्द्वका कारण १४ हजार ७ सय भन्दा बढी व्यक्ति विस्थापित भए, जसमध्ये बालबालिकाहरुको संख्या निकै छ।

अहिलेसम्म विस्थापित भएर

सदरमुकाम, अन्य शहरहरु र भारतका विभिन्न ठाउँमा जान वाध्य मानिसहरुमध्ये बालबालिकाहरुको संख्या करिब ७ हजार भएको अनुमान गरिएको छ। केही हुने-खानेका छोराछोरीहरु त बाबुआमासँगै बसेका होलान्, पढेका होलान् तर अधिकांशको स्थिति त्यस्तो छैन। विस्थापनका कारणले जिविकोपार्जनका लागि घरेलु कामदार, बाल श्रमिक, बाल भरियाका रुपमा काम गर्ने धेरै बालबालिकाहरु वाध्य छन्। अब हामी मनन गरौं- बाबुआमा गुमाएर, छुट्टिएर, बाल श्रमिकको रुपमा तल्लो स्तरको काम गर्न वाध्य यिनीहरुसँग देशले के आशा गर्ने?

(घ) बालसैन्यको प्रयोग : माओवादीहरुको हिंसात्मक आन्दोलन शुरु भएपश्चात्को अर्को चर्चित र संवेदनशील प्रसँग, बालसैन्यको प्रयोग पनि हो। सशस्त्र लडाकुका रुपमा, सुराकी, भरियालगायत्का अन्य विभिन्न गतिविधिहरुमा माओवादीहरुले उपयोग गरिरहेका १८ वर्षमुनिका बालबालिकाहरु कूल छापामार तथा सहयोगीहरुमध्ये करिब ३० प्रतिशत रहेको अनुमान विभिन्न संस्थाहरुको सर्भेक्षणले देखिएको छ। माओवादीद्वारा भइरहेको यस किसिमको बालबालिकाको प्रयोग खासगरी जबर्जस्ती रुपमा अपहरण गरेर, प्रलोभनमा पारेर तथा माओवादी प्रभावित क्षेत्रभित्र विगतमा विभिन्न सैन्य भर्ती नीति (एक परिवार एक व्यक्ति) का आधारमा गरिएको पाइन्छ। अपवादको रुपमा केही बालबालिकाहरुको माओवादी आन्दोलनमा भएको संलग्नतालाई छोडेर सारांशमा हेर्नुपर्दा, यो समस्या एउटा जटिल समस्या मात्र होइन, अन्तर्राष्ट्रिय बालअधिकार कानुनहरुको विपरीत, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा जेनेभा महासन्धिको समेत विरुद्धमा देखिन्छ। एकैछिन विचार गरौं- बन्दुके संस्कृतिभित्र हुर्किएको एउटा बालक, जसले क्रान्तिका नाममा सबै कुरालाई बिर्सिएर मर्न र मार्नका लागि तयार हुन्छ, यदि भोलि देशमा शान्ति स्थापना भइहाल्यो भने पनि उसको भविष्य केका लागि ?

(ङ) सामाजिक सम्बन्ध : अभिभावकहरुसँग छुट्टिनुको पीडा, विस्थापित हुनुको पीडा, विभिन्न किसिमका हिंसा-प्रतिहिंसामा घाइते हुनुको पीडा तथा सामाजिक रितिरिवाज संस्कृतिसँग अलग्गिनुको पीडा भोगिरहेका आजका हाम्रा बालबालिकाहरुले भोलि समाजभित्र घुलमिल हुनुपर्दा कस्तो किसिमको सम्बन्ध कायम गर्ने हुन्, त्यो सोचनीय विषय रहेको छ। यी बालबालिकाहरुले भोलि समाजमा कस्तो योगदान दिने हुन्, समाजभित्रका विभिन्न वर्ग समुदायसँग गर्ने व्यवहार कस्तो हुने हो, त्यो अझ मननयोग्य विषय हो। सामाजिक दायित्ववोध गर्ने विषयमा यिनीहरु सही निर्णय लिनसक्ने किसिमको कुनै पनि स्थिति देखा परेको छैन। तसर्थ, हाम्रो समाजको भविष्यको संरचनामा प्रश्न उठाउने ठाउँहरु प्रशस्त छन्, यसका बारेमा सोच्नु जरुरी छ।

(च) संचारको प्रभाव : आमसंचारका माध्यमहरुमा मुख्य घटनाको रुपमा हत्या, हिंसा र विध्वंसका घटनाहरुको प्रत्यक्ष दृश्यावलोकन गरिरहेका, सुनिरहेका बालबालिकाहरुले देश, जनताप्रति गर्ने मूल्यांकन र त्यसभित्रबाट उनीहरुले निकाल्ने निष्कर्षका बारेमा हामी सचेत छौं कि छैनौं ? संचार माध्यमले यस्ता किसिमका घटनाहरुको प्रवाह गर्दा कसैलाई साहसी र कसैलाई कायर बनाएर परिभाषित गरेको त छैन ? यस्ता किसिमका सूचनाहरुको प्रभावले बाल मानसिकतामा कस्तो छाप छोड्ला ? संचार माध्यमहरुबाट प्रशारण गरिने सूचनाहरुलाई बालबालिकाले सकारात्मक रुपमा ग्रहण गर्ने किसिमको बनाउनु आवश्यक छ।

केही तथ्यहरु

- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांकअनुसार माओवादी जनयुद्धका क्रममा सरकार र माओवादीका कारण १५ वर्ष मुनिका १३१ तथा १६ देखि १८ वर्षमुनिका ९४ जना बालबालिकाको ज्यान गइसकेको छ। नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन) को तथ्यांकअनुसार, विभिन्न किसिमका हिंसा-प्रतिहिंसाका घटनाहरुमा करिब ५०० जना गम्भीर रुपमा घाइते भएका, २००० बालबालिकाहरु दुहुरा भएका र करिब ४००० जना विस्थापित भएको देखाइएको छ।
- इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९६ का अनुसार माओवादी जनयुद्ध दबाउने क्रममा सरकारी पक्षबाट मारिनेहरुमध्ये सबैभन्दा पहिलो व्यक्ति गोरखाका बालक १२ वर्षीय दिलबहादुर रम्तेल हुन्।
- इन्सेकको अभिलेख अनुसार, गत ०५९ कार्तिक १६ गते वर्दिया जिल्लाको भिम्मापुर गाविस-४ दुर्गानगरका १४ वर्षीय स्कूले विद्यार्थी राजु थारुलाई माओवादीहरुको एक समूहले, सुरक्षाकर्मीलाई बाटो देखाएको आरोपमा अपहरण गरी उनका आँखामा पट्टी बाँधेर पाता कसी स्थानीय बुढी खोलाको पुलमा लगेर धारिलो हतियारले घाँटी गिँडेका थिए।

अन्तर्राष्ट्रिय मानवअधिकार तथा बालअधिकार कानुनहरुको गम्भीर उल्लंघन

माथि प्रस्तुत केही महत्वपूर्ण मुद्दाहरुको बारेमा केही विचार विमर्श गर्ने हो भने, हाल नेपालमा विद्यमान हिंसा-प्रतिहिंसा र विध्वंसका घटनाहरुले

नेपालले समेत अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार सम्झौताहरुको गम्भीर उल्लंघन भएको देखिन्छ। सरकार र माओवादी दुवै पक्ष बालअधिकार हनन गर्न जिम्मेवार छन्।

बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा ९ ले व्यवस्था गरेको "बालबालिकालाई उसको बाबुआमाबाट उसको इच्छाविपरीत छुट्याउन पाइने छैन" भन्ने मान्यताको गम्भीर उल्लंघन भएको छ। त्यसैगरी सोही महासन्धिको धारा ३७ मा व्यवस्था गरिएको, बालबालिकालाई सशस्त्र द्वन्द्वबाट हुने घटनाहरुबाट जोगाउनका लागि राज्य पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्नुपर्ने मान्यताको समेत गम्भीर उल्लंघन भएको छ। अर्कातर्फ यसले सशस्त्र द्वन्द्वबाट हुने घटनाहरुबाट घाइते तथा अंगभंग भएका बालबालिकाहरुको उचित उपचार तथा तिनीहरुको सामाजिक पुनर्मिलनका लागि पहल गर्नुपर्ने कुराको समेत गम्भीर उल्लंघन भएको छ।

त्यसैगरी आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तमा उल्लेख भएबमोजिम सशस्त्र द्वन्द्वको समयमा हुने गरेका विस्थापनहरुका कारणले बाँच्न पाउने अधिकारको हनन, मर्यादा, स्वतन्त्रता र तिनीहरुको सुरक्षाको स्थितिलाई नकारात्मक प्रभाव हुनु हुँदैन भन्ने मान्यताको गम्भीर उल्लंघन भएको छ। सोही निर्देशक सिद्धान्तको सिद्धान्त २३ मा उल्लेख गरिएको विस्थापित बालबालिकाहरुलाई प्राथमिक तहसम्मको शिक्षाको निःशुल्क व्यवस्था गरिनुपर्ने व्यवस्थाको समेत व्यापक उल्लंघन भएको देखिन्छ।

यसैगरी अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बालअधिकार कानुनहरु, आईएलओ महासन्धि १८२, बालबालिका सम्बन्धी ऐन २०४८, बालअधिकार सम्बन्धी महासन्धिका अन्य ऐच्छिक प्रलेख विशेष गरी सशस्त्र द्वन्द्वमा बालबालिकाहरुको प्रयोगलाई नियन्त्रण गर्ने सम्बन्धी महासन्धिको राज्य र माओवादी पक्षले व्यापक उल्लंघन गरिरहेको स्थिति हामी सामू विद्यमान छ।

हामीले गर्नैपर्ने कार्यहरु

- शैक्षिक संस्थाहरुमाथि राजनीतिक ढंगले अभिप्रेरित भएर गरिने सबै किसिमका हस्तक्षेपहरु बन्द गर्न हाम्रो सकारात्मक पहल हुनु जरुरी छ।
- द्वन्द्व पीडित बालबालिकाहरुका लागि तुरुन्त राहत र पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनु आवश्यक छ।
- मनोपरामर्शको आवश्यकता छ।
- बालबालिकाहरुका लागि सामाजिक पुनर्मिलनको आवश्यकता छ।
- विस्थापित भएकै कारणले निकृष्ट किसिमको बालश्रम तथा घरेलु कामदारको रुपमा काम गर्न वाध्य बालबालिकाहरुको गास, बास, कपास तथा शिक्षा, स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गराउन हरेक विकास क्षेत्रहरुमा अस्थायी शिविरहरुको स्थापना गर्नु जरुरी छ।
- बालबालिकामाथि द्वन्द्वले पारिरहेको नकारात्मक प्रभावहरुको बारेमा गम्भीरतापूर्वक सोच्ने र मनन गर्ने बानी बसाल्नु पर्दछ।
- वर्तमान हिंसाका कारणले, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरुको गम्भीर उल्लंघन भइरहेको वर्तमान परिप्रेक्ष्यमा राज्य पक्ष र माओवादी पक्षलाई यसकाबारेमा सचेत हुनका लागि दबाब सृजना गर्नुपर्ने आवश्यकता समेत देखिएको छ।

अन्त्यमा भन्नुपर्दा, बालबालिकाका कुराहरु सुनौं। दिगो शान्तिको कुरा गरिरहेको बेला, वास्तवमा स्वयम् बालबालिकाहरुले चाहेको दिगो शान्ति कस्तो किसिमको शान्ति हो ? बालबालिकाले दिगो शान्तिको स्थापनाका लागि कस्तो किसिमको भूमिका निर्वाह गर्न सक्छन् ? त्यसका बारेमा पनि हामीले सोच्नुपर्ने हो कि ?

- बालसैन्य प्रयोगका विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय अभियान (Coalition to Stop the Use of Child Soldiers) को तथ्यांक अनुसार, कूल माओवादी लडाकुहरुमध्ये ३० प्रतिशत बालबालिकाहरु रहेको अनुमान गरिएको छ, यद्यपि तथ्य कुरा स्वयम् माओवादीहरुबाट आउनु जरुरी छ।

केही मान्यताहरु

- कसले सोच्ने हाम्रा नानीहरुको भविष्यका बारेमा ?
- कसले रोक्ने/नियन्त्रण गर्ने हिंसात्मक गतिविधिहरुमा बालबालिकाहरुको संलग्नतालाई ?
- सामाजिक पुनर्स्थापना वा पुनर्मिलनका कार्यक्रमहरुलाई शान्ति प्रक्रियासँगसँगै अगाडि लाने कि, शान्ति वार्ताको समाप्तिसँगै शुरु गर्ने ?
- द्वन्द्वले बालबालिकामाथि परेका धेरै किसिमका प्रभावहरुमध्ये महत्वपूर्ण असरहरुलाई कम गर्न, अहिलेबाटै गर्नुपर्ने कामहरुको प्राथमिकीकरण गर्नु आवश्यक छ कि छैन ?
- नागरिक समाजको भूमिका के ?

बाल अधिकार सम्बन्धी महासन्धि र नेपाल

– रञ्जना थापा

नेपालमा ०४६ सालको जनआन्दोलनपश्चात् अन्तरिम सरकारको समयमा विभिन्न अन्तर्राष्ट्रिय कानुनहरुको अनुमोदन भयो। त्यसरी अनुमोदन गर्नाले नेपालले अन्तर्राष्ट्रिय जगतमा परिचय पाउनुको साथसाथै नेपालले विभिन्न अवसर र मौकाहरु प्राप्त गऱ्यो।

संयुक्त राष्ट्र संघले जारी गरेका धेरै अन्तर्राष्ट्रिय कानुनहरुमध्ये बाल अधिकार सम्बन्धी महासन्धि विशेषत: बालबालिकाहरुको अधिकार, हित, हक र सरोकारको लागि जारी गरिएको हो। नेपालले पनि यस महासन्धिलाई ०४६ सालको नयाँ व्यवस्थापश्चात् अनुमोदन गरेको हो। यस लेखमा वस्तुत: बालअधिकार सम्बन्धी महासन्धिमा के कस्ता प्रावधानहरु छन् भन्नेतर्फ नगइकन राज्यले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (कानुन) अनुमोदन गरिसकेपछि पूरा गर्नुपर्ने दायित्वमा बढी केन्द्रित रहनेछ। त्यसअन्तर्गत पनि राज्यको संयुक्त राष्ट्र संघको बालअधिकार समितिमा प्रतिवेदन पठाउनु पर्ने दायित्वको विषय, अहिलेसम्म नेपालले संयुक्त राष्ट्र संघमा पठाएका प्रतिवेदनहरुको सारांशमा चित्रण गरिनेछ।

राष्ट्रिय दायित्व

नेपाल सन्धि ऐन २०४८ को दफा ९ अनुसार कुनै पनि अन्तर्राष्ट्रिय कानुन वा सन्धि कानुनत: अनुमोदन गरेपश्चात् उक्त सन्धि वा अन्तर्राष्ट्रिय कानुन स्वत: राष्ट्रिय कानुनसरह लागू हुन्छ। र, उक्त कानुनसँग बाझिएका अन्य कानुनहरु स्वत: बदर वा अमान्य हुन्छन्। यसदेखि बाहेक राज्यले बाल अधिकार सम्बन्धी महासन्धि अनुमोदन गरेपछि निम्न तरिकाले उक्त सन्धिको राष्ट्रिय रुपमा कार्यान्वयनको लागि पहल गर्नु पर्दछ। जसमध्ये व्यवस्थापिकाले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको राष्ट्रिय रुपमा कार्यान्वयन हुने गरी नीतिहरुको निर्माण गर्नु, प्रतिनिधिसभाद्वारा यस सन्धि अन्तर्गत बनेका अन्य कानुन वा सन्धिहरुको अनुमोदन, सम्मिलन गर्नु, त्यस्ता कानुन वा सन्धिलाई प्रभावकारी रुपमा लागू गर्ने, गराउनका लागि आवश्यक नयाँ ऐन, नियमहरुको निर्माण गर्नु, न्यायपालिकाले सन्धिजनित दायित्व पूरा गर्ने, गराउने गरी अदालती निर्णय गर्दा वा फैसला गर्दा त्यस्ता अधिकारका प्रावधानहरु लागू गराउनु, श्री ५ को सरकारले अनुमोदन गरेका सन्धि र कानुनहरु उचित एवम् प्रभावकारी रुपले राष्ट्रिय स्तरमा लागू गराउन केन्द्रविन्दू (Focal Point) तोकी उक्त केन्द्रलाई नै सम्पूर्ण रुपमा सन्धिजनित प्रावधानहरुको

अधिकार अनुगमन

कार्यान्वयनको लागि जिम्मेवारी तोकिने र सबैभन्दा महत्वपूर्ण राज्यको कार्यकारिणी अंगले उक्त सन्धि राष्ट्रिय स्तरमा पूर्ण रुपमा लागू भए, नभएको हेर्ने जिम्मेवारी लिनुका साथै बाल अधिकार सन्धिको प्रभावकारी एवम् पूर्णरुपमा कार्यान्वयन भए/नभएको हेर्ने जिम्मेवारी पर्दछ।

अन्तर्राष्ट्रिय दायित्व

राज्यले सन्धि अनुमोदन गरिसकेपछि राष्ट्रिय स्तरमा पूरा गर्नुपर्ने दायित्व एकातिर छ भने अर्कोतिर त्यत्तिकै महत्वपूर्ण रुपमा पूरा गर्नुपर्ने दायित्व अन्तर्राष्ट्रिय जगतमा पनि पर्दछ। सो अन्तर्गत राज्यले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन अनुमोदन गरेको प्रत्येक पाँच वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि हेर्ने बाल अधिकार सम्बन्धी समितिमा पेश गर्नुपर्ने हुन्छ। त्यसरी संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी समितिमा पठाइने आवधिक प्रतिवेदनले राष्ट्रमा बाल अधिकारको स्थिति कस्तो छ, अधिकारहरु सम्पूर्ण बालबालिकाहरुले प्राप्त गरेका छन् वा छैनन्, सन्धि राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न, गराउन अपनाइएका तथा अवलम्बन गरिएका पहलहरु, संयन्त्रहरु के-के हुन्, प्रशासन, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको योगदान के-कति रहेको छ, भन्ने कुराहरु विस्तृत रुपमा खुलाउनुपर्ने हुनछ। प्रतिवेदनमा केवल सकारात्मक कुराहरु मात्र वर्णन, व्याख्या नगरी देशको स्थिति, सन्धि लागू गर्न, गराउन नसक्नुका कारणहरु, चुनौतिहरु, अप्ठ्यारा एवम् व्यवधानहरु र आवश्यक पर्ने सहयोग, संयन्त्रको बारेमा पनि खुलाएर प्रतिवेदन पठाउनु पर्ने हुन्छ।

प्रतिवेदन बाल अधिकार सम्बन्धी समितिमा पेश गरिसकेपछि समितिका पदाधिकारीहरु (बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ४३ (२) अनुसार त्यस्ता समितिमा दश जना विषेशज्ञहरु रहन्छन्) द्वारा उक्त प्रतिवेदन माथि अध्ययन, छलफल हुने गर्दछ र सरकारलाई प्रतिवेदनमा आधारित रहेर विभिन्न प्रश्नहरु सोध्ने गर्दछन्। त्यसरी सोधिएको प्रंश्नले पक्ष राष्ट्रले कति मात्रामा बाल अधिकार सम्बन्धी महासन्धिको प्रभावकारी रुपमा लागू, कार्यान्वयन भएको छ भन्ने कुराको जिरह गर्न मद्दत पुऱ्याउँदछ। यी सबै प्रक्रिया पूरा भइसकेपछि समितिले राज्यलाई सुधार भएका कुराहरु, सुधार गरिनुपर्ने कुराहरु खुलाई सम्बन्धित राज्यलाई सुझावहरु पठाउने गर्दछ र राज्यले पनि ती सुझावहरुलाई आत्मसात गर्नुपर्ने हुन्छ।

नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरेपश्चात् राष्ट्रिय स्तरमा चालेका केही सकारात्मक कार्यहरु

नेपालले १४ सेप्टेम्बर १९९० मा

बाल अधिकार सम्बन्धी महासन्धि अनुमोदन गरेको हो भने उक्त सन्धि सन् १९९० अक्टोवर १४ देखि लागू भएको हो। यस सन्धिको कार्यान्वयन, अवलम्बन राष्ट्रिय स्तरमा पूर्ण रुपमा लागू नभए पनि केही उदाहरणीय कार्यहरु भने भएका छन्। बालबालिका सम्बन्धी ऐन २०४८, बालबालिका सम्बन्धी नियमावली २०५१, बालश्रम (निषेधित र नियमित गर्ने) ऐन २०५६ जस्ता ऐन, कानुनहरु बालबालिकाहरुको हकहितको संरक्षण, सम्बर्द्धन र प्रत्याभूति गर्नका लागि बनेका छन्। यी ऐन, नियमहरु बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको प्रावधानहरु र भावना अनुरुप निर्माण भएका छन्। त्यस्तैगरी बालबालिकाहरु सम्बन्धी अध्ययन अनुसन्धान, संचेतना बृद्धि, बाल बचावट, संरक्षण, विकास र सहभागिता सम्बन्धी कार्य एवम् उपलब्धीहरु भएका छन्। त्यस्तैगरी दशौं पञ्चवर्षीय योजनामा बालबालिकाहरुका विषयमा नीति तथा कार्यक्रमहरुको तर्जुमा गरिनु र बालबालिकामा उनीहरुसँग सम्बन्धित सरोकारका विषयहरुमा उनीहरुलाई नै सहभागी बनाई हरेक कामहरु गर्ने परिपाटीको शुरुवात भइरहेको छ।

बाल अधिकार सम्बन्धी सन्धि अनुमोदन गरेपश्चात् राज्यले पूरा गनुपर्ने अन्तर्राष्ट्रिय दायित्व अन्तर्गत नेपालले हालसम्म प्रारम्भिक प्रतिवेदन र त्यसपछि पहिलो तथा दोश्रो आवधिक प्रतिवेदन बाल अधिकार सम्बन्धी समितिमा पठाइसकेको छ। नेपालले शुरु प्रारम्भिक प्रतिवेदन ३ वर्ष ढिलो गरी मे १९९५ मा बुझाएको थियो भने पहिलो र दोश्रो आवधिक प्रतिवेदन क्रमश: सन् २००० र २००३ मा पठायो।

नेपालले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी समितिमा पेश गरेको प्रारम्भिक प्रतिवेदनको सारांश

नेपालले संयुक्त राष्ट्र संघका विभिन्न सन्धिजनित समितिमा पेश गरेका प्रतिवेदनहरुको तुलना गर्दा बाल अधिकार सम्बन्धी सन्धिको प्रारम्भिक प्रतिवेदन धेरै अर्थले राम्रो रहेको छ। यस प्रतिवेदनको तयारी गर्दा बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको सहभागिता थियो। यस प्रतिवेदनमा राज्यले गरेका सकारात्मक थालनी एवम् कार्यहरुको वर्णन गरिएको छ, जुन निम्नानुसार छन्:

- बालबालिका सम्बन्धी ऐन १९९२ को निर्माण
- बाल विकासको लागि राष्ट्रिय कार्य योजनाको निर्माण
- आठौं पञ्चवर्षीय योजनामा गरिएका व्यवस्थाहरु
- बालबालिकाहरुको सार्कस्तरीय सम्मेलन
- बालबालिकाहरुको लागि विश्व भेलाहरु आदि।

यी उल्लेखित सम्मेलनमा बालबालिकाहरुसँग सम्बन्धित कार्य एवम् योजना अनि विषयहरुको उल्लेख प्रतिवेदनमा गरिएको छ। त्यसैगरी विद्यमान स्थितिमा बालबालिकाहरुको विषय एवम् सरोकारलाई समन्वय तथा अनुगमन गर्ने संयन्त्रहरुको विषय पनि उक्त प्रतिवेदनमा खुलाइएको छ। जसअनुसार, राष्ट्रिय महिला तथा बाल विकास परिषदको स्थापना, राष्ट्रिय योजना आयोगमा बाल तथा महिला विकास शाखाको स्थापना, गैरसरकारी संघ-संस्था एवम् अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको योगदानको उल्लेख समेत उक्त प्रतिवेदनमा गरिएको छ।

बाल अधिकार सम्बन्धी समितिमा पेश गरिएको यस प्रारम्भिक प्रतिवेदनको निर्माण प्रत्येक धाराले तोकेका प्रावधान र ती प्रावधानहरुको अवलम्बन एवम् कार्यान्वयनको लागि श्री ५ को सरकारको तर्फबाट चालिएका कदमहरुको यथासम्भव तथ्य खुलाएर निर्माण गरिएको छ। एवंरितले उक्त प्रतिवेदनमा सरकारले महासन्धि अवलम्बन गर्नका लागि आइपरेका चुनौति एवम् कठिनाईहरुको समेत उल्लेख गरिएको छ। जसअनुसार, बालबालिकाबीचको भेदभाव अद्यावधि रहिरहेको, बालबालिकाहरुको जीवनको अधिकार, बचावट र विकासमा अवरोध कायमै रहेको, तराई तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरु राष्ट्रियताबाट वञ्चित रहेका, बालबालिकाहरुको अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गर्ने कुनै कानुन नभएको, बलात्कारको शिकार भएका बालबालिकाहरुको तस्वीर पत्रपत्रिकामा छापिनु लगायत् अभिभावकको हस्तक्षेपकारी निर्णयमा बालबालिकाहरु चल्नुपर्ने, विभिन्न समस्याले पिरोलिएका बालबालिकाहरु वाध्यतापूर्वक आफ्नो घर, वासस्थान छोड्नुपर्ने जस्ता स्थिति, बालबालिकाहरुको अधिकारको उचित एवम् प्रभावकारी कार्यान्वयन हुन नसकेका सवालहरु प्रतिवेदनमा खुलाइएको छ।

संयुक्त राष्ट्र संघमा ३ वर्ष ढिला गरि पठाइएको प्रारम्भिक प्रतिवेदनको सम्बन्धमा संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले थप स्पष्टताका लागि ५० वटा प्रश्नहरु सोधेर पठाएको थियो। सो को जवाफसहित सन् १९९६ मा श्री ५ को सरकारले पूरक प्रतिवेदन पठायो। यसरी प्राप्त जवाफहरुको विषयमा छलफल र जानकारी भई नेपाल सरकारले आवश्यक कार्ययोजनाको निर्माण गरेता पनि उक्त कार्य योजनाले कहिल्यै पनि मूर्त रुप लिन भने सकेन।

निष्कर्ष

नेपालमा अन्य अन्तर्राष्ट्रिय महासन्धिहरुको कार्यान्वयन र अवलम्बनको तुलनामा बाल अधिकार सम्बन्धी महासन्धिको कार्यान्वयन केही सन्तोषजनक नै देखिएको छ। बाल अधिकारका अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरुलाई अदालतले समेत प्रगतिशील रुपमा व्याख्या गरेको पाइन्छ। तथापि वर्तमान परिस्थितिमा बालबालिकाहरु युद्धको नकारात्मक परिणामबाट ग्रस्त भएको अवस्थामा राज्यले उनीहरुको शिक्षा, स्वास्थ्य, शारीरिक/बौद्धिक विकास लगायत्का अन्य अधिकारहरुको प्रत्याभूतिका लागि सशक्त रुपमा पहलकदमी गर्नु जरुरी छ भने अन्तर्राष्ट्रिय स्तरमा यथासमय तथ्यपरक प्रतिवेदन बुझाएर अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नुपर्ने हुन्छ।

●

(नोट : प्रथम तथा दोस्रो आवधिक प्रतिवेदन सम्बन्धमा आगामी प्राचीमा चर्चा गरिनेछ।)

कविता

बच्चाको बारेमा

- गोरख पाण्डेय

बच्चाहरुका लागि खोलिए
थुपै स्कूलहरु

धेरै-धेरै किताब बाँडिए
बच्चाहरुलाई।

बच्चा ठूला भए
जहाँ थिए त्यहाँबाट
उठे बच्चाहरु।

बच्चाहरुमध्ये
केही हाकिम भए
केही भए नेता र दलाल।

बच्चामध्ये केहीले
ढुंगा कुटे सडकको पेटीमा,
जुते भाँडा माझे,
फोहर सफा गरे,
थप्पड खाए,
माटोको मोलमा
बिक्री भए बजारमा।

बच्चामध्ये केहीले
बनाए ठूला योजना
बच्चाहरुकै लागि।

लेखे कविता,
खोले स्कूल,
बाँडे किताब
बच्चाहरुकै लागि।

- हिन्दीबाट अनु. बन्धु

लघुकथा

इस्कूल

- सुधीर यादव

रुखको फेदमा बस्दै ठूलीचाहींले भनी "गोबर पनि पाइन्न। भर दिन भौंतारिँदा पनि आधा छिटा (टोकरी) गोबर जम्मा गर्न आपत् छ। बिहान आमा भन्दै थिइन्- भएको गुइँठाले साउन काट्न पनि मुस्किल छ। भदवरिया (भदौ) मा के गर्ने हो?

"हिजो त मैले एक पैली (अञ्जुली) पनि भेटिन" अर्कीले भनी। बाउले एक लपटा दियो, "खेलेर बसिस् होला अनि कहाँ पाइन्छ ? गोबर आएर तेरो टोकरीमा बसिदिन्छ?" हिजो त केही खेल्नै पाइएन नि। स्कुलछेउको बगैंचामा केही भेटिन्छ कि भनेर गएको त रित्तो हात। छुट्टि भएपछि इस्कुलियाहरु (स्कूल जाने बच्चाहरु) खेलेको हेरेर बसें। साँझ परिहाल्यो। घरमा पुगेपछि त बाबु रिसाएर बम्बम्।

"बुधनी तेरो कुरा मलाई खूब मन पर्छ", ठूलीले भनी "तँलाई इस्कुलिया देख्दा अब आफू पनि इस्कूल जाउँ-जाउँ जस्तो लाग्दैन ?"

"ए, मलाई पढ्न आउँदैन भन्ठानेकी ? आउँछ त। क, ख, ग, घ, ङ गुरुजी चितङ। बुधनीको हाँसोमा ठूलीले पनि साथ दिई।

कस्तो गर्मी भयो। जाउँ पोखरीम एक डुबुल्की लगाउँ - ठूलीको आग्रह बुधनीले स्वीकार गरी। नाक समातेर दुई, तीनपल्ट पोखरीमा आफूलाई डुबाएर फर्कंदा बुधनीले सोधी "तैले साबुनले नुहाएकी छस् कहिल्यै ? लुगा धुने साबुन होइन, गमकौआ (बासना आउने) साबुनले।"

"छैन। तैंले नि ?"

"उहुँ, हाम्रो साबुन त गोबर र माटो न हो। सुँघी हेर त मेरो कपाल गोबरजस्तै बास्ना आउँछ। गोबरको टोकरी टाउकोमा बोकेर होला।"

ठूली झर्की "बढ्ता पटर पटर गर्छेस्। गोबरको चिन्ता छैन तँलाई ? भरे गाली खानुपर्छ फेरि?"

आकाशतिर हेर्दै बुधनीले भनी "भगवानले बेला-बेलामा गोबर बर्षाइदिए पनि कति आनन्द हुने थियो। गोबरको लागि भरदिन भौंतारिनु त पर्दैनथियो। गोबर नै किन चाहिन्थ्यो नि ? भातै वर्षाइदिए हुन्थ्यो। मेरो दिमागमा त गोबर-गोबर छ जस्तो लाग्छ।"

उसको कुरा सुनेर ठूली हाँसिन। "बिहानदेखि साँझसम्म गोबरकै चिन्ता छ। ऊ, त्यहाँ हेर त बुधनी, टेक्टर आउँदैछ। कसैले नयाँ टेक्टर ल्यायो जस्तो छ। टेक्टरको आवाज मलाई मन पर्दैन- भटर, भटर गर्छ। टोलै थर्किन्छ।"

टेक्टरले कति चाँडो खेत जोत्छ हगि ? बुधनीले भनी "विघा-विघा खेत एकै छिंनमा समापत्। दशवटा बैलगाडाको लोट एउटा टेक्टरले गर्छ। त्यही भएर धनीका गिरहथले मालजाल (वस्तुभाउ) पाल्न छाडेर टेक्टर किनेका होलान्। गोरुको त कामै छैन।"

किन काम छैन ? ठूलीले जवाफ दिई "हामीले केको गोबर बटुल्ने ? घरमा भात केले पकाउने, सन्ठीले ? आजकल भैंसी पाल्न छाडिसके। विकासी गाई पोस्छन्। विकासी गाईलाई चराउँदैनन्। दूध, गोबर घरको घरै।"

बुधनीले आकाशतिर फर्केर हात जोड्दै भनी "हे परभु, सब टेक्टरलाई भसम् गरिदेऊ।"

ठूली हाँस्न खोजी तर सकिन।

दक्षिण एशियामा बालश्रम र शिक्षाको अधिकार

आवश्यकता Vs. अधिकार ?



राष्ट्रिय विकासमा सफलता प्राप्त गर्नका लागि बालअधिकारका दुई महत्वपूर्ण सवालहरु - बालश्रम र शिक्षामा बालबालिकाको अधिकार अन्तर्राष्ट्रिय सरोकारका विषय बनेका छन्। संयुक्त राष्ट्र संघीय विभिन्न अनुबन्ध/महासन्धिहरुको तुलनामा बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (CRC) मा हस्ताक्षर गर्ने राष्ट्रहरुको दर बढी छ। यो तथ्यले बालश्रम र बालबालिकाको शिक्षाको अधिकार तथा यसको महत्वका बारेमा विश्वव्यापी सचेतनता बढेको पुष्टि हुन्छ।

दक्षिण एशियाली सन्दर्भमा बालश्रमको सवाल गरीबीको परिणामस्वरुप व्यक्त पीडाको रुपमा व्यापक छ। कतिपय विपन्न परिवारका लागि बालबालिकाको शारीरिक श्रम र योगदान उनीहरुका आधारभूत आवश्यकता परिपूर्ति गर्न पारिवारिक अर्थव्यवस्थामा महत्वपूर्ण योगदानको रुपमा देखिएको पाइन्छ। दक्षिण एशिया विश्वमै सबैभन्दा बढी बाल श्रमिकहरु भएको क्षेत्र हो। त्यतिमात्र होइन, यही क्षेत्रको अर्को ठूलो विशेषता पनि छ - विद्यालय नजाने बालबालिकाको सबैभन्दा ठूलो संख्या पनि यही क्षेत्रमा पाइन्छ। परम्परागत विद्यालय प्रणालीबाट बाहिर रहेका बालबालिकाहरुको आवश्यकतालाई सम्बोधन गर्न यो क्षेत्रमा विभिन्न प्रकारका शैक्षिक ढाँचाहरु पनि विकास गरिएका छन्।

यस्ता विभिन्न जल्दाबल्दा पक्षहरुबारे प्रस्तुत पुस्तकमा चर्चा गरिएको छ। इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडिज, ससेक्स विश्वविद्यालय, बेलायतकी प्राध्यापक नैला कवीर, जाकिर हुसेन सेन्टर फर एजुकेशनल स्टडिज, जवाहरलाल नेहरु विश्वविद्यालय, नयाँदिल्ली भारतकी सहप्राध्यापक गीथा बी. नम्बिस्सान र इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडिज, ससेक्स विश्वविद्यालय, बेलायतकी फेलो रम्या सब्रमनीयनद्वारा संयुक्त रुपमा सम्पादित प्रस्तुत पुस्तकमा बालश्रम र बालबालिकाको शिक्षाको अधिकारसम्बन्धी विभिन्न पक्षहरुको विश्लेषण गरिएको छ।

पुस्तकमा बालबालिकाको शिक्षाको अधिकार र परिवारको आर्थिक आवश्यकताबीचको द्वन्द्वको प्रकृति के हो र यीमध्ये कुनचाहीँ सरोकारलाई प्राथमिकता दिइनु पर्दछ ? यसप्रकारको "आवश्यकता Vs. अधिकार" को द्वन्द्वमा राज्यको दायित्व के हो? बालबालिकालाई विद्यालय र काम दुवैबाट वञ्चित गर्न सामाजिक विभेद (जाति र जेन्डरका आधारमा) र साँस्कृतिक बहिष्कार (जनजातीय र धार्मिक स्तर) द्वारा के भूमिका निर्वाह गरिएको छ? विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय व्यापार सन्धिहरुको परिप्रेक्ष्यमा बालश्रमको स्थान के हो ? दक्षिण एशियामा र खासगरी यहाँका गरिबतम परिवारहरुमाझ बालापनको अर्थ र अनुभव के हो ? भन्ने जस्ता विभिन्न प्रश्नबारे प्रस्तुत पुस्तकमा विवेचना गरिएको छ।

प्रस्तुत पुस्तक जुलाई १९९९ मा भारतको नयाँदिल्लीमा सम्पन्न "आवश्यकता Vs. अधिकार ? बालकेन्द्रित दृष्टिकोणबाट सामाजिक नीति" विषयक गोष्ठीको प्रतिफल हो अर्थात्, उक्त गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्रहरुलाई यसमा समेटिएको छ। पुस्तकका समाविष्ट लेखहरुलाई (क) बालबालिका, बालापन र बालश्रमसम्बन्धी वैकल्पिक दृष्टिकोणहरु, (ख) काम र विद्यालयको सामाजिक-आर्थिक सन्दर्भ, (ग) बालश्रम र शिक्षाका क्षेत्रमा समस्या सम्बोधनका लागि नीतिगत सन्दर्भ र (घ) शिक्षाको अधिकार कार्यान्वयन : सरकारी तथा गैरसरकारी हस्तक्षेप, गरी चार मुख्य विषयगत अध्यायमा वर्गीकरण गरिएको छ। पुस्तकमा विभिन्न शिर्षकका १६ वटा लेखहरु समाविष्ट छन्।

नीति निर्माता, विद्वत वर्ग, बालश्रमको क्षेत्रमा कार्यरत कार्यकर्ताहरु तथा औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने कार्यमा संलग्न व्यक्तिहरुलगायत्को योगदानसँगै यो पुस्तकले दक्षिण एशियामा बालश्रमसम्बन्धी समस्याका कारणहरु र समाधानका उपायसँग सम्बन्धित वृहद् दृष्टिकोणहरुलाई एक ठाउँमा ल्याउने जमर्को गरेको छ। विकास संस्थाहरु, गैरसरकारी संघ-संस्थाहरु, मानवअधिकार कार्यकर्ताहरुका साथै कानुन, समाजशास्त्र, अर्थशास्त्र, जनप्रशासन तथा विकास अध्ययनका विद्यार्थीहरुका लागि प्रस्तुत पुस्तक रुचीपूर्ण हुने अपेक्षा गरिएको छ।

प्रकाशक: सेज पब्लिकेशन्स इन्डिया प्रालि
पृष्ठ संख्या: ४१२
प्रकाशन स्थान: नयाँदिल्ली, भारत
प्रकाशन मिति: सन् २००३
मूल्य: रु. ५८४।- (नेपालमा)
आईएसबीएन: ०-७६१९-९६२५-७

संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)

संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) बालबालिका र बालअधिकारका क्षेत्रमा कार्यरत विश्वव्यापी संस्था हो। बालबालिकाको उज्ज्वल भविष्य निर्माणका क्षेत्रमा यो एउटा विश्वव्यापी अभियान पनि हो। बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षाको अधिकार पूरा गर्न, उनीहरुलाई आपतकालीन सेवा तथा संरक्षण प्रदान गर्न तथा शुद्ध खानेपानी र सरसफाईका क्षेत्रसँग सम्बन्धित अधिकारको वहालीका लागि युनिसेफ कार्यरत छ। यी लगायत् सुरक्षित मातृत्व, बाल सहभागिता तथा बालश्रम, बालसैन्य, यौन शोषणमा परेका बालबालिका आदिको संरक्षण युनिसेफका कार्यक्षेत्र हुन्। यस्ता कार्यका लागि युनिसेफले सरकारी निकाय, विभिन्न संघ-संस्था, बालबालिका, शिक्षक, महिला तथा युवा समूहहरुसँग हातेमालो गर्दछ। ७ हजारभन्दा बढी व्यक्तिहरु कार्यरत युनिसेफ हाल विश्वका १ सय ५८ राष्ट्रमा क्रियाशील छ।

युनिसेफको स्थापना ११ डिसेम्बर १९४६ मा भएको हो। युद्धपछिको युरोप र चीनका बालबालिकालाई आपत्कालीन सहायता प्रदान गर्ने उद्देश्यले यसको स्थापना गरिएको थियो। यसको नाम सन् १९४६ देखि १९५३ सम्म संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय आपत्कालीन बाल कोष थियो भने सन् १९५३ देखि परिवर्तन गरी संयुक्त राष्ट्र संघीय बाल कोष राखियो। युनिसेफ सन् १९५३ मा संयुक्त राष्ट्र संघीय प्रणालीको स्थायी अंग बन्न पुग्यो। युनिसेफको मुख्य कार्यालय अमेरिकाको न्यूयोर्कमा छ। विश्वभर यसका आठवटा क्षेत्रीय कार्यालय तथा १ सय २५ राष्ट्रिय कार्यालय छन्। यसबाहेक फ्लोरेन्स, कोपनहेगन, टोकियो र ब्रसेल्समा पनि केन्द्र, अपरेशन तथा कार्यालय छन्। त्यसैगरी युनिसेफको लक्ष्य प्राप्तिका कार्यहरु गर्न, चेतना जगाउन तथा कोष बृद्धिका लागि ३७ राष्ट्रिय समितिहरु छन्।

युनिसेफको वेबसाइट www.unicef.org हो। अंग्रेजीका अलावा स्पेनिस र फ्रान्सेली भाषामा समेत तयार पारिएको यो वेबसाइटको होमपेजमा



संसारका विभिन्न मुलुकमा भइरहेका विभिन्न घटनाहरु तथा विशेष गरी बालबालिकाहरुको सवालसम्बन्धी समाचारहरु समावेश गरिएको छ। त्यसैगरी विभिन्न मुलुकमा भए, गरिएका अध्ययन, अनुसन्धानका पछिल्ला प्रतिवेदनहरुलाई पनि वेबसाइटमा महत्वका साथ समावेश गरिएको छ। वेबसाइटमा युनिसेफको परिचय, इतिहास, यसको संस्थागत स्वरुप, विश्वका विभिन्न भागमा रहेका युनिसेफ कार्यालयहरुको भूमिका र सम्पर्क सूचना, युनिसेफको वार्षिक कार्यहरुका साथै यसका प्रकाशनहरु, अडियो/भिडियो सामग्रीहरु तथा पछिल्ला विशेष सामग्रीहरुका साथै संयुक्त राष्ट्र संघ र यसका विभिन्न निकायहरुको वेबलिंक पनि समाविष्ट छन्।

यो वेबसाइटमा राष्ट्रपिच्छेका विभिन्न सूचना तथा प्रतिवेदनहरु, युनिसेफले गर्ने कार्यहरु, त्यसको औचित्य, युनिसेफमा कार्यरत मानव संशाधन तथा सहयोगीहरु, युवाहरुको आवाज, युनिसेफलाई सहयोग र प्रेस केन्द्र शिर्षकका मुख्य वेबपेजहरु समावेश गरिएको छ। वेबसाइटमा युनिसेफका प्रेस विज्ञप्ति, यसका उच्च पदस्थ व्यक्तित्वहरु बारेको जानकारीका साथै युनिसेफका प्राथमिकताका क्षेत्रहरु जस्तै: बाल संरक्षण, बालिका शिक्षा, एचआईभी/एड्स, खोप, बालापन, किशोरावस्था, समुदाय तथा परिवार, संकटमा रहेका राष्ट्रहरु, लैंगिक समानता, स्वास्थ्य, पोषण, बाल बेचबिखन, नीति-विश्लेषण जस्ता विषयसामग्री पनि समेटिएको छ। त्यसैगरी यस्ता प्राथमिकताका क्षेत्रहरुसँग सम्बन्धित विभिन्न तथ्य, तथ्यांकहरु समावेश गरिएको छ।

युनिसेफका प्रकाशनहरुलाई विषय, क्षेत्र, शिर्षक, मिति अनुसार उल्लेख गर्नुका साथै तिनमा समेटिएको बिषयवस्तु र खरीद गर्दा अवलम्बन गर्नुपर्ने उपायबारे जानकारी प्रदान गरिएको छ भने पछिल्ला मुख्य-मुख्य प्रकाशनलाई महत्वका साथ उल्लेख गरिएको छ।

वेबसाइटमा विभिन्न देशमा भइरहेका बालबालिकालाई प्रभाव पार्ने खालका घटनाहरुबारे सूचना समावेश गरिएको छ। त्यसैगरी भौगोलिक तथा विकासका आधारमा वर्गीकृत राष्ट्रहरुको अवस्थाबारे विभिन्न तथ्य, तथ्यांक उल्लेख गरिएको छ। यी राष्ट्रहरुको सूचीलाई नामका आधारमा पनि वर्गीकरण गरिएको छ, जसबाट आफूलाई आवश्यक पर्ने राष्ट्रको बारेमा जानकारी हासिल गर्न सजिलो हुनजान्छ। ●

सामन्ती चिन्तन नहटेसम्म बालश्रमको अन्त्य हुँदैन

मुकुन्दराज कट्टेल चाइल्ड वर्कर्स इन एशियाका दक्षिण एशिया कार्यक्रम संयोजक हुनुहुन्छ । लामो समय इन्सेकमा कार्यरत कट्टेल पछिल्लो अवधिमा यसको निर्देशक पनि हुनुहुन्थ्यो । कामका सिलसिलामा केही समय अघि काठमाण्डौ आउनु भएको अवस्थामा बालश्रम सम्बन्धी विविध सवालमा उहाँसँग योगीश खरेलले गर्नु भएको कुराकानी प्रस्तुत छ ।

– गरीबीबाहेक बालश्रमका कारण के-के हुन् ?

गरीबीबाहेक बालश्रमका दुईवटा कारणहरु भेटिन्छन्। पहिलो, हाम्रो सामाजिक-साँस्कृतिक दृष्टिकोण। बच्चाले काम गरेको देख्दा हाम्रो समाजलाई अप्ठ्यारो लाग्दैन। अझसम्म पनि "तल्लो जात" का बच्चाहरु स्कूल जाने हैन, "ठूला-बडा" को काममा जाने गर्दछन्। रोजगारीका अवसर कम भएका कारण "तल्लो जात" का आमाबाबु बच्चाबच्चीलाई काममा पठाउन वाध्य छन्; "माथिल्लो जात" का सा'पहरुलाई बालबालिकाका कलिला हातहरु ओटिएको देख्दा मन प्रशन्न हुन्छ, मान-ईमान बढेको भान हुन्छ।

अर्को कारण हो- हाम्रो मानसिक चिन्तन, यो अघिल्लो प्रसँगसँगै सम्बन्धित छ। हामी श्रमलाई हेला गर्छौं। काम गर्नु नपर्दा सुख मिलेको अनुभूति गर्छौं, ठूलो भएको ढोङ गर्छौं। काम गर्दा हाम्रो जात जान्छ, मान घट्छ। त्यसैले आफ्नो खाना पकाउन, भाँडा संफा गर्न, कपडा सफा गर्न अर्काको बच्चा काममा राख्छौं।

घरमा काम गर्ने "केटो/केटी" राखेर सभ्य-शहरिया बनेको ठान्ने मानसिक गरीबी बालश्रमको मुख्य कारण हो- हाम्रो देशको सन्दर्भमा। र, यो सार्क सदस्य-राष्ट्रभर साझा प्रवृत्तिको रुपमा देखिन्छ।

– विश्वव्यापीकरण, उपभोक्तावादी सँस्कृति बालश्रम बृद्धिको कारण हुन सक्छ ?

विश्वव्यापीकरणले थोपरेको उपभोक्तावादी सँस्कृति अवश्य पनि बालश्रम बृद्धिको कारण हो, तर हाम्रो देश र सार्कको सन्दर्भमा महत्वपूर्ण होइन।

– संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिले बालबालिकाको उमेर १८ वर्ष निर्धारण गरेको छ भने नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ अनुसार १६ वर्ष नपुगेका व्यक्ति बालबालिका मानिन्छन् । हाम्रो ऐनमा संशोधन हुनु पर्छ ?

संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि (CRC) ले बालबालिकाको उमेर १८ वर्ष निर्धारण गरेको छ। बालबालिकाको शारीरिक, मानसिक र मनोवैज्ञानिक विकासक्रमको अध्ययनको आधारमा यो निर्धारण गरिएको हो। र, यो उमेर बालापनको अन्त्य र जवानीको शुरुवातको विश्वव्यापी मापदण्ड हो। यो मापदण्डका आधारमा व्यक्तिका सामाजिक तथा कानुनी जिम्मेवारीहरु तय हुन्छन्, श्रमका प्रकृतिहरु निर्धारण गरिन्छन्।

तर, हाम्रो देशको बालबालिका सम्बन्धी ऐन २०४८ ले बालबालिकाको उमेर १६ वर्ष निर्धारण गरेको छ। यो CRC को सिद्धान्त विपरीत छ, नेपालको बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत छ। बालबालिकाको शारीरिक, मानसिक र मनोवैज्ञानिक परिपक्वताको न्यूनतम मापदण्डभन्दा मुनि छ। तसर्थ, हाम्रो ऐनमा संशोधन जरुरी छ।

– बालबालिकालाई स्वास्थ्य, शिक्षा वा विकासमा हानी पुग्ने किसिमका काम गर्न/गराउन र आर्थिक शोषण हुनबाट जोगाउन संरक्षण गरिनु पर्दछ भनेर धारा ३२ (CRC) ले व्यवस्था गरेको छ । यस धाराले अप्रत्यक्ष रुपमा बालश्रम उन्मूलन हैन, न्यूनीकरण गर्न खोजेकोजस्तो आशय झल्किन्छ । यसबारे यहाँको दृष्टिकोण ?

बालअधिकार सम्बन्धी महासन्धि (CRC) को धारा ३२ ले बालश्रम उन्मूलनका लागि समय लाग्छ भन्ने व्यावहारिक पक्षलाई आत्मसात गरेको छ। यसको अर्थ उन्मूलन असम्भव हुन्छ

या बालबालिकाले काम गर्नु पर्दछ भन्ने होइन। यहाँ दोहोऱ्याउनु सान्दर्भिक हुन्छ- बालश्रम आर्थिक, सामाजिक, साँस्कृतिक र मानसिक अवस्थासँग सम्बन्धित छ। यो अवस्थामा परिवर्तन रातारात सम्भव छैन। त्यसैले बालश्रम उन्मूलन रातारात सम्भव छैन।

राष्ट्रहरुले कम्तिमा बालबालिकालाई जोखिमपूर्ण काममा फस्नबाट जोगाउन, निश्चित वर्षसम्म काममा नलगाउन, कामको अवस्था र निश्चित समय नियमित गर्न कानुन बनाउन र कानुन उल्लंघन गर्नेलाई दण्डको व्यवस्था गरुन् भन्ने अग्रह आपत्तिजनक ठान्दिन- म।

एकै शब्दमा भन्नुपर्दा, धारा ३२ बालश्रम न्यूनीकरणमा मात्र सीमित छ भनेर बुझ्न मिल्दैन। CRC को आशय र लक्ष्य बालबालिकाको समग्र हित र विकास हो, यस्तो विकास जुन बालबालिकाले चाहेजस्तो र रोजेजस्तो होस्।

– अनिवार्य शिक्षा लागू गर्न सकिएमा बालश्रम न्यूनीकरण वा उन्मूलनलाई कत्तिको मद्दत पुग्न सक्छ ?

अनिवार्य शिक्षा लागू गर्न सके विद्यालय नगएर काममा जाने विद्यालय जाने उमेरका बालबालिकाको संख्या घट्छ। तर, बालश्रम उन्मूलन नै होला भन्न सक्दिन। बालश्रमको ऐश-आराममा बाँचेको हाम्रो सामन्तवादी समाजले बालबालिकाको श्रमको दुरुपयोग अपराध हो भन्ने महसुस नगरेसम्म बालश्रम कायमै रहन्छ।

– केही पश्चिमी मुलुकले बालश्रम प्रयोग भएको उत्पादनलाई आयातमा प्रतिबन्ध गर्ने नीति बनाउनु उनीहरुको आर्थिक हितको कारणले हो वा बालअधिकारप्रतिको प्रतिबद्धता ? केही वर्षअघि नेपाली कार्पेटमा आयात बन्द गरिएको सन्दर्भ स्मरण गराउन चाहन्छु ।

यो विषयलाई दुई पक्षबाट हेर्नु पर्दछ। एउटा मुलुक सत्ता र जनताको समष्टि हो। पश्चिमी मुलुकका सत्ताधारीहरुले आयात गर्ने नीति बनाउनु उनीहरुको उद्योगको हितका लागि होला। तर, बालश्रम उपयोग भएको उत्पादनको उपयोग गर्नुहुन्न भनेर जनताले उठाएको आवाज बालश्रम अन्त्यका लागि उनीहरुको प्रतिबद्धता हो। र, यो साँच्चिकै प्रतिबद्धता हो।

कार्पेटको उपयोगमा कमी आएपछि कार्पेट उत्पादन गर्नेहरु बालश्रमको उपयोग गर्न निरुत्साहित हुन्छन् भन्ने सोचका साथ बालश्रमको उपयोगबाट निर्मित कार्पेट बहिष्कार गर्ने आन्दोलनमा सहभागी पश्चिमी मुलुकका जनता र नागरिक समाजलाई धन्यवाद दिनु पर्दछ। सत्ताधारीहरुले के सोचेका छन्, त्यसलाई त्यति महत्व नदिऊँ।

– बालश्रमको उपयोग सबैभन्दा बढी गैरऔद्योगिक एवम् असंगठित क्षेत्रमा भइरहेकाले यस्तो श्रम उन्मूलन वा न्यूनीकरण गर्न गैरसरकारी संस्था/क्षेत्रको कस्तो भूमिका हुनु पर्दछ ?

असंगठित क्षेत्रमा उपयोग भइरहेको बालश्रम अन्तर्गत असंगठित क्षेत्रमा चलिरहेका उद्योग-व्यवसायलाई संगठित गर्नुपर्दछ र कानुनी मूलधारमा ल्याउनु पर्दछ। व्यवसाय दर्ताका कुराहरु, कार्यस्थलको मापदण्ड आदि विषयहरुबारे निश्चित नीति, नियम र मापदण्डको निर्धारण हुनु पर्दछ।

र, यो काम गैरसरकारी संस्थाको दबाबमा मात्र अघि बढ्न सक्दछ। राजनीतिक नाफा खोज्ने पार्टीहरु र पार्टी सम्बद्ध जनवर्गीय संगठनहरुका लागि यो प्राथमिकताको विषय नहुन सक्छ। आर्थिक नाफामा केन्द्रित व्यापारिक समाज यसको विपक्षमा उभिन्छ/उभिएको छ। राजनीतिक र व्यापारिक समाज पुग्न नसक्ने/नचाहने यस्ता क्षेत्रमा गैरसरकारी संस्था नपुगे बालश्रम न्यूनीकरण या उन्मूलन सम्भव हुँदै हुन्न।

– एउटा प्रचार कसरी गरिन्छ भने, सन्तान बढी भएको कारणले बालबालिका श्रममा लाग्ने अवस्था सृजना हुन गएको हो । बालश्रम उन्मूलनका लागि परिवार नियोजनले सकारात्मक भूमिका खेल्न सक्ला ?

बालश्रम र बालबालिकाको संख्या प्रत्यक्ष रुपमा एक-अर्काका पूरक होइनन्। पाँचसय बालबालिका भएको ठाउँमा बालश्रमको दुरुपयोग हुन्न, यो पाँच लाख बालबालिका भएको समाजको मात्र हो भन्ने सोच गलत हो। अर्काको श्रममा आफ्नो खुशी खोज्ने सामन्ती चिन्तन नहटेसम्म बालश्रमको अन्त्य हुँदैन। बालश्रम संख्याको विषय होइन, यो बालबालिकाको मानवअधिकारको सवाल हो।

तपाईंले उठाउनु भएको "सीमित परिवार नियोजन" आफैमा बालश्रम न्यूनीकरणमा सकारात्मक होला भन्ने ठान्दिन। बरु, थोरै बालबालिकाले झन् धेरै भार खेप्नुपर्ने खतरा आउन सक्छ।

परिवार व्यवस्थित गर्ने, स्वस्थ परिवार निर्माण गर्ने, बालबालिकाको उचित देखभाल गर्ने सन्दर्भमा कुरा गर्दा, परिवार नियोजनको प्रसंग अत्यन्त सामयिक हुन्छ। बालश्रमको प्रसंगमा होइन, यसले वास्तविक मुद्दालाई छायाँमा पार्न सक्छ।

बालश्रम परिवार नियोजन नभएका कारण प्रचलनमा रहेको होइन।

●

का. जि. का. व. नं. २१/४९/५०

BY AIRMAIL

के तपाई

मानवअधिकारप्रति रुची राख्नुहुन्छ ?

मानवअधिकारका विविध सवालहरु समेटेर
तयार पारिएको
मानवअधिकार शिक्षा कार्यक्रम

हरेक शनिवार बिहान ८:३५ बजे
रेडियो नेपालबाट प्रशारण गरिन्छ ।

सुन्न नभुलौं ।

यो कार्यक्रम इन्टरनेट मार्फत् पनि
सुन्न सक्नुहुने छ ।

हाम्रो ठेगाना :
www.insec.org.np